लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
# नयाँ विमर्श
Naya Bimarsha Weekly

वर्ष १४, अंक २२, २०७७ पुस १० गते शुक्रबार (Dec. 25, 2020) मूल्य रु. १०।- मू.अ.क.नं.३०४९७३८१५ website: www.nayabimarsha.com, www.nayabimarsha.com.np, www.nayabimarsha/weeklynepal.com

## कांग्रेसले मेलमिलाप दिवस मनाउने

ललितपुर/ नेपाली कांग्रेसले राष्ट्रिय एकता तथा मेलमिलाप दिवसका कार्यक्रम देशव्यापी रुपमा मनाउने भएको छ। कांग्रेस केन्द्रीय कार्यसमितिको बैठकले पौष १६ गते राष्ट्रिय एकता तथा मेलमिलाप दिवसका कार्यक्रम देशव्यापी रुपमा मनाउन सबै जिल्ला कार्यसमितिहरुलाई निर्देशन पनि दिएको छ। कांग्रेसका संस्थापक नेता बी.पी.कोइराला निर्वासित जीवनपछि २०३३ साल पौष १६ गते नेपाल फर्कदा राष्ट्रिय एकता तथा मेलमिलाप भन्दै आएका कारण उक्त दिनलाई कांग्रेसले दिवसको रुपमा



(बाँकी अन्तिम पृष्ठमा)

# अदालत र निर्वाचन आयोगको निर्णयको पर्खाइ

## □ नेकपा विभाजित □ आधिकारिकतामा समस्या

काठमाडौं/ सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) औपचारिक फुटको संघारमा पुगेको छ। उक्त दलको एक अध्यक्ष एवम् प्रधानमन्त्रीका रुपमा रहेका खड्गप्रसाद शर्मा ओलीले पुष ५ गते प्रतिनिधिसभा विघटन गरेपछि नेकपाभित्रको विवाद दल विभाजनसम्म पुग्न लागेको हो। एकातिरको नेतृत्व ओली स्वयम्ले गरेका छन् भने अर्कातिरको नेतृत्व पुष्पकमल दाहाल, माधवकुमार नेपाल समूहले गरेको छ। दुवै समूहले पुष ७ गते छुट्टाछुट्टै स्थान र समयमा केन्द्रीय समितिको बैठक गरी एक अर्कालाई कारबाही गरेको निर्णय मात्र गरेनन् कि अर्का पक्षको भेलालाई अवैधानिक मान्दै आफ्नो पक्षको बैठकलाई वैधानिकता दिनका लागि निर्वाचन आयोगमा पुगेका छन्।

ओली समूहको भेलाले कार्यकारी अध्यक्ष पुष्पकमल दाहाललाई कारबाही गरेको छ भने दाहाल-नेपाल समूहले ओलीलाई अध्यक्षबाट हटाउने निर्णय गरी सो स्थानमा नेता माधवकुमार नेपाललाई अर्को अध्यक्षको रुपमा चयन गर्ने निर्णय पनि गरेको छ। त्यसैगरी केन्द्रीय समितिको दुई तिहाईभन्दा बढी सदस्यहरुको उपस्थितिमा भएको दाहाल-नेपाल पक्षको भेलाले संसदीय दलको नेतामा दाहाललाई चयन गर्नुपर्ने कुरालाई अघि बढाएको थियो। त्यसैले त्यसको भोलिपल्ट बसेको विघटित संसदका सांसदहरुको बैठकबाट दाहाललाई संसदीय दलको नेताको रुपमा चयन गरेको हो।






नेकपाको विवादका कारण अनौपचारिक रुपमा दलको विभाजन भएपछि आधिकारिकताका लागि दुवै पक्षले आ-आफ्नो तर्फबाट कसरत गरिरहेका छन्। दुवै पक्षले निर्वाचन आयोगमा आफ्नो पक्षको बैठक भेलालाई आधिकारिक मान्नुपर्ने दाबी गरी कागजहरु प्रमाणका रुपमा पेश गरेका छन्। आयोगले पनि प्राप्त कागजातहरुका आधारमा निर्णयमा पुग्ने बताएको छ। उसले पनि आधिकारिकताको सम्बन्धमा सोचेर, कानून हेरेर मात्र निर्णय गर्नुपर्ने भएकाले केही समय लाग्ने अवस्था छ।

उता, प्रतिनिधिसभाको विघटनको विषयलाई लिएर सर्वोच्च अदालतमा १२ वटा रिट निवेदनहरु दायर भएका छन्। ती सबै रिट निवेदनहरु संवैधानिक विषयसँग जोडिएका कारण संवैधानिक इजलासले हेर्ने भनी आज शुक्रवारका लागि सर्वोच्च अदालतले पेशी तोकेको छ। अदालती प्रक्रिया पूरा गर्नुपर्ने अवस्थामा यी रिट निवेदनहरुमाथि केही हप्ताको छलफल हुने तथा अदालतले उक्त विषयमा

(बाँकी अन्तिम पृष्ठमा)

## सर्वोच्च अदालततर्फ सबैको आँखा

भक्तपुर/ संसद विघटनको विरुद्ध सर्वोच्च अदालतमा परेका सबै रिटहरुको सुनुवाइ आज शुक्रबार हुने भएको छ। साधारणतर्फ दर्ता भएका रिट निवेदनहरुलाई पनि संवैधानिक इजलासमा सुनुवाइ गर्ने भनी प्रधानन्यायाधीश चोलेन्द्रसमशेर जबराले बुधबार तोकेका कारण आज सुनुवाइ हुने भएको हो। संसद विघटनविरुद्ध १२ रिट परेका छन्।

संवैधानिक इजलास पाँचजना न्यायाधीशहरुको संयुक्त इजलास हुने तथा उक्त इजलासको अध्यक्षता प्रधानन्यायाधीशले गर्ने संवैधानिक व्यवस्था छ। यसैगरी प्रधानन्यायाधीशको अध्यक्षतामा हुने इजलासका अन्य चारजना न्यायाधीशहरु पनि प्रधानन्यायाधीशले नै तोक्ने व्यवस्था भएकाले आजको सुनुवाइप्रति सबैको ध्यानाकर्षण भएको अवस्था छ। संवैधानिक इजलासको लागि सर्वोच्च अदालतमा तयार गरिएको रोष्टरमा न्यायाधीशहरु दीपक कार्की, विश्वम्भर श्रेष्ठ, ईश्वरप्रसाद खतिवडा, मीरा खड्का, हरिकृष्ण कार्की, आनन्दमोहन भट्टराई, अनिल सिन्हा, प्रकाशसिंह राउत र सपना प्रधान मल्ल रहेको अवस्था छ। यस्तो अवस्थामा प्रधानन्यायाधीशले यिनैमध्ये चारजना न्यायाधीश संवैधानिक

(बाँकी अन्तिम पृष्ठमा)

## झापामै ओलीलाई धक्का

चन्द्रगढी/ प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले आफ्नो समूहको केन्द्रीय सदस्यमा मनोनयन गरेका सदस्यहरुले नै उक्त मनोनयनलाई मान्यता नदिएका कारण ओलीलाई धक्का लाग्न थालेको छ। यसक्रममा ओलीको गृह जिल्ला झापाका दुई जनाले उक्त मनोनयन अस्वीकार गरेपछि ओलीलाई नैतिक संकट पनि थपिएको छ।

यसरी केन्द्रीय सदस्य पद अस्वीकार गर्नेमा प्रदेश १ की सामाजिक विकास राज्यमन्त्री जसमाया गजमेर र प्रदेश सभा सदस्य गोपालचन्द्र बुढाथोकी रहेका छन्। उनीहरूले दलविभाजनले जनतालाई ठेस पुगिरहेको अवस्थामा केन्द्रीय समितिमा बस्न आफूहरू बस्न नसक्ने भनी बताएको झापामा रहेका 'नयाँ विमर्श' का संवाददाताले उल्लेख गरेका छन्। राज्यमन्त्री गजमेरले सामाजिक सञ्जाल फेसबुकमा लेखेकी 'विश्वास र भरोसाका साथ अमूल्य मत दिएको पार्टी विभाजित हुँदा जनता रोइरहेको अवस्थामा प्राप्त केन्द्रीय कमिटि सदस्यको जिम्मेवारीलाई मैले स्वीकार गर्न सकिनँ।' भनी लेखेको हाम्रा संवाददाताले जनाएका छन्।

प्रदेश १ का प्रदेश सभा सदस्य गोपाल बुढाथोकीले कम्युनिष्ट आन्दोलन फुट विभाजनको तीतो इतिहास व्यहोरेर

(बाँकी अन्तिम पृष्ठमा)

# सभामुखको विज्ञप्ति विवादास्पद

काठमाडौं/ सभामुख अग्निप्रसाद सापकोटाले प्रतिनिधि सभा विघटन नभएको दाबी गरेको विज्ञप्ती प्रकाशन गरी आफूलाई विवादमा तानेका छन्। सापकोटाले बुधबार विज्ञप्ति जारी गरेर प्रतिनिधि सभा विघटन नभएको बताएका हुन्।

उनले 'संविधानको धारा ७६ मा प्रतिनिधि सभामा सरकार गठन गर्ने विकल्प रहँदासम्म प्रतिनिधि सभा विघटन नहुने स्पष्ट व्यवस्था गरिएको छ।' उल्लेख गर्दै 'नेपालको संविधानको धारा ९३ (१) बमोजिम यही २०७७ पुस १७ गतेभित्र संघीय संसदको सातौं अधिवेशन शुरु गर्न गृहकार्य भइरहँदा अप्रत्यासित रुपमा प्रतिनिधि सभामाथि अवरोध सृजना गरिएकोमा सिंगो प्रतिनिधि सभा र मलाई


संघीय संसद
प्रतिनिधि सभा
अग्निप्रसाद सापकोटा
सभामुख
प्रेस-वक्तव्य

मर्माहत बनाएको छ', भनेका छन्। 'यस सन्दर्भमा संविधानको फरक व्याख्या नहोस् र शक्ति पृथकीकरण, सन्तुलन र नियन्त्रण कायम राख्न सकियोस् भन्ने मान्यतासहित संविधानमा यस्तो व्यवस्था गरिएको हो', भनी सभामुख सापकोटाले भनेका छन्। उनको विज्ञप्तीमा 'विगतका विसंगतिपूर्ण अभ्यासलाई सच्याउँदै स्थिरता र यसमार्फत् समृद्धिको जनचाहनालाई सम्बोधन गर्न प्रतिनिधि सभाको पूर्ण कार्यकालको परिकल्पना गरिएको तथ्य यहाँ स्मरणीय छ', भन्दै 'सात दशकयताका बिभिन्न आन्दोलनको जगमा संविधान सभामार्फत् जनताका प्रतिनिधिले बनाएको संविधानको

(बाँकी अन्तिम पृष्ठमा)

## ओलीका मान्छे दाहाल र दाहालका ओलीतिर

काठमाडौं। नेपाल कम्युनिस्ट पार्टी एकीकरणको ३१ महिनापछि पुनः विभाजित भएका छन्। २०७५ जेठ ३ गते एकीकृत भएका पार्टी २०७७ पुस ५ गते विभाजन भएका छन्। पार्टी विभाजन भएसँगै पूर्वएमाले ओपी समूहका नेता पुष्पकमल दाहालतिर लागेका छन् भने दाहालका भनेर चिनिएकाहरु ओलीतिर लागेका छन्। नेकपाका तत्कालीन कार्यकारी अध्यक्ष पुष्पकमल दाहालको कोटाबाट गृहमन्त्री बनेका रामबहादुर थापा 'बादल' र उद्योग, वाणिज्य तथा आपूर्त मन्त्री लेखराज भट्ट ओली क्याम्पमा

(बाँकी अन्तिम पृष्ठमा)

## पाण्डे संसद्मा टेक्नै नपाई विदा

काठमाडौं। काँग्रेसको कोटामा सूर्यबहादुर केसीको निधनपछि समानुपातिक सांसद् बनेका स्याङ्जा-२ का मोहनप्रसाद पाण्डे संसद्मा टेक्नै नपाईकन निवर्तमान बन्न पुगेका छन्। आर्यखसको बन्दसूचीबाट समानुपातिक कोटामा सांसद्को सपथ ग्रहण गरेका पाण्डेलाई सभामुख अग्निप्रसाद सापकोटाले सपथ खुवाएको दुई हप्तामै प्रधानमन्त्री केपी शर्मा ओलीले संसद् विघटन गरी ताजा जनादेशका लागि मध्यावधि निर्वाचनको घोषणा गरेपछि पाण्डेको २६ महिना सांसद् बन्ने मौका गुम्न पुगेको छ। यसअघि स्याङ्जाकै राप्रपा नेता तोरणबहादुर गुरुङको पनि यस्तै हविगत भएको थियो।

सम्मानित सर्वोच्च अदालतमा संसद् पुनर्स्थापनासम्बन्धी विभिन्न एक दर्जन बढी रिटहरु परेका छन्। संसद् पुनर्स्थापना भए पाण्डे सांसद् बन्ने पुनर्स्थापना नभए सांसद् नबन्ने स्पष्ट छ। वि. सं. २०६४ सालमा स्याङ्जा ३ बाट काँग्रेसको सांसद् बनेका पाण्डे २०७० सालको निर्वाचनमा एमालेका मुक्ति पाठकसँग पराजित भएका थिए। २०७४ को निर्वाचनमा स्याङ्जा २ वटा क्षेत्रमा झरेपछि क्षेत्र नं. २ बाट काँग्रेस

(बाँकी अन्तिम पृष्ठमा)

## सूर्य चिन्हको लागि लडाइँ शुरु

ललिपुर/ सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को अनौपचारिक विभाजनसँगै चुनावचिन्ह सूर्यका लागि लडाइँ शुरु भएको छ।



पुष्पकमल दाहाल र माधवकुमार नेपाल पक्षले केन्द्रीय समितिका बहुमत सदस्य र संसदीय दलका सांसदको हस्ताक्षरसहित सूर्य चिन्ह माग गर्दै निर्वाचन आयोगमा पुगेपछि समस्या झाँगिएको हो।

नेकपाका स्थायी समिति सदस्य सुरेन्द्र पाण्डेले केन्द्रीय समितिमा बहुमत मात्र नभएर करिब दुई तिहाई सदस्य आफ्नो समूहको पक्षमा रहेकाले निर्वाचन आयोगमा पुगी आधिकारिकता दाबी गरिएको जानकारी दिएका छन्। राजनीतिक दल सम्बन्धी ऐन २०७३ को दफा ४४ को ६ मा व्यवस्था भए अनुसार राजनीतिक दलमा विवाद आएमा विवाद भएको एक महिनाभित्र बहुमत केन्द्रीय सदस्यको हस्ताक्षरसहित आयोगमा दाबी भए त्यस समूहलाई दलको चुनावचिन्ह

(बाँकी अन्तिम पृष्ठमा)

## बेलायती उडानमा प्रतिबन्ध

काठमाडौं। नेपाल सरकारले बेलायतबाट नेपाल आउने यात्रुको आगमनमा रोक लगाउने निर्णय गरेको छ। नेपाल नागरिक उड्डयन प्राधिकरणले नेपालमा उडान गरिरहेका सबै अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीलाई पत्र काट्दै यस्तो निर्देशन दिएको हो।

नेपाल सरकारको यो निर्णयका कारण बेलायतबाट कुनै पनि एयरलाइन्सले सिधा उडानबाट वा बेलायतको कुनै पनि विमानस्थलमा ट्रान्जिटमार्फत यात्रु ल्याउन पाउने छैनन्। यस्तो निर्णय बुधबार राति १२ बजेबाट लागू हुने भएको हो। बेलायतमा पछिल्लो समय देखिएको कोरोना भाइरसको नयाँ स्वरुप तथा समस्यालाई मध्यनजर गरी बेलायतबाट हुने उडानमा रोक लगाइएको हो। यो निर्णयसँगै नेपालबाट बेलायत जाने यात्रुको यात्रामा समेत रोक लगाइएको छ। बेलायतमा देखिएको कोरोना भाइरसको समस्याका कारण विश्वका ४० भन्दा बढी मुलुकहरुले बेलायती उडानलाई प्रतिबन्ध लगाउँदै आएका छन्। चीनबाट उत्पन्न भएको भनिएको कोरोना भाइरसको नयाँ स्वरुप बेलायतबाट विश्वभरी विस्तार हुन थालेको भनी बेलायतका उडानहरुलाई विभिन्न मुलुकले प्रतिबन्ध लगाउन थालेका हुन्।

## खानेपानी मन्त्रालयमा गोर्खालीहरु छपक्कै

काठमाडौं। खानेपानी मन्त्रालय यतिबेला नेतृत्वविहीन बन्न पुगेको छ। खानेपानी मन्त्री बिना मगरले राजीनामा दिएपछि मन्त्रालयको नेतृत्व सचिव माधव बेलबासेले गरेका छन्। तथापि केपी समयपछि मन्त्रालयले मन्त्री पाउने बताइएको छ। मेलम्ची खानेपानी आयोजना, खानेपानी तथा ढल निकास विभाग र आयोजना कार्यान्वयन निर्देशनालय (पिआइडी) जस्ता आकर्षक कार्यालयहरु खानेपानी मन्त्रालयमै पर्दछन्।

हाल खानेपानी मन्त्रालयअन्तर्गतका मालदार आयोजनाहरुमा तीनजना प्राविधिक सहसचिवहरु गोर्खा जिल्लाका छन् भने अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा कार्यरत प्राविधिक सहसचिव रमाकान्त दुवाडी पनि गोर्खाबासी नै हुन्। खानेपानी तथा ढल निकास विभागका उपमहानिर्देशक सूर्यराज कँडेल, आयोजना कार्यान्वयन निर्देशनालय (पिआइडी) का आयोजना निर्देशक कमलराज श्रेष्ठ र साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाका आयोजना निर्देशक (पिडी), रामकुमार श्रेष्ठ पनि गोर्खा जिल्लाकै भएको समाचार स्रोतले बताएको छ। यही खानेपानी मन्त्रालयमा कुनै बेला धनुषाका

(बाँकी अन्तिम पृष्ठमा)

## कुन प्रदेशमा कसको कति

**प्रदेश १**
प्रदेश सभा सदस्य- ५३
नेकपाको मात्र ६७
दाहाल-नेपाल पक्ष ४२
ओली पक्ष २२
नखुलेको ३

**प्रदेश २**
प्रदेशसभा सदस्य १०७
नेकपाको मात्र ३२
दाहाल-नेपाल पक्ष १९
ओली पक्ष १३

**बागमती**
प्रदेशसभा सदस्य ११०
नेकपाको मात्र ८०

(बाँकी अन्तिम पृष्ठमा)

## सुकुमवासीसँग मागियो निवेदन

भक्तपुर/ भूमि सम्बन्धी समस्या समाधान आयोगले विभिन्न स्थानीय निकायहरुका भूमिहीनहरुबाट निवेदन माग गरेको छ। १४ वटा पालिकामा ३५ दिनभित्र निवेदन आह्वान गरिएको आयोगले जनाएको छ।

यसरी निवेदन आह्वान गरिएका स्थानीय निकायहरुमा कन्काई नगरपालिका, बेलका नगरपालिका, धनगढीमाई नगरपालिका, हरिवन नगरपालिका, बागमती गाउँपीलका, रत्ननगर नगरपालिका, रुपा गाउँपालिका, कावासोती नगरपालिका, कञ्चन गाउँपालिका, बबई गाउँपालिका, गुर्भाकोट नगरपालिका, चौकुने गाउँपालिका, गौरीगङ्गा गाउँपालिका र कृष्णपुर नगरपालिका रहेका छन्। ती पालिकाका भूमिहीन, दलित सुकुमबासीलाई निवेदन दिन आग्रह गरिएको पनि आयोगले जनाएको छ।

भूमिहीन दलित र भूमिहीन सुकुमबासीलाई जग्गा उपलब्ध गराउने र अन्य व्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि निवेदन मागिएको आयोगले जनाएको छ।

## काँग्रेस सशक्त भएर एक्लै चुनावमा जाला त ?



प्रसङ्गवश
कृष्ण लम्साल

काठमाडौं। प्रधानमन्त्री केपी शर्मा ओलीले अप्रत्याशितरुपमा संसद् विघटन गरेर आगामी २०७८ वैशाख १७ र २७ गते नहुने मध्यावधि निर्वाचनको घोषणा गरेका छन्। काँग्रेस १४ औं महाधिवेशनमा जुट्दै गर्दा भएको संसद् विघटनले उत्साहित नबने पनि गत मंसिर २९ गते ७७ वटै जिल्लामा भएको विरोध प्रदर्शनले उत्साहित बनेको छ। कम्युस्टि सरकारले तीन वर्षमा जनतालाई पीडा, भ्रष्टाचार, अन्याय, अत्याचार तथा दमन गर्न थालेपछि तनहुँको घटनाले काँग्रेसहरु ब्युँझिएका हुन्।

शालिन प्रतिपक्षलाई कमजोर ठान्दै आएको नेकपाको सरकारले २०४८ सालमा काँग्रेसको सरकार गठन हुँदा तत्कालीन एमालेले गरेको ताण्डव नृत्य काँग्रेसले नगर्दा तीन वर्षे कार्यकालमा बेथिति, भ्रष्टाचार, हत्या, हिंसा, कुशासन, महँगी र काण्डैकाण्डलाई वास्ता नगरेर कानमा तेल हालेर सुतेको थियो। सडक र सदन पनि ताउन चुकेकै हो।

आफ्नै पार्टीभित्रको महाभारतकाण्डको छिनाझम्टी र एकले अर्कोलाई सिध्याउने खेलमा लागेको ओली एण्ड पुष्पकमल दाहाल + माधव नेपाल समूह कम्पनीको भिडन्तले २६ महिना अगाडि नै संसद् विघटन हुन पुग्यो। संसद् पुनर्स्थापना होला/नहोला तर काँग्रेसभित्र सभापति शेरबहादुर देउवाले ओलीलाई साथ दिएको र समर्थन गरेको

(बाँकी अन्तिम पृष्ठमा)

# लोकतन्त्र र संविधानको चीरहरण

लोकतन्त्रको हत्या र संविधानको मूल मर्ममाथि चीरहरण गर्दै अधिनायकवादको प्रारम्भ स्वरुप केपी ओलीले आफ्नै पार्टीभित्रको किचलो समाधान गर्न नसकेर नेपाली जनताको सार्वभौमसत्ता प्रतिनिधिसभा संसद् विघटन गर्ने कार्य अलोकतान्त्रिक र असंवैधानिक छ। संसद् विघटन गर्ने प्रधानमन्त्रीको एकल निर्णयमाथि सहीछाप गरेर राष्ट्रपतिजस्तो संस्थाले आफ्नो अवमूल्यन गरेको छ। संविधानले निषेधित गर्दागर्दै पनि आफ्नो अहमको धारा प्रयोग गरेर वैधानिक बाटोलाई लत्याउँदै कुनै पनि प्रमुख राजीतिक दल लगायत सरोकारवालासँग परामर्श नगरी कलिलो लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको घाँटी निमोठ्ने गरी असंवैधानिक कदमको अनुमोदन गर्ने राष्ट्रपतिको कार्य पनि आपत्तिजन नै छ। संविधानको संरक्षक राष्ट्रपति नै संविधानको अवमूल्यन गर्छिन् भने अब लोकतन्त्र र संविधानको रक्षार्थ सडक संघर्षबाहेक अर्को विकल्प देखिँदैन। यसका लागि सबै राजनीतिक दल, न्यायप्रेमी र लोकतन्त्रप्रेमी जनता सडकमा आउनुपर्छ भने सर्वोच्च अदालत पनि संविधानको रक्षा गर्दै न्यायको पक्षमा उभिनुपर्छ। नेपालको इतिहासमा संसद् विघटन भएको चौथोपटक हो। तर, अहिलेको यो कदम पहिलोपटक २०१७ साल पुस १ गते तत्कालीन राजा महेन्द्रले संसद् विघटन गरेर प्रधानमन्त्री र मन्त्रीहरुलाई गिराफ्तार गरी ३० वर्षीय निरंकुशताको जग बसालेका थिए। त्यही पुस १ गतेकै कालो दिनकै स्वरुपमा प्रधानमन्त्री ओली र राष्ट्रपतिले पौष ५ गते पुन: सार्वभौम संसदको विघटन गरी असंवैधानिक अभ्यासको प्रारम्भ गरेका छन्। देशको कुनै पनि प्रधानमन्त्रीले बहुलठ्ठीपनका आधारमा संविधान, विधि विधान र पद्दतिलाई कुल्चँदै असंवैधानिक बाटोमा हिँड्न पुग्छ भने तब सर्वसत्तावादको जन्म हुन्छलस्। यसले मुलुकलाई निरंकुशता, अस्थिरता र अराजकतातर्फ धकेल्छ। यसले उग्रवामपन्थी, दक्षिणपन्थी, प्रतिगामी र प्रतिक्रियावादी, अलोकतान्त्रिक शक्तिलाई मात्र बल पुग्छ।

पाँच वर्षका लागि स्पष्ट बहुमत पाएको कम्युनिष्ट सरकारले ३ वर्षअघि जनतालाई दिएको अभिमतमाथि खेलवाड गर्दै झण्डै दुई तिहाईको बहुमतको कम्युनिष्ट सरकारले देशमा अस्थिरताको बिजारोपण गरेको छ। एउटा प्रजातान्त्रिक पार्टीको रुपमा जनतासामु जान काँग्रेस अहिले पनि तयार छ। तर, संविधानवाद र लोकतन्त्रको अपहरण कदापि मान्य हुँदैन। यो सच्चिनै पर्छ। शदिऔंदेखि शोषण, अन्याय र अत्याचारमा पिल्सिएका किसान, मजदुर र निरीह जनताको उद्धारका लागि गठन भएको सरकारले जुन अवस्थामा संसदको विघटन गर्न पुग्यो, त्यसलाई हेर्दा पात्र छान्न नसक्दा भोग्नुपर्ने परिणामको नेपाली जनता शिकार भए। प्रजातन्त्र र मानवअधिकारको दृष्टिकोणले नराम्रो भए पनि महामारीका रुपमा वाम सरकारले गरेका भ्रष्टाचार, कुशासन, हत्या हिंसा बलात्कार आदिमा चुर्लुम्म डुबेको यो सरकारबाट कहिले मुक्ति पाइएला भनी आम नेपाली दिनगन्ती गरेर बसेका छन्। कोरोनाको कहर खेपिरहेका जनताको पीडामा मल्हम लगाउने त कुरै छाडौं, यो सरकार भ्रष्टाचारमा लिप्त रह्यो। विदेशमा अलपत्र परेका हजारौं नेपालीलाई स्वदेश


डा. डिला संग्रौला

फर्काउन प्रतिपक्ष दल काँग्रेसले माग गर्दा महंगो चार्टर्ड उडाएर कमिशन खान व्यस्त रह्यो। प्रधानमन्त्रीको यो कदम जनताप्रति बेइमानी हो। पाँच वर्ष नेकपालाई सरकार चलाउन जनताले आफ्नो अमूल्य मत दिएकै हुन्। तर, जनमतको खिल्ली उडाउँदै भएको संसद् विघटनले अब नेकपामाथि नै प्रश्नचिन्ह खडा भएको छ।

स्थिर, स्थायित्व र सुशासनको नारा दिएर सत्तामा पुगेको सरकारले जनतामाथि कुठाराघात गरेको छ। यो कदमको कारण नेकपा सरकारले जनविश्वास पनि गुमाइसकेको छ। पाँच वर्षका लागि बनेको संघीय संसद् तीन वर्षमा नै विघटन हुनु भनेको देशका लागि ठूलो दुर्भाग्य हो। कोरोनाले कमजोर भएको अर्थतन्त्र र जनताले दुई छाक खान र सिटामोलसमेत नपाएको परिस्थितिमा मुलुकले राष्ट्रको अर्बौं रकम खर्च गर्ने मध्यावधि चुनाव केका लागि भन्ने प्रश्न पनि उब्जिएको छ। यो कदमले देशको न्यायिक निकाय, सर्वोच्च अदालतलाई पनि विवादमा तान्ने निश्चित छ। त्यसैले संविधानको मर्म र भावनाअनुरुप आफ्नो सार्वभौम अधिकार रक्षा गर्न र लोकतन्त्रको संरक्षण गर्न नेपाली जनताा जुर्मुराउने बेला आइसकेको छ। यो असंवैधानिक कदमले २०६२-६३ को जनआन्दोलन पश्चात प्राप्त उपलब्धि संविधान, संघीयता, लोकतन्त्र, गणतन्त्र, समावेशिता एवं समानुपातिक प्रतिनिधित्व, बहुलवाद, धर्मनिरपेक्षता आदि संविधानको आधारभूत सिद्धान्तमा समेत चोट पुगेको देखिन्छ। २०४७ सालको संविधानका कतिपय प्रावधानका कारण मुलुकमा राजनीतिक अस्थिरता बढेको महसुस गरी त्यसमा सुधार ल्याउने अपेक्षासहित यो संविधानको व्यवस्था गरेको थियो।

सामान्यतया संसदीय व्यवस्थामा ताजा जनादेश लिने निर्णय लिनु प्रधानमन्त्रीको विशेष अधिकार भए पनि यो संविधानले त्यसमा रचनात्मक सुधार खोजेको थियो। तर, ओली सरकारबाट नयाँ संविधानको मूल मर्ममाथि प्रहार गर्ने कार्य भएको छ। संविधानमा बहुमत प्राप्त प्रधानमन्त्रीले मध्यावधीमा जाने कुनै यस्तो प्रावधान नै छैन। संविधानको धारा ७६ को उपधारा ७ मा संसद् विघटन भन्ने शब्दावली उल्लेख भए पनि वर्तमान सन्दर्भमा यो प्रावधानबमोजिम संसद् विघटन गर्न पाइने शर्त अलग्गै छ। संविधानको धारा ७६ अनुसार प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलका नेतालाई प्रधानमन्त्री नियुक्त गर्नुपर्छ। कुनै दलले बहुमत नपाए दुई वा दुईभन्दा बढी दल मिलेर सरकार बनाउनुपर्दछ। कुनै पनि दलले स्पष्ट बहुमत नपाए वा प्रतिनिधिसभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले २० दिनभित्र वा त्यही बनेको सरकारले विश्वासको मत नपाए राष्ट्रपतिले अल्पमतको सरकार बनाउने व्यवस्था यसमा छ। त्यसरी बनेको सरकार पनि २० दिनभित्र प्रतिनिधिसभामा विश्वासको मत प्राप्त गर्न नसकेमा वा संयुक्त सरकार बन्न सक्ने अवस्था पनि नदेखिएमा वा त्यसरी बनेको सरकारले पनि विश्वास मत नपाएमा मात्रै प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गरी ६ महिनाभित्र अर्को प्रतिनिधसभाको निर्वाचन सम्पन्न हुने गरी मिति घोषणा गर्न सक्ने व्यवस्था संविधानमा प्रष्ट उल्लेख छ। तर, राष्ट्रपति कार्यालयबाट जारी भएको विज्ञप्तिमा जनाइएजस्तो संविधानको धारा ७६ को उपधारा ७ तथा धारा ८५ अनुसार संसद् विघटन भएको व्यहोरा असंवैधानिक र त्रुटिपूर्ण छ। किनभने, न त यो सरकार अल्पमतको हो, न त अविश्वास पारित भई नयाँ सरकार बन्ने अवस्थामा नै छ।

यसरी प्रधानमन्त्रीबाट संविधानमा नै नभएको व्यवस्था प्रयोग गर्दा राष्ट्रपतिजस्तो गरिमामय संस्थाले पदीय दायित्वलाई पनि बिर्सेर रबरस्टाम्प मात्र बन्दा उनीमाथि थुप्रै प्रश्न उठेका छन्। यसभन्दा अगाडि राष्ट्रपति रामवरण यादवले थालेको परामर्शलाई अहिलेको राष्ट्रपतिले व्यवस्था गर्दा जुन संविधान टेकेर राष्ट्रपति भइन् त्यही संविधानको उपहास भएको छ। यस्तो परिस्थितिमा वर्तमान राजनीतिक, संवैधानिक जटिलतालाई चिर्दै अब यो निरंकुशता र स्वेच्छाचारिताको बाटोमा हिँड्ने र प्रतिनिधिसभालाई धरापमा पार्ने कार्यलाई तत्काल सच्चाउनका लागि हाम्रासमक्ष अब दुईवटा बाटा छन्।

पहिलो- संविधानको व्याख्या गरेर प्रधानमन्त्रीको कदमलाई सच्च्याउने भूमिका संवैधानिक अदालतलाई छ। संविधानले संसदबाट प्रधानमन्त्री छनोट हुने विकल्प रहुन्जेल संसद् विघटनको परिकल्पना गरेको छैन। त्यसैले ओलीले गरेको विघटनको निर्णयलाई बदर गरेर अदालतले संविधानको रक्षा गर्न सक्छ। दोस्रो बाटो संसद् विघटनको विपक्षमा रहेका नेकपाभित्रका र प्रतिपक्षी दल तथा सम्पूर्ण नागरिक समाजले देशभरि ओलीको कदमको विरुद्ध सडक संघर्ष गरी कदम सच्चाउन पहल गर्नुपर्छ।

*(डा. संग्रौला काँग्रेस नेतृ हुन्)*

# नेकपामा विग्रह : काँग्रेसलाई चुनौती

मुलुकको राजनीति बोधविक्रम अधिकारीले संकलन र प्रस्तुत गरेका दन्त्यकथाजस्तै रहस्यपूर्ण हुन थालेको छ। विग्रह त सत्तारुढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा) भित्र भएको हो तर त्यसबाट उत्पन्न चुनौती भने सबैभन्दा धेरै नेपाली काँग्रेसले सामना गर्नुपर्ने हुनसक्छ। काँग्रेसका नेताहरूले प्रधानमन्त्री केपी शर्मा ओली र राष्ट्रपति विद्यादेवी भण्डारीको असंवैधानिक अधिनायकवादी सनकको विरोध गर्नु आवश्यकै थियो। लोकतान्त्रिक संवैधानिक प्रणालीको रक्षाका लागि अधिनायकवादी सरकारको विरोधमा सबै विपक्षीको नेतृत्व लिन तयार हुनु त झन् काँग्रेसको ऐतिहासिक दायित्व नै हो। तर, यही उत्साहमा काँग्रेस देशमा अराजकता निम्तिने गरी बहकियो भने लोकतन्त्रमात्र हैन राष्ट्रियता नै संकटमा पर्न सक्छ।

**ओलीको कदम : असंवैधानिक र अलोकतान्त्रिक**

अहिले प्रधानमन्त्री ओलीले संविधानको मर्ममा प्रहार गरेका छन्। प्रतिनिधि सभा भंग गर्ने कुनै आधार नेपालको संविधानमा देखिँदैन। यसैले होला राष्ट्रपतिले संसद् भंग गर्दा असम्बन्धित धारा प्रयोग गरेकी छिन्। यसबाट प्रत्यक्षरूपमा संविधान, लोकतन्त्र र नेपालीको प्रगतिको आकांक्षामा धक्का लागेको छ। साथै, नेपाल कम्युनिस्ट पार्टीभित्र चर्को विग्रह देखिन थालेको छ।

**एकातिर ओली अर्कातिर दाहाल**

झट्ट हेर्दा नेकपा फुटी पो हाल्योजस्तै देखिन्छ। यसले 'दुईवटा कम्युनिस्ट पार्टी एकजुट भएकाले चुनाव हारेको' ठान्ने नेपाली काँग्रेसका सभापति देउवा र उनका समर्थकहरू भित्रभित्रै उत्साहित पनि भएको हुनुपर्छ। परन्तु, प्रधानमन्त्री हुनका लागि ओली नेतृत्वको सरकारबाट हटेर देउवासँग हात मिलाउने र आफ्नो पालो सकिएर देउवा प्रधानमन्त्री हुनेबित्तिकै मन्त्रिपरिषद्मा बसेरै एमालेसँग पार्टी एकता गर्ने सर्तमा चुनावी गठबन्धन गर्ने धुर्त्याइँ गर्नसक्ने पुष्पकमल दाहाल नै अर्को खेमाका नेता छँदैछन्। यसैले अझै पनि, अहिल्यै नभए चुनावका बेलामै पनि कम्युनिस्टहरू एक हुँदैनन् भनेर ढुक्क हुने आधार देखिँदैन।

**काँग्रेसको दायित्व**

आन्दोलन सुरु गर्नुभन्दा पहिले फाइदाको हिसाबकिताब गर्नु सायद काँग्रेसको स्वभाव पनि होइन। राजा ज्ञानेन्द्रले तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई उक्साएर चुनाव हुनै नसक्ने बेलामा संसद् भंग गराए। नेपाली काँग्रेसले त्यसको विरोधमा आन्दोलन थाल्यो। प्रतिनिधि सभा पुन:स्थापनाका लागि आन्दोलन गर्दा गिरिजाप्रसाद कोइरालाले लाभहानिको हिसाबकिताब गरेका थिएनन्। लोकतन्त्र स्थापना गर्नेमात्र उनको ध्येय थियो।

**भरपर्न नसकिनेहरूको जमात**

त्यस आन्दोलनमा संसद्मा रहेका दलहरूमध्ये नेपाली काँग्रेस (प्रजातान्त्रिक) र तत्कालीन नेकपा (एमाले) कहिले सडकमा आन्दोलनकारीसँग मिसिने गर्थे भने कहिले 'गोर्खाली राजाबाट न्याय पाएँ' र 'प्रतिगमन आधा सच्चियो' भन्दै राजाको सरकारमा सरिक हुन्थे। तिनैमध्येका शेरबहादुर देउवा अहिले नेपाली काँग्रेसका सभापतिका रूपमा आन्दोलनको नेतृत्व गर्नुपर्ने भूमिकामा छन् भने नेकपाको एउटा खेमाको नेतृत्व माधवकुमार नेपालले गरेका छन्। अर्थात्, ओली विरोधी मोर्चामा देखिएका पात्रहरू कुनै पनि भरपर्दा छैनन् र तिनको लोकतान्त्रिक साख पनि उति पत्यारलाग्दो छैन। तैपनि, ओलीको अधिनायकवादी सनकका विरुद्ध आन्दोलनको विकल्प छैन। साथै, त्यसको नेतृत्व नेपाली काँग्रेसबाहेक अरूले गर्न पनि सक्तैनन्। तर, के काँग्रेसका नेता कार्यकर्ता आन्दोलनको नेतृत्व लिएर त्यसलाई कुशलतापूर्वक पार लगाउन तत्पर छन् तलस्? देउवाले ओलीका पक्षमा सम्झौता गर्न खोजे भने पार्टीका अरू नेताले रोक्न सक्छन्?

**काँग्रेस : थरीथरीका**

ओलीको कदमलाई काँग्रेसभित्र कसैले पनि रुचाएको त देखिएन तर अब काँग्रेसले लिने बाटाका हकमा भने उनीहरूबीच मतैक्य छैन। त्यस्तै, नेपाली समाजमा पनि यस घटनाका सम्बन्धमा स्पष्ट मतभेद देखिएको छ। ओली र उनका समर्थकमात्र हैन लोकतान्त्रिक प्रगतिशील सुधारबाट तर्सने देशको वास्तविक 'संस्थापन' पक्ष पनि उनको यस कदमको पक्षमा खुलेरै देखिन सक्छ। अनुदारवादीहरू सधैँ नै सुधारले अराजकता निम्त्याउँछ भन्ने ठान्छन्। नेपाली काँग्रेसभित्र पनि एउटा खेमा यिनै यथास्थितिवादीहरूको प्रभावमा देखिन्छ। तीमध्ये पनि केही त २०४७ को


गोविन्द अधिकारी

संविधानबाट मात्र लोकतन्त्र र राष्ट्रियता जोगिन सक्ने ठान्छन्। यिनीहरू ओलीको विरोध त गर्छन् तर नेकपाको प्रभाव घट्ने ठानेर खुसी पनि देखिन्छन्। आफूलाई प्रगतिशील सुधारवादी ठान्नेहरूको अर्को समूह पुष्पकमल दाहालकै नेतृत्वमा भए पनि आन्दोलन चर्काउन तयार हुनेहरूको छ। यिनीहरू गणतन्त्र र संघीयताका पक्षमा दरिलोसँग उभिन्छन् तर लोकतान्त्रिक विधि एवं प्रक्रियाप्रतिको यिनको प्रतिबद्धता भने अपेक्षाकृत कमजोर देखिन्छ। यो समूहमा धेरै २०४६ पछि देखिएको र ६२ /६३ बाट अगाडि आएका युवा नेताहरू छन्। यस्तै, अर्को मध्यममार्गी समूह छ। यो समूह गणतन्त्र र संघीयताको पक्षमा त छ तर कम्युनिस्टहरूसँग अलि सावधान पनि देखिन्छ। यस समूहको प्राथमिकतामा लोकतन्त्र र राष्ट्रियता देखिन्छ। सम्भवत: नेपाली काँग्रेसका बहुसंख्यक कार्यकर्ता यस समूहमा छन्।

सबैभन्दा थोरै र प्रभावशाली भने व्यवहारवादीहरू देखिन्छन्। ओलीले भोलि सरकारमा सामेल हुन बोलाए पनि जानलाई खुट्टा उचाल्नेहरू यस समूहमा पर्छन्। सबैले थाहा पाएकै हो काँग्रेसका सभापति शेरबहादुर देउवा यस्तै व्यवहारवादी नेता हुन्। यस्तो अवस्थामा आन्दोलनको नेतृत्व गर्ने तर नेपाली जनतालाई धोका नहुने प्रत्याभूति काँग्रेसले गर्न सक्नुपर्छ। पुष्पकमल दाहालहरूसँग काँग्रेसले 'घाँटी जोडेको' देखे भने बहुसंख्यक कार्यकर्ता आन्दोलनमा उत्रन मुस्किल छ। यसैगरी शेरबहादुर देउवाको नेतृत्वमा आन्दोलन गर्न पनि कार्यकर्तामा उत्साह नहुन सक्छ।

**के गर्ने त?**

वीरगन्ज महाधिवेशनमा सुवर्ण शमशेर राणा गणेशमान सिंहलाई हराएर नेपाली काँग्रेसका सभापति चुनिए। राजा महेन्द्रले शक्ति एकत्रित गर्दै लगेपछि काँग्रेसले संविधान सभाको चुनाव मागेर सत्याग्रह गर्ने निर्णय गरेपछि सुवर्ण जीले सभापति छाडे। बीपी फेरि पार्टीका सभापति बने। पार्टीले आन्दोलन गर्ने भएपछि नीतिअनुसारको नेतृत्व हुनुपर्छ भन्ने मान्यताअनुसार सुवर्ण जीले राजीनामा गरेका थिए। आन्दोलनमा जाने भए पनि कम्युनिस्टहरूसँग निश्चित दूरी राख्ने, राष्ट्रिय स्वाभिमानविरुद्ध सम्झौता नगर्ने, लोकतान्त्रिक मूल्यप्रति प्रतिबद्ध र काँग्रेस कार्यकर्ताबाहेक समाजका अरूले पनि सम्मान र भरोसा गर्नसक्ने नेताको नेतृत्वमा मात्र आन्दोलन यथार्थमै सफल हुन्छ। ओलीको अधिनायकवादी सनकविरुद्ध सडकमा स्व:स्फूर्त विरोध भइरहेको छ। तर, प्रतिनिधि भङ्ग गर्ने असंवैधानिक निर्णय सर्वोच्च अदालतले खारेज गर्ने झिनो आशा अझै बाँकी छ। संवैधानिक परिषद्को विवादास्पद बैठकमा बसेर भागबन्डा गर्नेबाहेक पनि सर्वोच्च अदालतमा अरू न्यायाधीश छन्। अर्कातिर नेकपा फुटेको छैन। सम्भवत: सर्वोच्च अदालतले मुद्दा किनारा नगर्दासम्म फुट्ने पनि छैन। यसैले नेपाली काँग्रेसका नेताहरूले अहिले सुझबुझ, धैर्य र चातुर्य देखाउन सकेनन् भने देश ठूलो भुमरीमा पर्न सक्छ। काँग्रेसको साख फर्कनका लागि नेतृत्व परिवर्तन पहिलो सर्त हो। के काँग्रेसका शीर्ष नेताहरू नेतृत्व लिन र दिन तयार छन्?

छोरा सरह छोरीलाई पनि स्कुल पढ्न पठाऔं।

# राष्ट्रपतिको भाषा र आधेर नगरी चौपट राजा

**रामकुमार विमली**

राष्ट्रपति कार्यालयको संसद भंग गर्ने विज्ञप्तिको भाषा बढो गोलमटोल र दया लाग्दो छ। घोषणालाई स्पष्टसँग अभिव्यक्त गर्ने आधार नभएर त्यस्तो भएको हुन सक्छ। लाग्छ, त्यो विज्ञप्ति लेखाइ पनि एक सकसपूर्ण काम थियो। करिव १४० वढी शब्दहरुको एउटै वाक्यमा सकिएको परम्परागत लेखाइको यस विज्ञप्तिमा संसद भंग गर्ने संवैधानिक प्रावधानका आधारहरु जे लेखिएका छन्, त्यसमा संविधानको धारा ७६ को उपधारा (७) बाहेकका अरु धारा वा उपधाराहरुले यहा केही सम्वन्ध राख्ने देखिँदैन। संसद भंग गर्न प्रधानमन्त्रीले सिफारिस गर्न सक्ने प्रावधान नै धारा ७६ को उपधारा (७) मा छ र त्यो पनि धारा ७६ को उपधारा (५) अनुसार बनेका प्रधानमन्त्रीलाई मात्र त्यो अधिकार दिएको देखिन्छ। हाम्रा वर्तमान प्रधानमन्त्री धारा ७६ को उपधारा (५) अनुसार बनेका होइनन् जसलाई अरु विकल्पहरुको प्रयोग नभइकन सिधै उपधारा (७) प्रयोग गर्ने अधिकार दिइएको देखिँदैन।

संविधानको व्याख्याता वा ठूलो जानकार म होइन तर त्यहाँ यति कुराचाहिँ सरल र स्पष्ट बुझ्न सकिने नै गरी देखिन्छ। प्रमलाई सरकार चलाउने कुरामा आएका असहजताका कारणहरुले गर्दा केही अप्रिय निर्णय लिन मन लाग्यो होला तर त्यस्ता व्यक्तिगत कुण्ठालाई संविधानका ती धाराहरुले स्वीकृत गर्दैनन्। प्रधानमन्त्री ठीक थिएर थिएनन् वा उनलाई बाध्य पार्ने स्थितिचाहि ठीक थियो र ठीक थिएन भन्ने तर्कहरु विविध हुन सक्छन् तर देश हाक्ने जिम्मेवारी पाएका व्यक्तिले 'राष्ट्र पहिला' को मूल मन्त्रलाई किञ्चित वास्ता गरेनन्। प्रधानमन्त्री केपी ओलीले आफ्नो पद, गरिमा, व्यक्तित्वको उचाइलाई धेरैजसो सवालमा गंभीरता पूर्वक ख्याल गरेनन्। विषय वस्तु र त्यसको महत्वलाई महशुस र अभिव्यक्त गर्ने शैलीमा उनले ठूलो सुधार गर्नु पर्ने थियो।

अधिकांश विषय वस्तुहरुमा देशको प्रधानमन्त्रीजस्तो व्यक्तिलाई नसुहाउने हर्कतका प्रस्तुतिले उनलाई जीवनभर नै साथ दिने कुरा हुँदैनथ्यो। देशलाई राणाकालपछि इतिहासमै संभवत सबैभन्दा चर्को व्ययभार बोकाएका प्रधानमन्त्री केपी ओलीले त्यस कुरालाई आफ्ना राम्रा कर्महरुले असुल उपर गर्नु पर्ने थियो र समयले उनलाई त्यो अवसर दिएको पनि थियो। तर विविध गहन र महत्वपूर्ण विषयहरुलाई केवल हास्यरसमा घोलेर समय नष्ट गरेका उनलाई एक दिन 'सम्राटका नयाँ लुगा' कै पहिरनमा देख्नु पर्दा राष्ट्रले भने ठूलो नोक्सानी व्याहोर्नु परेको छ। देशमा आजको परिस्थिति उत्पन्न गराउने कारणहरु पनि गतिला र उज्वल छैनन्। बाँचुन्जेल आफ्नो वर्चश्व, पार्टी र समुदायमा आफ्नै नियन्त्रण, चर्चा, शक्ति, पहुँच र प्रशस्तिका भोका रहेका हाम्रा अरु स्वनाम धन्य नेताहरु यो विषम परिस्थितिका सर्जकहरु हुन्। सत्ता र शक्तिको गुलियोमा बानी परेका यिनै माउ दलका मूल नेताहरु नै २०४७ सालपछिका यावत गलत परम्परा र परिस्थितिका लागि जिम्मेवार छन्। अबका दिनसम्म आइपुग्दा जनताले यिनीहरुलाई विविध कोणवाट परीक्षा गरिसकेका छन्।

आजको यस्तो परिस्थितिमा पनि यिनीहरु माथि जनताको विश्वास, आस्था र आदर छैन। आम जनताहरु वर्तमान पात्र र प्रवृतिहरुसँग वाक्क-दिक्क छन र यो अन्यौलताका विषयमा अब यो गरौं भन्ने सहज निकासको परिकल्पना पनि गर्न सक्दैनन। दशा त यो छ कि परिस्थिति अब यिनीहरुको नियन्त्रणभन्दा वाहिर भइसकेको छ। देश र आम जनता ताप्केवाट उफ्रिएर भुँग्रोमा परेको मानसिकतामा छन्। यस्तो बेलामा घाटा हुने देशलाई नै हो। गरीवी, अस्थिरता र अव्यवस्थाले पिसिने जनताहरु नै हुन्। तर पनि अझै यिनीहरु कै राजनीतिक कार्टेलिङ चलिरहने नै छ। कानूनी राजको आभाष हुनेगरी विशिष्ट संस्कारको निर्माण गर्न केही बैकल्पिक राजनीतिक तह र कर्मचारीतन्त्रका केही तह /तप्काहरु अझै पर्याप्त नै छन् तर गलत संस्कारको स्थापना भई नै सकेका कारण यो भताभुङलाई सम्हाल्न उति सजिलो भने छैन। यदि अदालतले संविधानको माध्यामवाट अहिलेको स्थितिमा नेपालको आजको धरातल, यसको भूराजनीतिक महत्व र आवश्यकतालाई ध्यान दिएर गंभीरतापूर्वक निकास दिएन भने देश अस्थिरतामा जाने छ। देश दोहन वढ्ने छ, चरम अभाव र गरीवीमा फेरि नयाँ समस्याहरु जन्मने छन र हाम्रो शान र स्वाधिनतामा ठूलो चुनौती बढ्ने छ। देश आज अँधेर नगरी चौपट राजा को किस्सामा आइपुगेको छ। यो निश्चित छ कि अब यी स्वनाम धन्य नेताहरुको स्खलन र पतन उनीहरुकै अभिमान, सत्ता लिप्सा, प्रवृत्ति र अदुरदर्शिताका कारण हुँदैछ। विनासकाले विपरित बुद्धि !!

प्रधान–सम्पादक/प्रकाशक : **कौशलकुमार भट्टराई (९८५११३८२३७)**
सम्पादक : कृष्ण लम्साल (९७५१०३१६३२),
कार्यकारी सम्पादक : पिएमणि भट्टराई (९८४३१०९६२०)
कानूनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
प्रधान कार्यालय : मध्यपुर थिमी–३, भक्तपुर
काठमाडौं–कार्यालय : बबरमहल, काठमाडौं
फोन: ०१–४२६७०६४
इमेल :nayabimarsha@gmail.com,
मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं

## सम्पादकीय

# जिउँदो इतिहासको अवसान

अहिलेका पुस्ताको लागि अपत्यारिलो लाग्ने ऐतिहासिक पात्रका रुपमा रहेका एक व्यक्तिको निधन भएको छ। तत्कालीन राणा सरकारका लागि मकवानपुरको भीमफेदीबाट काठमाडौंसम्म गाडी बोकेर भित्र्याउनेमध्येका हिराबहादुर घलानको मंगलबार राति ८९ वर्षको उमेरमा निधन भएको हो। मकवानपुर जिल्लाको थाहा नगरपालिका वडा नम्बर ५ निवासी घलानको निधनसँगै नेपालमा गाडी बोक्नेहरुको कथा इतिहासको पानामा सीमित हुने अवस्था आएको छ। गाडीले मानिस बोक्नुपर्नेमा त्यसविपरित मानिसले गाडी बोकेर काठमाडौं भित्र्याउनुपर्ने अवस्थाले त्यो बेलाको स्थितिलाई बुझाउने गर्दछ। दुई वर्षअघि सोही ठाउँका जुक्तबहादुर वाइवाको निधन भएको थियो। वाइवापछि त्यसरी गाडी बोक्नेहरुमा घलान मात्र जीवित पात्र थिए।

घलानको इतिहास पनि पठनीय छ। त्यो बेला काठमाडौं उपत्यकाका केही महत्वपूर्ण बाटाहरु गाडी कुदाउनयोग्य थिए। बेलायतलगायतका युरोपेली मुलुकहरुको भ्रमण गरेका राणा परिवारका सदस्यहरुले त्यहाँको भ्रमणका बेलामा गाडीहरु त देखेका तथा चढेका थिए नै त्यसैगरी आफ्नो देशमा पनि उनीहरु गाडीमा गुड्न चाहन्थे। त्यो बेला काठमाडौंमा गाडीहरु ल्याउन सहज थिएन। गाडी गुड्ने बाटाहरुको अभावमा भीमफेदीदेखि काठमाडौं भित्र्याउनका लागि त्यसलाई बोकेर ल्याउनुको विकल्प थिएन। उनीहरुले गाडीलाई ल्याउनका लागि घलानजस्ता त्यो बेलाका लक्काजवानहरुलाई प्रयोग गर्ने गरेका थिए। त्यसैक्रममा जीवनभर २५ गाडी बोक्ने ऐतिहासिक अवसर घलानलाई जुरेको थियो। वि.सं .२००६ देखि नै गाडी बोक्न शुरु गरेका उनले ९६ जनाले बोक्ने गाडी एक पटक तथा ६४ जनाले बोक्ने गाडी १० पटक जति बोकेको अनुभव बताउने गरेका थिए। त्यसरी काठमाडौंका लागि गाडी बोक्न सानो फाखेल, ठूलो फाखेल, तसर, मार्खु, सर्वाङ, बिसिंखेल, चित्लाङ, फाखेललगायत क्षेत्रका बासिन्दालाई भरिया बनाइने गरिएको बताइएको छ। उनीहरु कर्मठ तथा गाडी बोक्नका लागि योग्य देखिएका कारण पनि राणाहरुको नजरमा परेका थिए। थाहा नगरपालिकाको तसर गाउँका मात्रै ४८ भरियाले राणाकालीन गाडी बोकेको इतिहास छ। घलानका पिताले पनि राणाहरुको गाडी बोकेका थिए।

त्यसरी जिवित इतिहासका रुपमा रहेका घलानलाई सरकारी पक्षबाट जिवित रहँदाताका कुनै पनि किसिमको सहयोग गरिएको पाइएन। पछिल्ला दुई वर्ष घलान पक्षघातको समस्याबाट ग्रसित भएको अवस्थामा पनि सरकारले खासै वास्ता नगरेको पाइएको थियो। घलानमात्र त्यसरी गाडी बोक्नेहरुको जिउँदो इतिहास भएको अवस्थामा सरकार तथा अन्य निकायले उनको जीवनकालमा केही गरिदिएको भए उनको परिवारजनले साधुवाद नै दिने थियो। घलानसँगै इतिहासको एक कालखण्डको जिउँदो खण्डको समाप्ती भएको छ। घलानको दिवगंत आत्माप्रति श्रद्धासुमन छ।

# ओलीमाथि इतिहासले खोजेको 'करेक्सन'

नेपालको इतिहासमा सन्की शासकहरूको कहिल्यै कमी रहेन। राजा, राणादेखि निर्वाचित नेताहरूले समेत विभिन्न कालखण्डमा आफ्नो सनक र तुजुक देखाए। त्यसैको पछिल्लो कडीका रूपमा खड्गप्रसाद ओली उभिन पुगेका छन्। लोकतन्त्रमा एउटा निर्वाचित प्रधानमन्त्रीका रूपमा यिनको सनकले सबै सीमा पार गरेको छ। ओलीले सत्ताको आडमा असंवैधानिक र फर्जी काम गरेका छन्। संसदमा बहुमतप्राप्त सरकारको प्रधानमन्त्रीले संसद विघटन गर्ने प्रावधान हाम्रो संविधानमा छैन। एउटा सरकार पतन भएको र अर्को सरकार बन्न नसक्ने अवस्था भए मात्रै संसद विघटन हुने स्पष्ट संवैधानिक व्यवस्था छ। संविधान जारी गर्दा संविधानसभामा धेरै छलफल भएर, विगतको अनुभवबाट पाठ सिकेर यो संवैधानिक अनुबन्ध गरिएको थियो।

बहुदलकालमा दुई पटक प्रधानमन्त्रीहरूले संसद विघटन गरेका थिए। पहिलोपटक गिरिजाप्रसाद कोइरालाले र दोस्रोपटक मनमोहन अधिकारीले। अधिकारीले गरेको विघटन सर्वोच्च अदालतले उल्टाइदिएको थियो। प्रधानमन्त्रीविरुद्ध बारम्बार अविश्वास प्रस्ताव आइरहने र प्रधानमन्त्रीले संसद विघटन गर्न सक्ने अवस्थाले नेपालको संसदीय व्यवस्थालाई नै अस्थिर बनाएको थियो। त्यही अस्थिरता चिर्न पछिल्लो संविधानमा हामीले दुईवटा महत्वपूर्ण परिवर्तन गर्‍यौं– पहिलो, निर्वाचित प्रधानमन्त्रीविरुद्ध दुई वर्षसम्म अविश्वास प्रस्ताव लैजान नपाइने। दोस्रो, संसदबाट अर्को सरकार बन्ने अवस्था रहेसम्म संसद विघटन गर्न नपाइने। राजनीतिक स्थिरतालाई बलियो बनाउन संविधान जारी भएपछि संसदले राजनीतिक दल फुट्न सक्ने पहिलेको कानुन पनि परिवर्तन गर्‍यो। पहिलेको कानुनमा संसदीय दल वा पार्टीको केन्द्रीय समितिमध्ये एकमा ४० प्रतिशत सदस्यको समर्थन भए राजनीतिक दल फुटाउन सक्ने व्यवस्था थियो। त्यसलाई बदलेर नयाँ कानुनले राजनीतिक दल फुटाउन संसद र पार्टी केन्द्रीय समिति दुवैमा ४० प्रतिशत संख्या चाहिने व्यवस्था गर्‍यो। राजनीतिक स्थिरताका लागि गरिएका यी संवैधानिक तथा कानुनी अनुबन्ध र तिनको पृष्ठभूमि ओलीलाई थाहा नभएको होइन। तर, आफ्नो सत्तालिप्सासामु यी अनुबन्धहरूको ओलीका लागि कुनै अर्थ थिएन। स्थिर सरकारको कृत्रिम नारा दिएर सत्तामा पुगेका ओलीले यी संवैधानिक र कानुनी अनुबन्धमाथि केही समयअघिदेखि नै धावा बोल्दै आएका थिए।

गएको वैशाखमै उनले राजनीतिक दल फुटाउने कानुन अध्यादेशमार्फत् संशोधन गर्ने असफल प्रयास गरेका थिए। अनिष्टको पहिलो संकेत त्यसैले देखाएको थियो। यसपालि त उनले संविधानमाथि नै धावा बोलेका छन्। उनको सत्तामाथि कतैबाट वैधानिक चुनौती आइसकेको थिएन। संसदमा उनको पार्टीको झन्डै दुईतिहाइ मत थियो। उनले जसरी सरकार र पार्टी चलाएका थिए, त्यसले पार्टीमा उनीमाथि दबाब बढ्दै थियो। तर, जबसम्म ओलीलाई संसदीय दलमा बहुमत सांसदहरूको साथ रहन्थ्यो, त्यो दबाबको कुनै अर्थ रहन्थेन।



अमित ढकाल

उनलाई प्रधानमन्त्रीबाट हटाउन कि त नेकपा संसदीय दलमा उनको विपक्षमा बहुमत पुग्नुपर्थ्यो वा संसदमा अविश्वास प्रस्ताव पारित हुनुपर्थ्यो। संसदीय दलमा आफ्नो विपक्षमा बहुमत पुगेको दिन वा संसदमा अविश्वास प्रस्ताव पारित भएपछि भने सत्तामा रहने कुनै हक उनीसँग बाँकी रहन्न थियो। संसदीय व्यवस्थाको आधारभूत प्रबन्ध यही हो।

जब सत्तालिप्सा अधिक हुन्छ, प्राप्त सत्ता गुम्ने डर पनि त्यति नै धेरै हुन्छ। ओली आफ्नो सत्ता गुम्ने आशंकाले भयभीत थिए भन्ने घटनाक्रमले देखाएको छ। त्यही भयले उनले संसद विघटनको असंवैधानिक बाटो रोजेका हुन्। नेकपाको संसदीय दलमा उनको बहुमत थिएन भन्ने पनि यसले स्पष्ट गरेको छ। यस्तो असंवैधानिक कदम चाल्ने ओलीको दुस्साहसका पछाडि राष्ट्रपति विद्यादेवी भण्डारीको साथले ठूलो काम गरेको छ।' संविधान संरक्षक' को गरिमामय जिम्मा पाएकी भण्डारी त्यसप्रति प्रतिबद्ध हुन्थिन् भने ओलीले यो दुस्साहस गर्ने थिएनन्। तर, उनको आडभरोसाले पनि ओलीलाई थप उक्साएको घटनाक्रमले प्रस्टै देखाउँछ। त्यसैले संविधान र लोकतन्त्रमाथि ओलीले गरेको यो 'कु' मा राष्ट्रपति भण्डारी पनि उत्तिकै भागिदार छिन्। भोलि ओली दण्डित हुने अवस्था आउँदा भण्डारीले पनि त्यसबाट उन्मुक्ति पाउने छैनन्।

ओलीले के सोचेर वा कुन 'गेमप्लान' का साथ यति ठूलो दुस्साहस गरे भन्ने अहिले सर्वत्र चासो छ। संसद विघटनपछिका घटनाक्रमले त्यसको छनक दिन्छ। संसद विघटनको निर्णयमा राष्ट्रपतिले ठप्पा लगाउनेबित्तिकै ओलीले फर्जी काम सुरू गरेका छन्। संवैधानिक परिषदको अस्तित्वै बसेको भनिएको बैठकले विभिन्न संवैधानिक नियुक्तिहरू गरेको सूचना परिषदबाट आइतबार जारी गराएका छन्। जबकि, संवैधानिक परिषदसम्बन्धी जारी अध्यादेश फिर्ता लिने सहमति उनले पार्टीभित्र गरेका थिए। पार्टी स्थायी कमिटी बैठकमा उनकै उपस्थितिमा त्यो व्यहोरा पढेर सुनाइएको थियो। अध्यादेश फिर्ता गर्न उनी राजी भएपछि नेकपाका सांसदहरूले संसद अधिवेशन डाक्ने माग फिर्ता गरेका थिए। आज आएर अख्तियार लगायतका निकायमा त्यसै दिन नियुक्ति भएको भन्दै सूचना जारी गराउनु ओलीको फर्जी काम हो। योसँगै ओलीले आफू गिर्ने रसातल कति तल छ भन्ने देखाएका छन्। अख्तियारमा आफूनिकट मान्छे भर्ती गरेपछि अब आफ्ना राजनीतिक विरोधीहरू, मुख्यगरी पार्टीभित्रका आफ्नै सहकर्मीहरूमाथि उनले प्रतिशोध साँध्नेछन्। अनेकन मुद्दा लगाएर राजनीतिक जीवन नै उथलपुथल पारिदिने उनको ध्येय हुनेछ। अदालतले पनि आफ्नो दुस्साहसलाई साथ दिनेछ भन्ने ठूलो भरोसाका साथ उनले यो कदम चालेका छन्। प्रधानन्यायाधीशसँग उनको व्यक्तिगत हिमचिम र सर्वोच्च अदालतमा पार्टीले सिफारिस गरेर पठाएका न्यायाधीशमाथि उनको ठूलो भरोसा देखिन्छ।

आफ्नो यस्तो असंवैधानिक कदमले नेपालको राजनीतिक परिदृश्य कसरी उथलपुथल हुनेछ भन्ने भेउ उनले पाएका छैनन्। संसदका बहुमत सदस्यले तुरुन्तै ओलीको यो दुस्साहसको प्रतिवाद गर्नुपर्छ। बहुमत सांसदले संसद भवनमा उपस्थित भएर यो असंवैधानिक विघटनको प्रतिवाद गर्नुपर्छ। संसद विघटनको असंवैधानिक कदमलाई अमान्य घोषणा गर्नुपर्छ। सडकमा ओलीको स्वैच्छाचारिताको प्रतिवाद गर्नुपर्छ। ठूला ठूला राजनीतिक लडाइँ नेपालका सडकमा लडिएका हुन् भन्ने राजनीतिक दलहरूले भुल्नु हुन्न। २०६२-६३ मा पनि सडक आन्दोलनको तागतप्रति ओलीलाई फिटिक्कै विश्वास थिएन। उनी 'गोरूगाडा चढेर अमेरिका पुगिन्न' भन्थे। त्यही जनआन्दोलनको तागत ओलीलाई एकपटक फेरि देखाउने बेला आएको छ। कतिपयलाई आशंका छ– नेकपा विभाजित हुने भएपछि नेपाली काँग्रेसले अन्ततः चुनावमा जाने ओलीको निर्णयलाई साथ दिनेछ। ओलीले पनि ज्ञानेन्द्र शाहले बजाएको निर्वाचनको धुन बजाउन थालेका छन्। ज्ञानेन्द्रकै भाका टिपेर उनी भन्दैछन्– लोकतन्त्र चाहनेले निर्वाचनको विरोध गर्दैन। काँग्रेसले भन्नुपर्‍यो– लोकतन्त्र चाहनेले असंवैधानिक कदम मान्दैन। संसदमाथिको 'कु' मान्दैन। असंवैधानिक हिसाबले विघटन भएको संसद र चुनावको असंवैधानिक घोषणालाई विभिन्न बहानामा काँग्रेसले मान्यो भने काँग्रेस पनि अन्ततः 'ओलीपथ' मै हिँडेको मानिनेछ। असंवैधानिक 'ओलीपथ' मा हिँडेर सत्तामा त पुगिएला, तर त्यसले स्थापित गर्ने नजिरमा टेकेर संविधानवाद र लोकतन्त्रको रक्षा कसरी होला ?

सबै प्रतिपक्ष र नेकपाभित्रको ठूलो तप्का एक ठाउँ उभिनेबित्तिकै नेपाली समाज त्यही कित्तामा उभिनेछ। त्यसपछि नेपाली समाजसँगको लडाइँ ओलीका लागि महँगो पर्नेछ। ज्ञानेन्द्रले नसकेको लडाइँ ओलीले जित्नेछन् भन्ने आत्मरति कसैले नपाले हुन्छ। समाजको ठूलो हिस्सा एक ठाउँ उभिएपछि त्यसले अदालतलाई पनि एउटा भरोसा र सन्देश दिनेछ। लोकतन्त्रप्रति नेपालीको अगाध आस्था छ भन्ने देखाउनेछ। संविधान र लोकतन्त्र रक्षा गर्ने जिम्मा सर्वोच्च अदालतको पनि हो भन्ने न्यायाधीशहरूलाई स्मरण गराउने छ। त्यो अवस्थामा सर्वोच्चले ओलीको धम्की वा प्रलोभनको दबाब झेल्नुपर्ने छैन। न्यायाधीशहरूले निर्धक्कसँग संविधानसम्मत निर्णय गर्न सक्नेछन्। हरेक संस्थाको आफ्नो इतिहास हुन्छ, त्यसले त्यो संस्थालाई तागत दिन्छ, त्यसको ओज स्थापित गर्छ। ज्ञानेन्द्रको शाही आयोग खारेज गरेको इतिहास सर्वोच्चसँग छ। पञ्चायतकालमै दरबारको स्वार्थविरुद्ध कैयन निर्णय गरेको इतिहास सर्वोच्चसँग छ। नेपाली समाज र लोकतन्त्रको गति अवरुद्ध गर्ने ओलीको दुस्साहसको कसीमा कुन न्यायाधीश उनीसँग नजिक वा टाढा छन् भन्नेले धेरै अर्थ राख्ने छैन। सर्वोच्चले आफ्नो इतिहासको ओज, संविधान, संविधान लेख्दाको पृष्ठभूमि र लोकतन्त्रको मर्मको ख्याल गरेर निर्णय गर्नेछ। त्यसपछि पनि ओलीको एउटा स्वार्थ भने पूरा हुनेछ– नेकपा विभाजन गर्ने। उनले त्यही न्यूनतम लक्ष्य राखेर यो जुवा खेलेका हुन्। सर्वोच्चको अन्तिम फैसला आउनुअघि नै उनले पार्टी विभाजन गर्न अनुकूल हुने गरी फेरि अध्यादेश ल्याउनेछन्। जारी गर्ने राष्ट्रपति छँदैछिन् !

उनले गरेको संसद विघटन सर्वोच्चले खारेज गरेपछि पनि ओलीसँग सांसदहरूको सानो टुकडी बरकरार रहनेछ। त्यही सानो समूह लिएर उनी संसदको एउटा कुनामा बस्नेछन्। सायद ओलीका लागि इतिहासले रोजेको ठाउँ त्यही हो। उनको सनकले उनलाई पुर्‍याउन खोजेको त्यहीं हो। २०६२-६३ को जनआन्दोलनप्रति त्यति धेरै अनिच्छा र अविश्वास भएका र कुनै भूमिका नभएका ओली त्यही आन्दोलनको तागतमा लेखिएको संविधान कार्यान्वयन गर्ने ठाउँमा हुनु सायद इतिहासप्रति नाइन्साफी थियो। यति धेरै आत्मकेन्द्रित, स्वैच्छाचारी र अलोकतन्त्रवादी भएर पनि ओलीले लगाएको लोकतन्त्रवादीको नकाब सायद अपाच्य थियो इतिहासलाई। संघीय लोकतान्त्रिक गणतन्त्रप्रति यति धेरै अनास्था भएका नेतालाई यो विराट लोकतान्त्रिक यात्राको नेतृत्व गर्ने नैतिक हक सायद थिएन। सायद त्यसकै 'करेक्सन' इतिहासले खोजेको छ।

# केपी ओलीले यो दुर्भाग्यपूर्ण घोषणा चुनाव गराउनका लागि गरेकै होइनन्

**हरि अधिकारी**

आफ्नै पार्टीभित्रबाट उठेको विरोधको तीव्र लहरमा परेर किनारा लाग्न हात-खुट्टा फ्याँकिरहेका प्रधानमन्त्री केपी शर्मा ओलीले वर्तमान संविधानले दिँदै नदिएको अधिकार प्रयोग गरेर प्रतिनिधिसभा विघटन गरी आगामी वैशाख महिनामा प्रतिनिधिसभाको चुनाव गराउँने घोषणा गराएका छन्। राष्ट्रपतिको कार्यालयबाट जारी विज्ञप्ति अनुसार प्रतिनिधिसभा बिघटन गर्न संविधानका जुन धारामा टेकिएको छ, त्यसमा प्रधानमन्त्रीलाई त्यो अधिकार नै छैन। बाँकी रह्यो, 'संसदीय प्रणालीको आधारभूत मर्म एवं मूल्य मान्यता तथा हाम्रो आफ्नै र संसदीय प्रणाली भएका बिभिन्न मुलुकहरुको अभ्यास बमोजिम' भन्ने आधार, हाम्रो वर्तमान संविधानले परिकल्पना गरेको व्यवस्था ठ्याक्कै परम्परागत संसदीय प्रणालीकै जस्तो छैन। २०४७ सालपछि अभ्यास गरिएको परम्परागत संसदीय प्रणालीले मुलुकमा राजनीतिक स्थायित्व दिन नसकेको ठहर गरेर संविधानसभाले नवीन शैलीको संसदीय व्यवस्थाको संविधान निर्माण गरेको हो। ल मानी लिउँ, वर्तमान संवैधानिक प्रबन्धहरुभन्दा, परम्परागत संसदीय प्रणालीकै नजिरहरु नै सही हुन्। त्यसमा पनि सत्ताशीन सरकार प्रमुखले कुनै विशेष मुद्दालाई लिएर ताजा जनादेश लिन मध्यावधि चुनावको घोषणा गर्नुलाई मात्र विधिसम्मत र तर्कसङ्गत मानिन्छ। मध्यावधि निर्वाचनमा जाने निर्णय गर्नु अघि प्रधानमन्त्रीले राज्य-प्रशासन र राजनीतिक प्रणालीको सुचारु परिचालनका दिशामा पैदा भएका बाधा अड्चन हटाउँनका लागि आफूसँग ताजा जनादेश लिनु बाहेक अर्को कुनै विकल्प थिएन भन्ने कुरामा जनतालाई विश्वस्त बनाउँन सक्नु पर्दछ।

त्यसबाहेक, आफ्नो पक्षमा ताजा जनादेश पाउने अपेक्षा गरेर चुनावमा गएको प्रधानमन्त्री आफूले त्यस अघि अख्तियार गरेका नीतिहरू र सञ्चालनमा ल्याएका जनमुखी कार्यक्रमहरूका कारण जनतामाझ लोकप्रिय रहेको हुनु पनि जरूरी हुन्छ। अलोकप्रिय र बदनाम सरकार-प्रमुखले आफ्ना पक्षमा ताजा जनादेश पाउने आशा गर्न सक्दैन। ओलीले मध्यावधि निर्वाचनमा जाने घोषणा गर्दाका बखत माथिका कुनै स्थिति पनि विद्यमान छैनन्। ओलीसँग कुनै विश्वासलाग्दो मुद्दा छैन, कुन विषयलाई लिएर ताजा जनादेश लिन लागेको हो त्यस बारेमा पनि उनी प्रष्ट छन् जस्तो लाग्दैन। उनलाई संसदीय दलको नेता चुनेर सिंहदरबारको ताल्चा-साँचो सुम्पने सार्वभौम संसदमा उनको पार्टीको बहुमत कायम नै थियो उनले त्यसको हत्या गर्नुअघि। सरकारले जनहितमा जारी गर्न लागेका नीति र कार्यक्रमहरूको बिरोध हुने, पारित नहुने स्थिति पटक्कै छैन। प्रधानमन्त्री ओली लोकप्रियताका दृष्टिले नकारात्मक परिसूचकहरूको उच्चतम बिन्दुमा छन्। यिनको शरीरका अंगहरूमध्ये खुराफाती योजना बुन्ने दिमागको एउटा भाग र ट्याउँट्याउँ गरिरहने जिब्रो बाहेक अन्य कुनै पनि अंग ढङ्गसँग काम गर्ने अवस्थामा देखिँदैनन्। विगत ८ महिनादेखि सिंहदरबारस्थित आफ्नो कार्यालयमा नगएको कुरा नै यिनको स्वास्थ्यस्थिति नाजुक भएको कुराको दर्हो प्रमाण हो।

यिनको पार्टी आन्तरिक द्वन्द्वले गर्दा थिल्थिलो भएको छ। पछि गाँसिन आएको नेकपा माओवादी केन्द्रका नेता पुष्पकमल दाहाल 'प्रचण्ड' मात्र होइन यिनकै पुरानो दल नेकपा एमालेका माधवकुमार नेपाल, झलनाथ खनाल, वामदेव गौतम, अमृतकुमार बोहोरा र भीम रावल जस्ता उपल्लो पंक्तिका नेताहरूले समेत यिनका विरुद्ध मोर्चाबन्दी गरेको अवस्था छ। घोषित मध्यावधि चुनाव वास्तवमै भयो भने केपी ओलीका लागि त्यो नेपोलियन बोनापार्टका लागि वाटरलूको लडाइँ भएजस्तै सर्वनाशी हुनेछ। ओली भाँच्चिएको कुच्चिएको नेकपाको एउटा चोइटो र त्यसमा टाँस्सिएका केही भ्रष्ट मानिसहरूलाई लिएर जनताका घरदैलोमा जानुपर्ने हुन्छ भोट माग्न। तर के भनेर भोट माग्ने ? यिनीसँग कुनै त्यस्तो एजेण्डा छैन जसलाई जनताले विश्वास गरून्। यी र यिनका पाल्तुहरूलाई जनताले लाठो देखाएर भगाउँने स्थिति छ। मध्यावधि निर्वाचनमा जाने यो दुर्भाग्यपूर्ण घोषणा ओलीले वास्तवमा चुनाव गराउँनका लागि गरेकै होइन। यसै पनि महामारीका कारण देश संकटमा छ। आगामी

(बाँकी ६ पृष्ठमा)

# किन मेधावी डाक्टर विदेशिने बाटो बन्यो ?

**डा प्रकाश बञ्जाडे**

डाक्टरहरूमा शैक्षिक आरक्षण नीतिहरू विवादास्पद छन् । आरक्षणले चिकित्सा क्षेत्रलाई सही मार्गमा हिँडाउनुपर्छ तर अवस्था त्यस्तो देखिँदैन । आरक्षणका लागि कसरी विद्यार्थीहरु छनोट गरिन्छ ? योग्यता, नियमहरू के हुन् ? आदिबारे खुला बहस गर्नुपर्ने धेरले बुझ्नुपर्ने बेला आएको छ । यसमा समावेश गरिएका सिद्धान्तहरू, विसंगतिहरू, न्यायिक असफलताहरू, विवादास्पद मुद्दाहरू आदिले यसलाई जेलेको छ । जान्नुपर्नेछ समानता, सीमा सर्तहरू, मेरिट आर्गुमेन्टहरूको बारेमा । राजनीति त मुख्य समस्या हो । यो त्यस्तो गठबन्धन बनेको छ, जहाँ उनीहरुले दीर्घकालीन असर नहेरी तत्कालिक लाभका लागि नीति बनाइरहेका छन् । सबै आरक्षणरसामाजिक न्यायका मामिलालाई एउटै तराजुमा जोख्न सकिँदैन । अन्यथा विसंगतिहरू निर्माण हुन्छन् । जुन विसंगतिले प्रतिभामाथि प्रहार गर्छ । चिकित्सामा आरक्षणको नीतिबाट हामीले नेपालमा स्वास्थ्य सेवाको वास्तविक प्रभावलाई हेर्नु आवश्यक छ । नेपालमा डाक्टरहरूको अभाव छैन तर उनीहरू कहाँ छन् ? मुख्य समस्या हो । नेपालमा आज चिकित्सा सेवा सहरी धनीहरूको थप धनी हुने माध्यम हो । सरकारले आफ्नो सेवाहरू घटाएको छ र साथै डाक्टर र चिकित्सा सुविधाहरू सहरी र अर्ध-सहरी केन्द्रहरूमा प्रोत्साहित गरिएको छ । जहाँ पैसा तिर्न सक्षम धेरै जना हुन्छन् वा प्राइभेट सेवा लिइरहेका हुन्छन् । ग्रामीण क्षेत्रमा पूर्वाधारहरू अझै पनि कमजोर छ र यस्तो उपेक्षाले प्रतिबद्ध डाक्टरलाई त्यहाँ बस्न वातावरण बनाइँदैन ।

शिक्षामा वञ्चितहरुलाई पहुँच दिन आरक्षण आवश्यक छ, तर नेपालमा चिकित्सा अभ्यास र स्वास्थ्य सेवाको अनुहार बदल्नको लागि अझ धेरै कुरा चाहिन्छ । वास्तवमा सम्पूर्ण प्रणालीलाई परिवर्तन गर्नु आवश्यक छ । स्वास्थ्य सेवालाई अधिकारको रूपमा हेर्नुपर्छ । चिकित्सालाई वित्तीय सुरक्षा प्रदान गर्नुपर्छ तर यसको अर्थ ठूलो रकम दिने होइन । यसले मुख्यतया आर्थिक उन्नतिका लागि प्रवेश गर्नेहरूको आकर्षण कम गर्दछ । चिकित्सा बिरामी, अशक्त र निराश व्यक्तिहरूलाई सहयोग गर्ने सम्बन्धमा हुनुपर्छ । चिकित्सक भइसकेपछिको आरक्षणका विषयमा छलफल गर्नैपर्ने समयमा हामी छौं । चिकित्सामा ग्र्याजुएटहरुले यो पनि भन्न सक्नुपर्छ कि हामी आरक्षण चाहँदैनौं । जसले हाम्रो क्षमता र योग्यतामाथि प्रश्न गर्छ, त्यस्तो आरक्षण जरुरी छैन । कनभने खुला प्रतिस्पर्धाबाट अब्बल चिकित्सक निर्माण हुन्छन् । विशेषगरी पोस्ट ग्र्याजुएसनमा आरक्षण एकदम अन्यायपूर्ण छ किनकि पोष्ट एमबिबिएस (जुनसँग पहिले नै अत्यधिक आरक्षण प्रणाली रहेको छ जुन सबै कुराको आधारमा गैरयोग्यतामा आधारित छ) प्रत्येक विद्यार्थी बराबर मानिन्छ । सरकारले उनीहरूलाई विशेष अधिकार दिएर अन्य विद्यार्थीहरूको बराबरीको मञ्च प्रदान गरेर उत्थान गरिसकेको छ । यसमा समावेश भएका केही मुख्य मुद्दाहरूलाई प्रकाश पार्नुपर्छ, विशेषगरी नेपालको चिकित्सा शिक्षा प्रणालीको सन्दर्भमा । एमबिबिएसमा आरक्षण जरुरी छ । किनभने उनीहरुले पढ्ने स्कुल फरक छ । उनीहरुले पाउने वातावरण फरक छ । तर जब पोष्ट ग्र्याजुएटको कुरा आउँछ, त्यहाँ आरक्षणको कुरा गर्दा केही सचेत हुनुपर्छ । किनभने एमबिबिएसमा सबैलाई समान अवसर प्रदान गरिएको छ । सबै विद्यार्थीहरूको एउटै पुस्तकालयमा समान पुस्तकहरूमा पहुँच थियो । एनाटोमी हलमा उही उही समान अवसर । उही क्लिनिकल वार्डहरू । उही शिक्षकहरु । उही कक्षा । उही छात्रावास । उही क्यान्टिनहरू । उही बिरामीहरू । उही प्रयोगशालाहरु । उही विषयका पुस्तकहरू । सबै उही भएपछि अब आरक्षणका नाममा फरक बनाउनु अन्यायपूर्ण हुन्छ र प्रतिभावान् चिकित्सक उत्पादन गर्ने नीति विरुद्धको कदम पनि ।

समान अवसर दिंदा पनि कोहफ पछाडि पर्छ भने अब नीतिको दोष हुँदैन । उसको कमजोरी हुन्छ । किनकी एमबिबिएस १९ को श्रेणी र १९०० को श्रेणीले उस्तै अवसर पाएका छन् आरक्षणबाट । अब फरक समुदायबारे होइन, दुई चिकित्सकहरूको क्षमतामा ठूलो भिन्नता छ । एमबिबिएस विद्यार्थीहरूले आधा दशकभन्दा धेरै समय एकसाथ बिताउँछन् । उनीहरूले आधा दशक परिश्रम गरे र धेरै अनिद्राको रात गुमाए । त्यो अवसर सबैलाई थियो । तर प्रवेश परीक्षामा हुने आरक्षणबाट धेरै दिन नसुतेको र परिश्रम बढी गरेको बाहिरिन्छ भने त्यो अन्याय हुन्छ । डाक्टर बनिसकेपछि गरिब, जनजाति, पिछडिएको भन्ने तर्क त्यति जायज हुँदैन ।

अहिले करिब ७० प्रतिशत सिट आरक्षणको लागि तोकिएको छ । स्वास्थ्य सेवामा समानताको अधिकारको विरुद्धमा देखिन्छ । सरकारी सेवामा रहेका चिकित्सकलाई कोटा दिनु उत्तम हो तर जो दुर्गम क्षेत्रमा सेवा दिएको छन् । जो सुगममा बसेर सरकारी करको दुरुपयग गर्ने सेवा नगर्ने र जनताले तिरेको करको रजाईं गरेर पेसाको दुरुपयोग गरेका छन् । उनीहरुलाई होइन, विदेशी कोटा अनि फेरि खुलामा पनि जातिगत कोटा निर्धारण गरिएको छ । यसले कुनै पनि खुला प्रतिस्पर्धामा आउने डाक्टरले पढ्न पाउने छैन । यसमा पनि आधा आफ्नाको लागि आरक्षित छ । म पहिलेभन्दा बढी विश्वस्त छु कि नेपाली चिकित्सा प्रणालीले आफ्ना डाक्टरहरुलाई असफल बनाउँदैछ र महत्वाकांक्षी युवा दिमाग खेर जान दिइरहेको छ । यस्तो अवस्थामा म अब कसैलाई पनि यो फिल्ड सिफारिस गर्ने छैन । जसको आवाज अझै पनि राजनीतिज्ञ र निर्णय निर्माताहरूलाई यी अनुहारविहीन विद्यार्थीहरूको भन्दा बढी महत्त्वको छ- हिसाब गरेर,'यो मेरो समस्या होइन' भन्दै र उनीहरूलाई बेवास्ता गर्दैछ । आरक्षण नीतिहरू सीमित समयसीमा डिजाइन गरिएको छैन । जब कुनै देश र यसका नागरिकले आफ्नो स्वास्थ्य सेवा कार्यक्रम र प्रणाली सुधार गर्न चाहन्छन्, यसको उद्देश्य बौद्धिक डाक्टरको विश्वसनीय ज्ञानले तिनीहरूको रोगको समाधान खोज्छन् । नियमनकारी निकाय चिकित्सा शिक्षाको गुणस्तरका बारेमा चिन्तित रहेको संकेत देखिँदैन । न त उनीहरूको आरक्षणको उद्देश्य पिछडिएका वर्गलाई न्याय र अवसर प्रदान गर्ने आवश्यकतालाई सम्बोधन गर्नु हो । स्वास्थ्य सेवा प्रणालीको गुणस्तर सुधार नगरी आरक्षणमा केन्द्रित नीतिले राम्रो गुणको डाक्टर प्राप्त गर्ने लक्ष्य प्राप्त गर्न सक्दैन ।



नेपालमा फेरि आरक्षणमा ध्यान दिनुपर्छ । जातीय आरक्षणका लागि अझै केही प्रष्ट पार्नु पर्छ । यो केवल त्यस्ता परिवारहरूको लागि हुनुपर्छ, जसका बुवा वा आमाले आरक्षणबाट शिक्षा वा रोजगारी प्राप्त गरेका छैनन् । उच्च आय भएकाहरुका सन्तान उक्त जाति भएकै कारण अरु वास्तविक पीडितको अवसर खोसिरहेका छन् । नेपालमा पनि दलित, उत्पीडित, महिला, गरिब, अल्पसङ्ख्यक, मधेसी, थारु, जस्ता शब्दभन्दा मोडल माइनोरिटीको झल्को दिनेगरी अल्पसङ्ख्यक समुदायका एकाध प्रतिनिधिलाई प्रस्तुत गर्ने चलन बढेको छ । यो शैलीभित्र छिपेको राजनीति खतरनाक छ । यो छलकारी संस्कार हो । पछिल्लो समयमा अमेरिकामा 'मोडल माइनोरिटी'को बहस उर्लिएको छ । आरक्षणका विषयमा अमेरिका, भारत र नेपालमा पनि क्रमशः नकारात्मक विचार बढ्दै गइरहेको छ । अमेरिकामा सीमित एसियन अमेरिकनको शैक्षिक लगायत सफलतालाई औंल्याएर 'मोडल माइनोरिटी'को ट्याग लगाउने ( स्टेरिओटाइपिङ) बुद्धिविलास विरुद्ध आवाज उठेको छ । 'सकारात्मक विभेद', 'आरक्षण' वा 'कोटा सिस्टम'जस्ता शब्दका साटो अमेरिकामा 'मोडल माइनोरिटी' शब्दलाई बढी रुचाउन थालेको छ । अल्पसङ्ख्यक समुदायका केही व्यक्ति कतिपय कुरामा अगाडि हुन्छन् । तिनलाई बढाइ–चढाइ प्रचार गरेर अल्पसङ्ख्यकको मोडलका रूपमा प्रस्तुत गर्ने शैलीलाई पनि नवीन स्वरुपको 'मोडल माइनोरिटी' मान्न सकिन्छ । त्यसैले अब हामी पनि बहसमा उत्रिनुपर्छ- मेधावी चिकित्सकले अवसर पाउन्, जो भोलि हाम्रो उपचार गर्नेछन् । यदि यस्तै आरक्षणको आवरणभित्र लुकेका खेलहरुमै रमाउन थाल्यौं भने मेधावी डाक्टर विदेशिनु पर्नेछ । स्वास्थ्य सेवाको सुधारको नारा अनिश्चितकालका लागि सुनिश्चित हुनेछ । राम्रो उपचार पाएर बाँच्न चाहनुहुन्छ भने पहिले आरक्षण प्रणालीबाट'मारिन' लागेको मेधावी चिकित्सक जोगाउनुहोस् ।

# बैंकिङ पहुँच र आर्थिक विकास बीचको सम्बन्ध

**रामकिशोर मेहता**

आर्थिक वृद्धि र वित्तीय पँहुच बीच सकारात्मक सम्बन्ध रहेको निष्कर्ष विभिन्न अध्ययनहरुले देखाएको छ । आधुनिक अर्थशास्त्रीहरुमध्ये एक व्यकभउज क्अजगफउतभच ले सन् १९३९ मा गर्नुभएको एक अध्ययनले प्रविधिको विकास तथा आर्थिक विकासमा बैंकले महत्वपूर्ण भुमिका निर्वाह गर्दछ भन्ने निष्कर्ष निकालेको थियो । "Capitalism is that form of economy in which innovations are carried out by borrowed money "= – Joseph Schumpter

साना साना निक्षेपकर्ताहरुको निक्षेपलाई एकतित्र गरेर, उत्पादन प्रक्रियालाई केहि सिमित तथा अदक्ष व्यक्तिहरुबाट दक्ष तथा उर्जाशील व्यक्तिहरु समक्ष पुऱ्याउन सहयोग गरेर, विभिन्न उपलब्ध परियोजनाहरुमध्ये सबैभन्दा बढी उत्पादनशील तथा लाभदायक परियोजनाको लागि पुँजीको सुनिश्चितता गरेर, जोखिम लिन नचाहने तथा नसक्ने व्यक्तिहरुबाट जोखिम लिन सक्ने व्यक्तिहरुलाई सस्तो व्याजदरमा पुँजी उपल्बध गराई लगायत अन्य तरिकाहरु अपनाई देशको आर्थिक विकासमा बैंक तथा वित्तीय संस्थाहरुले सहयोग पुऱ्याइरहेका हुन्छन् । सन् १९९० दशकको शुरुवाततिर Robert King र Ross Levine ले गर्नुभएको अध्ययनले के देखाउँदछ भने broad money र GDP को अनुपातमा गरिएको १० प्रतिशत वृद्धिले देशको कुल गार्हस्थ्य उत्पादनमा वार्षिक १ प्रतिशतले वृद्धि हुन्छ । प्राचिन समाजमा बैंकले पैसाको कार्य medium of exchange मा सहयोग गर्ने उद्देश्यले गर्दथ्यो । मध्यकालिन अवधिमा बैंकले साहुको रुपमा काम गर्ने गर्दथ्यो भने अहिलेको एक्काईसौं शताब्दीमा बैंकले परम्परागत रुपमा गर्दै आएका कामहरु बाहेक अझ धेरै थप कामहरु गर्ने गर्दछन् ।

विकासोन्मुख अर्थतन्त्रहरुमा बैंक तथा वित्तीय संस्थाहरुले प्रदान गर्ने सेवाहरु अझ थप गतिमा बढने निश्चित छ, खासगरि एसियामा जहाँ, अर्थशास्त्रीहरुको अनुमान अनुसार, सन् २०३० सम्ममा थप १ अरब मध्यम वर्गीय व्यक्तिहरुको उदय हुनेछ । बैंक तथा वित्तीय संस्थाहरु धेरै नाफा कमाउने क्षेत्रमा जाने भएकोले अर्थतन्त्रको विकासको लागि यिनिहरु कति महत्वपूर्ण छ भन्ने कुरा अझै प्रष्ट भईसकेको छैन । वित्तीय संस्थाहरु विभिन्न प्रकारको सेवा प्रदान गर्ने भएकोले कुन कुन सेवाहरु देशको विकासको सहयोगी तथा कुन कुन सेवाहरु देशको विकासको लागि आवश्यक नरहेको भन्ने सम्बन्धमा कुनै औपचारिक अध्यन भएको पाईंदैन । हाम्रो देशमा समेत गत केहि दशकको अवधिमा बैंक तथा वित्तीय संस्थाहरुको संख्यामा ज्यामितीय रुपमा वृद्धि भएको तथ्य झुटो होईन । अत्याधिक वित्तीय संस्थाहरुको कारण अर्थतन्त्रमा नकारात्मक असरहरु देखा पर्न थालेपछि केन्द्रीय बैंकले बैंक तथा वित्तीय संस्थाहरुको पुँजीमा अत्याधिक वृद्धि गरि तथा बैंक तथा वित्तीय संस्थाहरुलाई मर्जर तथा एक्विजिसनको प्रक्रियामा जानको लागि विभिन्न प्रोत्साहनहरु प्रदान गरि बैंकहरुको संख्या घटाउन लागिपरेको छ ।

यदि देशमा बैंकहरुको संख्या बढ्दैमा आर्थिक विकास भई गरिबी घट्ने भएको भए नेपाल आज विकसित देशहरुको सुचिमा रहनुपर्ने हो । किनभने ठुलो संख्यामा रहेको बैंक, विकास बैंक, वित्तीय कम्पनिहरु, बचत तथा ऋण सहकारी संस्थाहरु तथा माईक्रोफाईनान्सहरुले विभिन्न सेवाहरु प्रदान गरिरहेकै छ । तथापि, बैंक तथा वित्तीय संस्थाहरुको उपस्थितीले देशको आर्थिक विकासमा प्रत्यक्ष तथा अप्रत्यक्ष टेवा पुऱ्याइरहेको हुन्छ । हालसम्म गरिएको अध्यनहरुले के देखाएको छ भने माईक्रोफाईनान्सहरुको कारण सामाजमा भएको फाईदाहरुलाई छोटो अवधि (short term) तथा लामो अवधि (long term) गरी दुई भागमा बाँडेर अध्यन गर्न सकिन्छ । छोटो अवधिमा केहि क्षणिक लाभहरु भएको भए पनि लामो अवधिमा हुने प्रगतिहरु जस्तै शिक्षामा वृद्वि, स्वास्थ्यमा सुधार तथा महिला सशक्तिकरण लगायतमा कुनै सकारात्मक असर परेको पाईंदैन । अर्को एक अध्ययनबाट के पाईएको छ भने बैंकहरुले लचकदार भुक्तानी तालिका (flexible repayment structure) अपनाएको अवस्थामा बैंकको कर्जा लगानी बढी उत्पादनशील क्षेत्रमा जाने सम्भावना हुन्छ । यद्यपि बैंकको कर्जा तोकिएकै समयमा चुक्ता नहुने जोखिम पनि बढ्छ । यदि समाजमा बैंक तथा वित्तीय संस्थाहरुको सहज उपलब्धता छैन भने गरिब जनताहरुले आफ्नो तत्कालिन खर्चहरुलाई केहि समय पर धकेल्न गाह्रो हुन्छ । तसर्थ, बचत गर्ने संयत्र सजिलै उपल्बध भएको अवस्थामा तत्कालिन अलि कम महत्वपूर्ण कारोबारहरु कम मात्रामा गरि बचतको माध्यमबाट केहि आर्थिक प्रगति हासिल गर्न सकिन्छ । सबै जनताहरु वित्तीय पहुँचमा रहेको देशमा सरकारको सामाजिक नीतिहरु सहज तरिकाले कार्यान्वयन गर्न सकिन्छ । सवल तथा सक्षम वित्तीय बजारको माध्यमबाट जनताको standard of living मा वृद्धि, कारोबारको लागतमा कमी, आर्थिक गतिविधिमा बढोत्तरी तथा निजी क्षेत्रको विकास लगायत अन्य सामाजिक फाईदाहरु लिन सकिन्छ । तसर्थ, निष्कर्षमा के भन्न सकिन्छ भने वित्तीय पहुँचको कारण देशको आर्थिक विकास तथा रोजगारी अभिवृद्धिमा सकारात्मक सहयोग पुगेको हुन्छ ।


## होटल चाहियो ? हामी छौ तयार

काठमाडौंको मुटु मानिने सुन्धारामा सुविधासम्पन्न होटलमा उचित खर्चमा उच्चस्तरको बसाइका लागि होटलको खोजीमा हुनुहुन्छ भने हामी तपाईका लागि सहयोगी बन्न सक्छौं ।

**हाम्रा सुविधा तथा विशेषताहरु**

- आवश्यकता अनुसार तातोपानी, चिसोपानीको सुविधा
- व्यक्तिको आवश्यकता अनुसारका ठूला तथा साना कोठाहरु
- पारिवारिक तथा व्यक्तिगत कोठा तथा बेडहरु
- सफा तथा स्वच्छ वातावरण
- सार्वजनिक तथा जुनसुकै किसिमका सवारी साधनहरु जतिबेला पनि उपलब्ध हुने ।
- विभिन्न अन्य स्थान घुम्न जान चाहनेका लागि ती स्थानका लागि सवारी साधनको व्यवस्था, टिकट तथा
- अन्य सहयोगीहरुको सुविधा
- सवारी साधनको आवाज तथा धुँवा धुलोबाट मुक्त
- विभिन्न किसिमका खाजा, खाना ग्राहकको चाहनाअनुसार उपलब्ध गराइने
- बालश्रममुक्त होटल
- पारिवारिक वातावरण

## होटल सनराईज प्लाजा प्रा.लि.

पोखरालाईन, सुन्धारा, काठमाडौं, सम्पर्क नं. ९७७ ०१ ५९०४१५८

इमेल hotelsunrise48@yahoo.com

## फर्निचर चाहिएमा हामीलाई सम्झनुहोस्

- काठमाडौं उपत्यकाका कुनै पनि ठाउँमा काठका फर्निचर चाहिएमा हामीलाई सम्झिनुहोस् । हामी ग्यारेन्टीका साथ तपाईलाई सेवा दिन तयार छौं ।
- कार्यालय होस् वा घर जहाँ पनि फर्निचर चाहिएमा हामीलाई सम्झिनु भएमा हुन्छ ।
- सोफा सेट, टेबल, कुर्सी, पलङ आदि जुनसुकै खालका काठका फर्निचरहरु हामीसँग छन् । उचित मूल्यमा हामी सेवाका लागि हाजिर छौं ।

## फर्निचर महल प्रा.लि.

काठमाडौं, सम्पर्क नं.९८६०२८१६९९ (पुष्पाजी)

# दल, डन र विद्यार्थी संगठन मिलेर विश्वविद्यालय सिध्याउने ?

श्याम श्रेष्ठ

मैले पनि त्रिभुवन विश्वविद्यालयमै शिक्षाशास्त्र संकायमा अध्ययन गरेको हुँ। २०३० को दशकसम्म त्यहाँको युनियन सम्बद्ध विद्यार्थी राजनीति आजको जस्तो अराजक र आपराधिक थिएन। यो मर्यादित र अनुशासित थियो। विद्यार्थीहरू ज्ञानका भोका र मिहिनेती थिए। ज्ञान निर्माणका सहजकर्ता प्राध्यापकहरू औधी सम्मानित थिए। राज्यको साथ पाएका गुण्डागर्दीका नायक मण्डलेहरू त्यतिबेला पनि थिए तर उनीहरू निकै थोरै थिए। थाहा पाउनेहरू भन्छन्- २०४० को दशकसम्मै त्रिभुवन विश्वविद्यालयमा यो स्थिति कायम थियो। परन्तु पञ्चायती निरंकुशतन्त्रको विनाश भएर बहुदलीय लोकतन्त्र आएपछि विश्वविद्यालयको प्राज्ञिक वातावरण अझ राम्रो हुनुपर्नेमा त्यसको ठीक उल्टो हुँदै गयो। अहिले आइपुग्दा दुःखसाथ यो तीतो सत्य भन्न कर लाग्छ- गणतान्त्रिक नेपालमा विश्वविद्यालयमा सिक्ने सिकाउने कुनै प्राज्ञिक वातावरण नै छैन। सिक्ने भोक भएका विद्यार्थीहरू अहिले पनि नभएका होइनन्। सबै विद्यार्थी युनियनका नेताहरू पथभ्रष्ट भएका पनि होइनन्। तर, सत्तारुढ वा शक्तिशाली राजनीतिक दलसित सम्बन्धित विद्यार्थी युनियनका कैयन् अगुवाहरू अहिले आएर अपराध र गुण्डागर्दीका प्रतीक भएका छन्। आर्थिक भ्रष्टाचार गर्न विद्यार्थी नेताहरू सबैभन्दा पहिले विद्यार्थी युनियनमै सिक्छन्।

फेल भएको विद्यार्थी जसरी पनि पास गर्न, भर्ना हुन अयोग्य विद्यार्थी येनकेनप्रकारेण भर्ना गर्न, आफूले चाहेको अयोग्य प्राध्यापकलाई खोजेको पदमा पदोन्नति गर्न विद्यार्थी युनियनको शक्तिको व्यापक दुरुपयोग भइरहेको देखिन्छ। आफ्ना नाजायज माग पूरा गर्नका लागि विश्वविद्यालयको कुनै पनि विभागमा र उपकुलपति कार्यालयमा तालबन्दी गर्नु त अचेल साधारण घटनाजस्तै भएको छ। कुनै पनि देशको विश्वविद्यालय भनेको त्यो मुलुकको अत्यन्त महत्त्वपूर्ण र सर्वोच्च ज्ञान निर्माण केन्द्र र राष्ट्रिय अनुसन्धानशाला हो। तर, नेपालको विश्वविद्यालयमा अहिले यी दुवै विशेषता ज्यादै कम हुन थालेका छन्। विश्वविद्यालयको हाताभित्र हालसालै स्थापित विद्यार्थी संगठनका अगुवाहरूकै पहलमा सम्मानित प्राध्यापकहरूमाथि जे-जस्ता आपराधिक घटना भइरहेका छन्, त्यसले गुणस्तरीय उच्चशिक्षा र प्राज्ञिक स्वतन्त्रताको अपेक्षा राख्ने हरेक नागरिकलाई निकै चिन्तित तुल्याएको छ। यस्तो लाग्छ, विश्वविद्यालयको विद्यार्थी राजनीति न्यूनतम मूल्यमान्यताशून्य र लज्जाविहीन भएको छ। नेपालको दलीय राजनीति मानवताविहीन र विवेकरहित भएको छ। यो दिउँसोको घामजत्तिकै छर्लङ्ग छ कि स्थापित शक्तिशाली राजनीतिक दलको पुट नपाईकन यस्तो घटना सहजै हुन सम्भव नै हुँदैन। कथंकदाचित भइहाले पनि चिन्हित अपराधी लामो समय दण्डित नभइरहन सम्भव नै हुँदैन। तर, उदेकलाग्दो यथार्थ त यो भएको छ कि त्रिभुवन विश्वविद्यालयजस्तो देशको सबैभन्दा ठूलो र प्रतिष्ठित विश्वविद्यालयमा एक जना प्राध्यापकमाथि यस्तो घटना दिनदहाडै हुँदा पनि र कसबाट यो घटना भएको हो भन्ने कुरा सर्वत्र सार्वजनिक हुँदा पनि सम्बन्धित माउ राजनीतिक पार्टीले यस्तो आपराधिक क्रियाकलापविरुद्ध एउटा वक्तव्य पनि निकाल्न जरुरी ठानेको छैन।

घटनाका लागि जिम्मेवार आफ्नै विद्यार्थी संगठनका स्थानीय अगुवालाई दण्डित गर्नु त टाढाको कुरा, पीडित प्राध्यापककहाँ आएर सहानुभूतिका दुई शब्द खर्चनसमेत जरुरी ठानेको छैन। आफूलाई लोकतन्त्रको सबैभन्दा ठूलो संवाहक ठान्ने राजनीतिक शक्तिबाट यस्तो उदेकलाग्दो दण्डहीनता किन प्रदर्शित भइरहेछ ? गएको असोजको तेस्रो सप्ताहान्तमा त्रिभुवन विश्वविद्यालयमा समाजशास्त्र विभागका उपप्राध्यापक प्रेम चलाउने विश्वविद्यालय हाताभित्रै क्रिकेट मैदाननेर ढल्दो बिहानको खुल्दो उज्यालोमा भाडाका गुण्डाहरूसहित एउटा अत्यन्त स्थापित देशकै सबैभन्दा जेठो लोकतान्त्रिक पार्टीसित सम्बद्ध विद्यार्थी संगठनका स्थानीय नेताहरूबाट अनाहकमा पिटिएका छन्। त्यो पिटाइले उनको टाउकोदेखि पैतालासम्म पूरै शरीर घाउ नै घाउले भरिभराउ हुनुका साथै उनको खुट्टा मात्रै भाँच्चिएन, उनी झण्डै मरेनन्। धन्न, एक जना बाटो हिँड्ने महिलाको चिच्याहटले उनलाई मारिनबाट बचाएछ। उपचारपछि पनि अहिले उनी अपांग भएका छन् र कैयन् महिनासम्म घरको कोठाको चौघेरोभन्दा बाहिर निस्कन नसक्ने भएका छन्। फगत विश्वविद्यालयको समाजशास्त्र विभागमा विद्यार्थीहरूले लगाइदिएको ताला विश्वविद्यालय प्रशासन, प्रहरी र प्राध्यापकहरू मिलेर संयुक्त रूपमा खोल्दाको क्रिया-प्रतिक्रियामा यो घटना भएको देखिएको छ।

जब कुनै प्राध्यापक विश्वविद्यालय हाताभित्रै अनाहकमा कुटिन्छन्, र पनि दोषीमाथि हप्तौं बित्दासमेत सजाय हुँदैन। उल्टो अदालतले भटाभट प्रमाणसहितका आरोपितलाई निर्दोष मानिसलाई झैं मुक्त गर्छ, तब ठान्नुपर्दछ कि देशमा न्यायको मृत्यु भइसक्यो। अब कोही नागरिक कतै पनि सुरक्षित छैन। अब यहाँ कुनै पनि बेला जो जहाँ पनि अकारण पिटिन सक्छ, मारिन पनि सक्छ। के भएर गएको हो, नेपाली विद्यालय संगठनतन्त्र, दलतन्त्र र राज्य ? कहाँ बिलाएर गएको हो नेपाली न्याय प्रणाली ? नेपालमा अहिले दलका नेता, विद्यार्थी संगठन र डनको एउटा आपराधिक त्रिकोण निर्माण भएको छ। दलका नेतालाई जसरी पनि चुनाव जित्न मुफ्तमा लडाकु कार्यकर्ता चाहिएको छ। त्यो विद्यार्थी संगठनहरूले उपलब्ध गराइरहेका छन्। विद्यार्थी संगठनका नेताले जे-जस्तो कुकर्म गरे पनि रक्षाकवच तथा राजनीतिक उच्च पद दिलाउन र पञ्चखत माफी गराउन राजनीतिक दलका नेता चाहिएको छ। विद्यार्थी संगठनहरूलाई फेल भएका विद्यार्थी जसरी भए पनि पास हुने बनाउन, भर्ना नै हुन अयोग्य विद्यार्थी भर्ना हुन सक्ने गराउन सित्तैंमा भाडाका गुण्डा चाहिएको छ। त्यो आपराधिक डनहरूले उपलब्ध गराउँछन्। डनहरूलाई जे-जस्तो अपराध गरे पनि बिनादण्ड छुट्ने बनाउन र नियमित पैसाको स्रोत जुटाउन दलका नेता र विद्यार्थी संगठनका नेता दुवै चाहिएको छ। यसरी यी तीन थरीको जब्बर फलामे त्रिकोण बनेको छ। यसैका आधारमा समकालीन विश्वविद्यालय र महाविद्यालयस्तरको नेपाली विद्यार्थी राजनीति चल्दै छ।

यो त्रिकोणको चरम शिकार भएका छन्- निर्दोष मिहिनेती प्राध्यापकहरू, सोझा मेधावी विद्यार्थीहरू र गुणस्तरीय उच्च शिक्षा खोज्ने सर्वसाधारण अभिभावकहरू। यो त्रिकोणले त्रिभुवन विश्वविद्यालयलगायत तमाम नेपाली विश्वविद्यालयको शिक्षाको गुणस्तर र प्राज्ञिक वातावरणलाई ध्वस्त बनाएको छ। यही त्रिकोणको दबाबमा परेर थुप्रै प्राध्यापकहरू कक्षामा कहिल्यै मुख नदेखाउने टुरिस्ट विद्यार्थीलाई समेत परीक्षामा उत्तिकै पास गराउन वा ज्यादा अंक प्रदान गर्न विवश भएका छन्। पढाउँदै नपढाउने जुनिएर प्राध्यापकलाई समेत त्यही त्रिकोणले भनेअनुसार कैयन् तह अनायास पदोन्नति गरेर विभागीय प्रमुख बनाउन विश्वविद्यालय प्रशासन थुप्रै पटक बाध्य भएको छ। त्यो नमाने वा मेरिटका आधारमा कुनै प्राध्यापकलाई विभागीय प्रमुख बनाए विश्वविद्यालय वा विभागमा ताला लाग्छ। प्रहरी, प्रशासन र प्राध्यापक सबै मिलेर त्यो ताला फोडे कैयन्ले उपप्राध्यापक प्रेमबहादुर चलाउनेको नियति भोग्छन्। पिटिने प्राध्यापकका दोषी-अपराधीलाई प्रहरीले प्रमाणसहित पक्रन्छ तर ठूला दलका ठूला नेताहरूको जोडबलमा अदालतले तिनलाई फुक्काफाल छोडिदिन्छ। उपप्राध्यापक चलाउनेको हकमा त्यही परिघटना उदांगो रूपमा देखा परेको छ। यसैको फलस्वरुप प्राज्ञिक वातावरणले भरिभराउ हुनुपर्ने त्रिभुवन विश्वविद्यालयलगायत देशभरिका थुप्रै विश्वविद्यालयमा अहिले यही राजनीतिक दल, तिनका स्याटलाइट विद्यार्थी संगठन र आपराधिक डनहरूको त्रिकोणले सिर्जना गरेको डर र आतङ्कको महाभूत छाएको छ। आजका दिनमा विश्वविद्यालयमा प्राध्यापकहरूले कक्षा कोठामा राम्रो पढाएर पुग्दैन, विभागीय प्रमुखहरूले राम्रो व्यवस्थापन गरेर मात्र पुग्दैन, उनीहरूले यो त्रिकोणप्रति बफादार र जवाफदेही हुनु ज्यादा आवश्यक छ। जहाँ डर र आतङ्कको राज हुन्छ, त्यहाँ विद्यालयमा प्राज्ञिक वातावरण कायम हुनै सक्दैन।

अहिले नेपालका विश्वविद्यालयहरूको पढाइको स्तर लाजमर्दो ढंगले खस्किनुमा दल, डन र विद्यार्थी संगठनको यही त्रिकोणात्मक सम्बन्ध सबैभन्दा ज्यादा जिम्मेवार छ। विश्वविद्यालय सपार्न अरु पनि उपाय चाहिएलान् तर यसलाई भत्काएर भताभुङ्ग नबनाएसम्म नेपालका विश्वविद्यालयहरू उँभो लाग्ने कुनै सम्भावना छैन। एक समय थियो- नेपालका विद्यार्थी संगठनहरू नेपालको लोकतान्त्रिक वा प्रगतिशील राजनीतिक क्रान्तिका संवाहक तथा जगेडा शक्ति थिए। अहिले राजनीतिक दल र डनको आडमा तिनै दलैपिच्छेका विद्यार्थी संगठनहरू नेपालका विश्वविद्यालयहरूमा प्राज्ञिक स्वतन्त्रता र गुणस्तरीय शिक्षणका महाशत्रु भएका छन्। ती ज्युँकात्युँ रहुञ्जेल न त विश्वविद्यालयमा मेरिटका आधारमा प्राध्यापक, विभागीय प्रमुख, उपकुलपति, रजिष्ट्रारको नियुक्ति सम्भव छ, न गुणस्तरीय शिक्षण, विद्यार्थी भर्ना तथा परीक्षा प्रणाली नै सम्भव छ।

अतः नेपालका विश्वविद्यालयहरूमा गुणस्तरीय शिक्षण आवश्यक छ भने विद्यार्थीको हक हितका लागि लड्न एउटा मात्र साझा विद्यार्थी युनियन बाँकी राखेर दलैपिच्छेका सारा विद्यार्थी युनियनमाथि निर्दयतापूर्वक प्रतिबन्ध लाउनुपर्ने बेला आएको छ। किनभने पञ्चायतकालीन मण्डलेतन्त्र र यसमा कुनै भिन्नता नै रहन छोडेको छ। देशमा यतिबेला दुईतिहाइ नजिकको 'वामपन्थी' शक्तिको सरकार छ भनेर दावा गरिन्छ। तर, विद्यार्थी संगठनका स्थानीय नेताले पेसेवर डनहरूको सहयोग लिएर गरेको यो खुल्लमखुल्ला गुण्डागर्दी तथा मार्ने नियतले भएको कुटपिटजन्य अपराधमा वाम सरकार किन चुप छ ? अपराधी जतिसुकै पहुँचवाला किन नहोस्, ऊ किन न्यायको कठघरामा आउँदैन ?

यति शक्तिशाली राज्यले प्रहरी लगाएर अपराधी पक्रनु मात्र ठूलो कुरा होइन, अपराधीलाई सप्रमाण दण्ड दिन सक्नु र पीडितलाई शारीरिकरमानसिक उपचार र न्यायको अनुभूति दिलाउनु मुख्य कुरा हो। तर, यहाँ त प्रहरी संयन्त्र र सरकारी वकिलको कार्यालयमा अपराध सहजै सकारेका अभियुक्तहरू न्यायालयबाट फुक्काफाल छोडिएका छन्। पीडितको ज्यान उनीहरूबाट फेरि पनि उच्च जोखिममा छ। यो परिप्रेक्ष्यमा चारैतिर प्रश्न उठ्नु स्वाभाविक छ- यति शक्तिशाली सरकारले एक जना प्राध्यापक दिनको उज्यालोमै विश्वविद्यालयको हातामा अनाहकमा मरणासन्न हुने गरी पिटिएको दुई महिना नाघिसक्दा पनि न्याय दिलाउन सक्दैन भने उसले गरिखान चाहिँ के सक्छ ? यस्तोमा आमनागरिकले कसरी सुरक्षित अनुभूति गर्न सक्छन् ?

# The Christmas Star

Maybe this past week you have been like me and have been staring up into the sky at sunset to see one of the most spectacular celestial events that hasn't been so clearly visible for centuries. It was the bright spectacle of Jupiter and Saturn drawing nearer to each other, known as the "great conjunction," When the two largest planets in our solar system appear closer to each other in the night sky than at any point in almost 400 years. Even now as they draw apart, sky watching experts say they are still clearly visible because of the brightness of the two planets. The two planets haven't looked this close from our vantage point since 1623, and even then their position, being closer to the sun, wasn't ideal. So really, this is the most spectacular this conjunction has been from our view since probably 1226. The next opportunity won't be quite such a long wait, as the next conjunction is set for 2080. So if you missed it on Monday night lookout tonight in a west south west direction and you may still see them moving apart!



However, it is all a trick of cosmic perspective, in reality the planets are around 450 millions miles apart from each other. Although the alignment in the sky makes them seem closer, their actual distance apart hasn't changed. This alignment of Jupiter and Saturn occurs every 20 years, at the commencement of the winter season for the northern hemisphere and summer season for the southern hemisphere. This is when the sun reaches the southernmost point in the sky for that year. That makes the winter solstice, on 21st December, the shortest day of the year. A consequent of it happening around the time the Christian church celebrates the birth of Jesus Christ God's son on the 25th December, it is called the Christmas star.

The Bible tells the story of three wise men coming from the east who followed a bright star in the sky to Jerusalem. These men had spent years studying the stars and planets. So when they saw this unexpected star in the sky they searched diligently to find out what it could mean. Searching through the history annuals they found an explanation for this new and unusual star in the Bible. The Bible contains many prophecies and one says a Star with a scepter shall rise out of Israel. A scepter is a sign of a king and therefore the wise men believed that the star was the sign of this royal birth. So they journeyed over 9000 miles, taking about 2 ½ years and went and sought an audience with the King of Israel and said "Where is he that is born King of the Jews? for we have seen his star in the east, and are come to worship him." The king was surprised by this and asked his own wise men what these men were talking about. They too explained from another Bible prophecy that says 'the child would be born in Bethlehem'. The wise men therefore continued their journey to see this child and to their great delight they saw the star again and followed it right to the place where the young child was. What a joyous moment it was after travelling for so long to finally see this child who would bring peace and joy to the world. The names recorded for the child are found in Isaiah 9 verse 6 it says "For unto us a child is born, unto us a son is given: and the government shall be upon his shoulder: and his name shall be called Wonderful, Counsellor, The mighty God, The everlasting Father, The Prince of Peace." Today Christ continues to fulfil this prophecy and brings peace and joy to men and women throughout the nations.

The Christmas Star was sent to bring these men from far away to Christ the king. Today the Christian church celebrates this coming in their Christmas cards and carols and by worshipping Christ the King, exactly what the wise men did more than 2000 years ago.

Wishing all my readers a Merry Christmas and a Happy New Year

**P. Pilgrim,** pilgrimway101@yahoo.com

**शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले,**

- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं।
- शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं।
- गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने व्यवस्था मिलाऔं।
- चिसोका कारण पुशपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्न लैजाऔं।
- कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**
संचारग्राम, काठमाडौं

**निर्माणका लागि हामीलाई सम्झनु होस्**

कुनै पनि किसिमका निर्माण कार्य गर्नु परेमा, बाटो बनाउने, भवन निर्माण गर्ने तथा विशेष गरी विद्युतीय सबस्टेशनको निर्माण, मर्मत आदि कार्यको लागि हामीलाई सम्झनु होस्।

विद्युतीय सबस्टेशनसँग सम्बन्धित कार्यहरुका लागि हाम्रो सेवा तपाईका लागि एकदमै उपयोगी र प्रभावकारी हुन सक्छ किनकि सो क्षेत्रमा हाम्रो दक्षताले गर्दा मुलुकको विद्युत विस्तारमा ठूलो योगदान मिलेको छ। त्यसैले विद्युतीय पोल बिस्तारदेखि तारहरु तान्ने कार्यहरुमा हामीले गुणस्तरीय सेवा प्रदान गर्दै आएका छौं।

**'तपाईहरुको सन्तुष्टि नै हाम्रो उपलब्धि हो'**

सम्पर्क :
**प्रविधि कन्स्ट्रक्सन प्रा.लि.**
काठमाडौं - ११, काठमाडौं

# सरकारी सम्पत्तिको संरक्षण कसरी गर्ने ?

**गोकर्ण सुयल**

जन, धन र स्वतन्त्रताको संरक्षण र सुनिश्चितताको लागि स्थापना गरिएको सार्वजनिक प्रशासनले दैनिक प्रशासनिक, विकासात्मक र विपत व्यवस्थापन सम्बन्धी कार्य गर्न सार्वजनिक कोषको उपयोग गर्दछ। सार्वजनिक प्रशासनले दैनिक प्रशासनिक कार्य संचालन गर्न राज्यको ढुकुटीबाट खर्च हुने रकमबाट खरिद गरिने त्यस्तो सामानलाई विद्यमान वित्तिय व्यवस्थापन प्रणालीले दुई भागमा वर्गिकरण गरेको छ। एक पटक प्रयोग गरेपछि पुनः उपयोग गर्न नसकिने वा न्यूनत्तम अवधि आयु भएका वा न्यूनत्तम रकम कलमबाट खरिद गर्न सकिने खर्च भएर जाने जिन्सी सामान र एक वर्षभन्दा बढी आयु भएको र मर्मत सम्भार गरी पुनः प्रयोग गर्न सकिने वा पत्रु मूल्य कायम हुने जिन्सी सामान खर्च भएर नजाने जिन्सी सामान हुन्।

खर्च भएर जाने सम्पत्तिमा गरिने खर्चको प्रकृति 'भेरियबल' स्वाभावको हुन्छ भने खर्च भएर नजाने सम्पत्तिमा भएको खर्च स्थिर प्रकृतिको हुन्छ। मसलन्द, छपाई, स्टेशनरी, फर्निचर फिक्चर्सस कम्प्युटर, प्रिन्टर, सर्भर, ल्यापटप फोटोकपी मेसिन, रेफ्रिजेरेटर, जेनेरेटर, ट्रान्सफर लगायतका विद्युतीय सामानहरुस साना तथा ठूला सवारी साधनहरु, हेलिकोप्टर, हवाईजहाजस भेन्टिलेटर, सिटिस्क्यान, एक्सरे लगायतका स्वास्थ्य उपकरणहरु यस अन्तर्गत पर्दछन्। सरकारी तथ्यांक केलाउने हो भने प्रदेश सरकारहरुले एक अर्ब ६८ करोड, स्थानीय सरकारले एक अर्ब सतासी करोड र संघीय सरकारले पाँच अर्ब ८६ करोड रकम आ.व. २०७५र७६ मा सवारी साधन खरिद गर्न खर्च गरेको देखिन्छ। यो सरकारी निकायले सम्बन्धित खर्च शीर्षकमा विनियोजन भएको रकमबाट खर्च भएको रकम मात्र हो। यो बाहेक सडक विभाग, सिंचाई विभाग, खानेपानी तथा ढलनिकास विभाग, सहरी विकास तथा भवन निर्माण विभागले कटिन्जेन्सी रकमबाट यत्तिकै परिमाणमा रकम खर्च गर्ने गरेको पाइन्छ। यो एक वर्षको आंकडा भएपनि करिब यतिनै रकम राज्यले प्रत्येक वर्ष फर्निचर फिक्चर्स, सवारी साधन, मेशिनरी औजारमा खर्च गरेको पाइन्छ। राज्यले खर्च भएर जाने र नजाने जिन्सी सामानको खरिदको लागि प्रत्येक वर्ष ठूलो धनराशी खर्च गरेको हुन्छ।

कारोना भाइरस महामारी पछिको स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन, संक्रमणको जोखिम घटाउन समेत अर्बौं रुपैयाँ यसै जिन्सी सामान खरिदमा प्रयोग भएको छ। पब्लिक पर्सबाट खर्च हुने यस्तो रकमको भ्यालु क्रियसन गर्न जिन्सी सामानको खरिद, उपयोग र संरक्षणमा विशेष ध्यान दिनु आजको टड्कारो आवश्यकता हो। खर्च भएर नजाने जिन्सी सामानको खरिद, प्रयोग, संरक्षण र व्यवस्थापनमा भने सम्बन्धित उत्तरदायी अधिकारीको पर्याप्त ध्यान पुग्न सकेको देखिदैन। महालेखा परीक्षकको वार्षिक प्रतिवेदन अध्ययन गर्दा होस वा वार्षिक तथा चौमासिक रुपमा गरिने प्रगति समीक्षा बैठकमा उठेका विषयहरु हुन वा देशको ठूलो प्रशासनिक केन्द्रमा प्रयोगहीन अवस्थामा थुप्रिएको सवारी साधनको अवस्थालाई नियाल्दा होस्, यसले जिन्सी सामानको प्राप्ती, प्रयोग, परिचालनमा कही न कही समस्या रहेको तथ्यलाई उजागर गर्दछ। यसले एकातर्फ सार्वजनिक स्रोतको प्रयोगमा कार्यदक्षता, मितव्ययिता, प्रभावकारीता अपनाउन नसकिएको पुष्टि हुन्छ भने अर्कोतर्फ वर्षौंदेखिको समस्या रहेको यो विषय सरकारी अधिकारीहरुको प्राथमिकतामा पर्न नसकेको महशुस हुन्छ। यसले सरकारी अधिकारीहरु खर्च भएर नजाने जिन्सी सामानहरु मर्मत सम्भार गरी पुनः प्रयोगमा ल्याउनेभन्दा पनि नयाँ खरिदमा बढी जोड दिन्छन भन्ने मतलाई समर्थन गर्न बल पुग्ने देखिन्छ। नेपाल सरकारका हरेक मन्त्रालय, विभाग र सार्वजनिक संस्थानका महत्वपूर्ण स्थानहरु पत्रु र प्रयोगहीन जिन्सी सामाग्रीको 'डम्पिङ साइट' भएको तथ्यले यसलाई थप प्रष्टयाउने प्रयास गरेको छ। यसले एकातर्फ कार्यालयलाई कुरुप बनाएको छ भने अर्को तर्फ कार्यालयको 'होल्डिङ' र 'क्यारिङ कस्ट' बढाएको छ।

अर्को तर्फ करौडौका मूल्यका सामानहरु विस्तारै हराउने, चोरिने, सड्ने कुहिदै जाँदा 'स्क्रयाप भ्यालु' शुन्य हुने देखिन्छ। सामान्य मर्मत सम्भारबाट चल्ने यन्त्रउपकरण र सवारी साधनहरु समेत त्यत्तिकै थन्काएर राख्दा आज कयौं सामानका अस्थिपन्जर मात्र भेटिन्छ भने कतिको अस्तु समेत नभेटिने अवस्थामा पुगेको छ। जिन्सी सामानको खरिद, उपयोग र व्यवस्थापनको लागि विद्यमान आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन तथा नियमावली र सार्वजनिक खरिद ऐन तथा नियमावलीमा आवश्यक व्यवस्थाहरु रहेको पाइन्छ। प्रत्येक वर्ष कार्यालयले वार्षिक रुपमा जिन्सी निरीक्षण गरी मर्मत सम्भारबाट प्रयोगमा आउन सक्ने र प्रयोगमा आउन नसक्ने सामानको 'क्लष्टरीङ' गरेको हुन्छ। सो अनुसार कानुनी व्यवस्थाको पालना गरी मर्मत सम्भार र लिलाम विक्रीतर्फ सम्बन्धित निकायको ध्यान पुग्न सकेको छैन। समयमा मर्मतसम्भार गरी पुनः प्रयोगमा ल्याउन सके नयाँ खरिदमा विनियोजन गर्नुपर्ने बजेटमा व्यापक कटौती गर्न सकिन्छ भने नियमित मर्मतसम्भारबाट मर्मतसम्भारको लागतमा समेत भारी कटौती गर्न सकिन्छ। मर्मतसम्भारबाट पुन प्रयोगमा आउन नसक्ने जिन्सी मौज्दातको लिलाली प्रक्रियाबाट करौडौं रुपैयाँ राज्य कोषमा जम्मा गर्न सकिन्छ।

हालै महालेखा नियन्त्रक कार्यालयले सरकारी सम्पत्तिको एकीकृत अभिलेख राख्न एकीकृत सार्वजनिक सम्पत्ति व्यवस्थापन सूचना प्रणाली कार्यन्वयनमा ल्याएको छ। यसबाट वास्तविक सम्पत्तिको विवरण प्राप्त हुने विश्वास गर्न सकिन्छ। केही मन्त्रालयले सवारी साधन लिलाम विक्रीको लागि प्रयास गरेको भएतापनि सवारी साधनको अद्यावधिक विवरण नभएको, सम्पत्तिको मूल्य निर्धारण गर्न कठिनाई भएको, विवरण अनुसारको जिन्सी सामानको परिमाण र गुणस्तर साइटमा नरहेको, सामानहरु छरिएर रहेको, न्यून परिमाण मात्र बोलकबोल गर्दा सेवा प्रदायकहरु आकर्षित नहुने जस्ता समस्याका कारण लिलामी प्रक्रिया प्रभावकारी हुन सकेको छैन। यी विषयहरुलाई अझ प्रभावकारी बनाउन सार्वजनिक खरिद ऐनमा 'बाई व्याक' विधिको व्यवस्था गरिएतापनि यसको समेत प्रभावकारीता देखिएको छैन। जिन्सी सामानको लिलामी प्रक्रियालाई व्यवस्थित बनाउन सरकारले कागजात अद्यावधिक नभएका एवं फिल्डमा रहेको जिन्सी सामानको अवस्था र कागजी विवरण रुजु नभएका जिन्सी सामानको निसर्ग गर्ने सम्बन्धमा एक पटकको लागि नेपाल सरकारबाट आवश्यक नीतिगत निर्णय हुनुपर्ने देखिन्छवास्। त्यस्तै सेवा प्रदायकले लिलामी सकार गरी लगेका जिन्सी सामानको मर्मत सम्भारको लागि आवश्यक पाटपुर्जा पैठारीमा सहजिकरण गर्न वा मर्मतपछिको प्रयोगको स्थान एवं अवधी सुनिश्चित गर्न वा पत्रु सामान निकासीमा सहजीकरण वा प्रोत्साहनको व्यवस्था गर्न सकेमा लिलामी प्रक्रियालाई प्रभावकारी बनाउन सकिन्छ।

त्यस्तै लिलामी प्रक्रियालाई बढी पारदर्शी र प्रतिस्पर्धी बनाउन लिलामपछि समेत मर्मतसम्भार मार्फत प्रयोगमा आउने सामानहरु र कुनै पनि तरिकाले मर्मतसम्भार हुन नसक्ने सामानहरु सेवा प्रदायकको उपलब्धता, बजारको आवश्यकता समेतको आधारमा उपयुक्त र आकर्षक प्याकेज डिजाइन गर्नुपर्ने देखिन्छ। ताकी लिलामी प्रक्रिया पनि सहजरुपमा अगाडि बढाउन सकियोस् र सरकारी ढुकुटीमा आउने राजस्व समेत नगुमोस्। यसको लागि एकीकृत सम्पत्ति व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त सूचनाको आधारमा कम्तिमा प्रदेशस्तरमा एक पटक मर्मतमार्फत पुनः प्रयोगमा आउन नसक्ने जिन्सी सामानहरु एकीकृत लिलाम बढाबढ सम्बन्धी कारबाही चलाउनु उपयुक्त हुनेछ। जसले सरकारी कोषमा जम्मा हुने राजस्वलाई बढाउछ भने लागतमा समेत कटौती गर्न सघाउँछ। लिलामी प्रक्रियाबाट समेत निसर्ग हुन नसकेका जिन्सी सामानहरु राष्ट्रिय आविष्कार केन्द्र जस्ता अध्ययन अनुसन्धानमा दत्तचित्त संस्थासँग समन्वय गरी न्यून लागतमा मर्मत सम्भार गरी पुनः सरकारलाई हस्तान्तरण गर्ने गरी उपलब्ध गराउन सकिन्छ। उक्त संस्थालाई सरकारले न्यून लागतमा मर्मत सम्भार गर्ने व्यवस्थाको लागि दिपक्षीय सम्झौता गर्न सक्ने तथा आवश्यक पाटपूर्जा खरिद तथा पैठारीमा आवश्यक सहजिकरण र सहुलियत प्रदान गर्ने तथा न्यूनत्तम मर्मतसम्भार अनुदान रकम उपलब्ध गराई आकर्षित गर्न सकिन्छ।

हालै गंगालाल हृदयरोग केन्द्रको प्रयोगहिन अवस्थामा रहेको केही थान भेन्टिलेटर मर्मत गरी राष्ट्रिय आविष्कार केन्द्रले पुनः प्रयोग गर्ने अवस्थाको बनाइ अस्पताललाई हस्तान्तरण गरेको समाचारलाई आधार मान्ने हो भने हजारौंको संख्यामा रहेको सरकारी सवारी साधनलाई मर्मतसम्भार गरी विद्युतीय सवारीमा रुपान्तरण गर्न सकिन्छ। त्यस्तै सरकारी निकायमा प्रयोगहीन अवस्थामा थन्केको डेक्सटप, ल्यापटप कम्प्युटर, प्रिन्टर र फोटोकपी मेसिनको मर्मतसम्भार पछि हजारौं सामुदायिक विद्यालयमा आइटी ल्याब स्थापना गर्न सकिन्छ। जेनेरेटर, ट्रान्सफर लगायतका विद्युतीय उपकरणको मर्मत गरी ग्रामिण विद्युतीकरणमा प्रयोग गर्न सकिन्छ। यसले एकातर्फ राज्यको ढुकुटीबाट करोडौं रुपैयाँ बाहिरिनबाट बचाउँछ भने विद्युतीय सवारीसाधन र सूचना प्रविधिको प्रयोगमा प्रवर्द्धन गर्न सहयोगी हुनेछ। अर्कोतर्फ रोजगारी, नवप्रवर्द्धन र उद्यमशीलता विकासमा समेत टेवा पुग्नेछ। जिन्सी व्यवस्थापन नेपालको सार्वजनिक वित्तिय व्यवस्थापनको अत्यन्तै महत्वपूर्ण विषय हो। समयमा उपचार नपाएको कारण यो समस्या दिनदिनै बल्झदै गएको छ। आगामी दिनमा कार्यालयको आवश्यकता र औचित्यताको आधारमा मौजुदा सामान प्रयोगमा आउन नसक्ने अवस्थामा मात्र नयाँ सामान खरिदमा जोड दिने व्यवस्था नीतिगत रुपमा गर्नुपर्ने छ भने नयाँ खरिद गर्दा पुराना सामान 'एक्चेन्ज' गर्ने 'बाई ब्याक' विधि सम्बन्धी सार्वजनिक खरिद कानुनको पालना अनिवार्य गर्नुपर्ने हुन्छ।

सार्वजनिक खरिद गर्दा सस्तो, नयाँ मोडल, 'फेसनेवल' र आरामदायी सामान खरिद गर्नभन्दा पनि उक्त सामानको खरिदपछिको मर्मतसम्भारको अवस्था, मर्मतसम्भारको सुविधाको उपलब्धता, मर्मतसम्भारमा लाग्ने सम्भावित खर्च, महत्वपूर्ण पाटपूर्जाको उपलब्धता, गुणस्तर, टिकाउपन, 'रिसेल भ्यालु'को सुनिश्चिता भएका सामानको खरिदमा मात्र जोड दिनुपर्ने देखिन्छ। कोरोना भाइरसको प्रभावलाई न्यूनिकरण गर्न वा स्रकमणको विस्तार रोक्न नेपाल सरकारले सार्वजनिक स्वास्थ्य प्रणाली सुधार गर्न खरिद गरिने जिन्सी सामानको खरिद र व्यवस्थापनमा समेत यसको आवश्यकता टडकारो देखिन्छ। सार्वजनिक स्रोतको कुशल व्यवस्थापनको लागि खरिद, उपयोग, संचालन र मर्मतसम्भारका क्षेत्रहरुलाई समान दृष्टिले हेर्नुपर्ने हुन्छ। मितव्ययिता, कुशलता, प्रभाकारिता र दक्षता यसका आधारभूत सर्त हुन्। यी विषयहरुलाई ध्यानमा राखी सार्वजनिक सम्पत्ति व्यवस्थापनलाई प्रभावकारी बनाउन सकेमा सार्वजनिक वित्तिय व्यवस्थापन नयाँ अध्यायमा प्रवेश गर्ने छ भने सुशासनका सूचकहरु प्राप्त गर्न सहयोगी सिद्ध हुनेछ।

**केपी....**

वैशाखमा व्यवस्थापनका दृष्टिले पनि चुनाव गराउँन कठीन छ। त्यसैले घोषणा गरिएको मितिमा संसदको चुनाव नहुने सम्भावना बलियो छ। हो, यस घोषणाले ओलीको निरंकुशतामुखी व्यक्तिवादी शासनलाई केही महिना वा एक दुई वर्ष लम्ब्याउँने काम भने अवश्य पनि गर्नेछ। र त्यो विलम्बले नेपालमा अर्को जङ्गबहादुरलाई जन्माउने सम्भावना पनि त्यत्तिकै बलियो देखिन्छ। ओलीले निर्वाचनका माध्यमबाट पूर्ण बहुमतका साथ सत्ताशीन भएको दलको महत्व र औचित्यमाथि नै प्रश्नचिन्ह लगाइदिएकाले हामीकहाँ लोकतन्त्रले काम गर्न सक्दैन भन्ने धारणा बलवती हुँदै गएको छ। प्रधानमन्त्री ओलीले विगत २ वर्ष १० महिनाको आफ्नो शासनकालमा सबैभन्दा ठूलो चोट लोकतान्त्रिक पद्धतिका आधारभूत तत्वहरूमाथि पुऱ्याएका छन्। उनले पूरै अवधि पार्टीभित्रको आफ्नो गुट, भाइ-भारदार, आफूलाई फाइदा पुऱ्याउने बिचौलियाहरू, भ्रष्ट नेता र ठूला कर्मचारीहरूको संरक्षण अनि आफ्नो चुनाव क्षेत्रलाई मलजल गर्नमै बिताए। राज्यका अरू अंगहरूले भ्रष्ट भनेर किटेका व्यक्तिहरूलाई निरन्तर संरक्षण दिएर यिनले दण्डहीनतालाई देशमा स्थापित गरिदिए। संविधानका अक्षर र मर्म दुवैको तिरस्कार गरेर राज्यको त्यस मूल कानूनलाई धूजाधूजा पारे। राष्ट्रपतिलाई आफ्नो आज्ञाकारी भृत्या जस्तो बनाइदिए। जाँदाजाँदै यिनले लङ्गडो संवैधानिक परिषदलाई दौडनसक्ने जस्तो देखाउने अध्यादेश जारी गराएर त्यस लङ्गडो परिषदबाट विभिन्न संवैधानिक आयोग र संस्थाहरूमा रिक्त रहेका ३ दर्जन पदमा आफ्ना थैले, झोले, भत्खौरे, हुक्के र टुक्केहरूलाई नियुक्त गरेका छन्। यस प्रकरणमा प्रधान न्यायाधीश चोलेन्द्र शमशेर राणाले पनि न्यायालपालिकाको प्रमुखको पदीय मर्यादाको धज्जी उडाएको देखिन्छ। प्रधानमन्त्री ओलीले जारी गराएको संवैधानिक परिषदको बैठकको गणपुरक संख्यामा संशोधन गर्ने जुन अध्यादेशबिरुद्ध सर्वोच्च अदालतमा उजुरी परेको छ र त्यस सम्बन्धी मुद्दा त्यस सम्मानित अदालतमा विचाराधीन छ, त्यसैमा टेकेर गरिने निर्णयहरूको एउटा पार्टी बनेर न्यायमूर्ति चोलेन्द्र शमशेरले अचम्भको नजीर बसाएका छन्। समसामयिक नेपालको राजनीतिक फलकमा देखापरेका सबैभन्दा बढी षडयन्त्रकारी, ध्वंशवादी र भ्रष्टतम नेता केपी शर्मा ओलीका करतबहरूले लोकतान्त्रिक पद्धतिको अवसानको आधारशिला खडा गरेका छन्। घटनाक्रम यसैगरी अगाडि बढ्यो भने एकाध वर्षभित्र नै नेपाल विदेशी महाशक्तिद्वारा प्रायोजित कुनै प्रकारको तानाशाहीको पिञ्जरामा कैद हुने निश्चित जस्तै देखिन्छ। हाम्रो टाउकोमाथि गिर खेल्न आउने त्यस तानाशाहीको अनुहार कस्तो हुनेछ भन्ने कुरा भने अहिले प्रष्ट नै भइसकेको छैन।

## धार्मिक/आध्यात्मिक लेखकहरुलाई अनुरोध

यस 'नयाँ विमर्श' साप्ताहिकले चाँडैदेखि धार्मिक तथा आध्यात्मिक लेख तथा समाचारहरुलाई पनि स्थान दिने भएकाले सो विधाको लेख, समाचार, गतिविधिहरु यस साप्ताहिकको इमेल nayabimarsha@gmail.com मा पठाउनु हुन अनुरोध छ।

कुनै पनि धर्म सम्पदायसँग सम्बन्धित लेख, समाचार तथा गतिविधि पठाउन बन्देज नलगाइए पनि कुनै पनि धर्मसँग सम्बन्धित लेखहरुमा अन्य धर्मप्रति वितृष्णा फैलाउने वा धार्मिक विवाद हुने खालका कुराहरु भने नराखीदिनु हुन सबैमा अनुरोध गर्दछौं। धार्मिक तथा आध्यात्मिक लेखहरुमा धर्मग्रन्थमा भएका कुरा उल्लेख हुने तथा त्यस्ता कुराले नैतिकताको पाठ पढाउने भएकाले त्यस्ता लेखहरुलाई स्थान दिने भइएको जानकारी गराउँदै त्यस्ता लेखहरु नेपाली, संस्कृत वा अंग्रेजी भाषामा समेत पठाउन सकिने जानकारी गराइन्छ। - सम्पादक

निर्माण कार्यका लागि तयार छौं

काठमाडौं उपत्यका तथा काभ्रेपलाञ्चोक जिल्लामा कुनै पनि किसिमका निर्माण कार्य गर्नुपरेमा हामी सेवाका लागि हाजिर छौं।

सानातिना निर्माण, मर्मतदेखि हाउजिंग, पुल, बाटो, निजी घरहरुको निर्माणका लागि हामी तपाईको सही छनौटमा पर्ने विश्वासमा छौं।

जलपरी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.
काठमाडौं-१०, गौशाला

होटलका लागि हामीलाई सम्झनु होस्

काठमाडौंको पवित्र पशुपतिनाथको मन्दिर नजिकै सुविधासम्पन्न होटलमा उचित खर्चमा उच्चस्तरको बसाइका लागि होटलको खोजीमा हुनुहुन्छ भने हामी तपाईका लागि सहयोगी बन्न सक्छौं।

**हाम्रा सुविधा तथा विशेषताहरु :**

- आवश्यकता अनुसार तातोपानी, चिसोपानीको सुविधा
- व्यक्तिको आवश्यकता अनुसारका ठूला तथा साना कोठाहरु
- पारिवारिक तथा व्यक्तिगत कोठा तथा बेडहरु
- सफा तथा स्वच्छ वातावरण
- गौशालाबाट नजिकै रहेकाले सार्वजनिक तथा जुनसुकै किसिमका सवारी साधनहरु जतिबेला पनि उपलब्ध हुने।
- विभिन्न अन्य स्थान घुम्न जान चाहनेका लागि ती स्थानका लागि सवारी साधनको व्यवस्था, टिकट तथा
- अन्य सहयोगीहरुको सुविधा
- सवारी साधनको आवाज तथा धुँवा धुलोबाट मुक्त
- विभिन्न किसिमका खाजा, खाना ग्राहकको चाहनाअनुसार उपलब्ध गराइने।

न्यु होटल पशुपति दर्शन
रातोपुल, गौशाला, काठमाडौं, सम्पर्क नं. ९७७ ०१ ४४९५४०४
इमेल lamasanu732@gmail.com, hotelpashupatidarshan@gmail.com

# वैज्ञानिक वन व्यवस्थापनमा जैविक विविधताका केही सवालहरु

**लिलानाथ शर्मा र नया शर्मा पौडेल**

वन तथा वातावरण मन्त्रालयले एक दशक अघिदेखि चुरे क्षेत्र सहित तराई र भित्री मधेशमा सघन वन व्यवस्थापन प्रणालीमा आधारित 'वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम' कार्यान्वयन गरेको छ । मुख्यगरी सालको वन लक्षित गरी यो कार्यक्रम सञ्चालन गरिएको देखिन्छ । राष्ट्रिय अर्थतन्त्रमा योगदान पुर्याउने, रोजगारी सिर्जना गर्ने, काठको आयात घटाउने र वनको प्राकृतिक अवस्थामा सुधार गर्ने उद्देश्य लिइ सुरु गरिएको यस कार्यक्रमका सामाजिक, आर्थिक र सुशासनका विविध आयामहरूको बारेमा बहसहरू भएका छन् । सामुदायिक वन उपभोक्ता महासंघ लगायत विभिन्न सरोकारवालाहरूले वैज्ञानिक वन व्यवस्थापनले सामुदायिक वन उपभोक्ताको अधिकार संकुचित गर्ने र वन सञ्चालनको निर्णय प्रकृयामा वन प्राविधिकप्रतिको निर्भरता बढाउने हिसाबले कार्यक्रम आएको भनी आलोचना गरेका छन् । त्यसैगरी अध्येताहरू र सामुदायिक वन अभियन्ताहरूले यो कार्यक्रमले विगतमा हासिल गरेको विकेन्द्रित वन व्यवस्थापनलाई कतै फेरि केन्द्रिकृत त गर्ने होइन भन्ने आशंका पनि व्यक्त गरेका छन् भने कतिपयको प्रश्न यो कार्यक्रमबाट उपभोक्ताभन्दा अरु कोही पो लाभान्वित हुने हुन् कि भन्ने छ । अहिले यो कार्यक्रम सम्बन्धमा एक उच्चस्तरीय समिति र दुई संसदीय समितिहरूले छुट्टाछुट्टै अध्ययन पनि गरेका छन् । सार्वजनिक बहसहरू यो कार्यक्रमका सुशासनका विषयमा बढी केन्द्रित हुने गरेका छन् । तर, यस कार्यक्रममा जैविक विविधताको सवाल किन महत्वपूर्ण छ र यो कार्यक्रमले वनको जैविक विविधता संरक्षणमा कस्तो प्रभाव पार्छ भन्ने बारेमा कमै अध्ययन र चर्चा भएको देखिन्छ । भएका चर्चाहरू पनि यो कार्यक्रम सोलोडोलो सकारात्मक वा नकारात्मक भन्ने कोणबाट भइरहेका छन् । वैज्ञानिक वन व्यवस्थापनले जैविक विविधतामा के कसरी असर पार्छ भन्नु भन्दा पहिले व्यवस्थापन गरिने वा उत्पादनशील प्राकृतिक वनमा जैविक विविधताको सवाल किन महत्वपूर्ण छ भन्ने बारेमा केही सैद्धान्तिक अवधारणाहरूको बारेमा चर्चा गर्नु उपयुक्त हुन्छ ।

### वनलाई हेर्ने र बुझ्ने दृष्टिकोण

वन भनेको के हो र वनलाई कसरी बुझ्ने भन्ने सन्दर्भमा फरक फरक दृष्टिकोणहरू छन् । वन सम्बन्धी दृष्टिकोणहरू व्यक्तिको संस्कृति, जीवन दर्शन, शैक्षिक र व्यवसायिक पृष्ठभूमि र केही हदसम्म आर्थिक अवस्था समेतबाट प्रभावित हुन्छन् । वनलाई कसरी हेर्ने र बुझ्ने भन्ने कुराले वन व्यवस्थापन सम्बन्धी नीति र कार्यक्रमहरू निर्दिष्ट गर्दछ र यसले कस्तो खालको व्यवस्थापन प्रणाली अवलम्बन गर्ने भन्ने प्राविधिक प्रश्न पनि निर्क्यौल गर्दछ । तसर्थ वनलाई हेर्ने दृष्टिकोण बारेका केही मूलभूत अवधारणाको जानकारी कुनै पनि वन व्यवस्थापन बुझ्न र विश्लेषण गर्न उपयोगी हुन सक्छ । वनलाई हेर्ने दृष्टिकोण कसरी व्यक्तिको शैक्षिक र व्यवसायिक पृष्ठभूमिले फरक पर्छ भन्ने कुरामा एउटा उदाहरणबाट सुरु गरौं । अमेरिकाको ओरेगन स्टेट युनिभर्सिटीका प्राध्यापक क्लाउस प्युटमान र सहकर्मीहरुले आफ्नो पुस्तकमा एकजना पर्यावरणविद र वन प्राविधिक सँगसँगै एउटा वन भित्र पसे भने एउटै वनको बारेका तिनका धारणा कसरी आनको तान फरक हुन्छ भन्ने विस्तृतमा व्याख्या गरेका छन् । वन प्राविधिकले वनमा काठको लागि उपयोगी रुखहरु कति र कस्तो अवस्थामा छन् र व्यवस्थापनले कति उत्पादकत्व लिन सकेको छ र त्यो वनलाई कसरी व्यवस्थापन गर्दा कति काठ उत्पादन गर्न सकिन्छ भन्ने बारेमा घोत्लिन्छ । पर्यावरणविदले त्यहाँ कति प्रजाति छन्, ती प्रजातिहरुको संरक्षण अवस्था के कस्तो छ, ती प्रजातिहरुको बीचमा कस्तो अन्तरक्रिया हुन्छ र त्यो अन्तर्क्रियाले कसरी वन र वन बाहिरको पर्यावरणमा योगदान पुर्याउँछ, जलवायु र मानव क्रियाकलापले वनको विकास र प्रजातिको अवस्थामा कसरी प्रभाव पारेको छ भनेर बुझ्ने प्रयास गर्दछ ।

एउटा रुखमा हेर्दा वन प्राविधिकले रुखको गोलाइ र उचाइ हेरेर कति काठ दाउरा कति निस्किन्छ भनेर हिसाब गर्छ भने पर्यावरणविदले उक्त रुख कति पुरानो होला, त्यो रुखमा अरु कुन कुन प्रजातिले आश्रय पाएका होलान्, रुखको त्यो प्रजातिको संरक्षण अवस्था कस्तो छ र त्यो प्रजातिको उत्पति र विकासको बारेमा बढी ध्यान दिन्छ । एउटा बुढो रुख एकजनाको लागि काम नलाग्ने र तुरुन्त हटाउन पर्ने हुन्छ भने अर्कोको लागि निकै महत्वपूर्ण र संरक्षण गर्नुपर्ने हुन सक्छ । प्युटमानले वनको बारेमा दिएको जस्तै उदाहरण हार्वर्ड प्रोफेसर विल्सनले आफ्नो पुस्तक फ्युचर अफ लाइफमा समग्र वातावरण र जैविक विविधताको बारेमा अर्थशास्त्री र पर्यावरणविदका दृष्टिकोणहरू कसरी फरक पर्दछन् भन्ने विवरण प्रस्तुत गरेका छन् । संसारभरी नै वनलाई हेर्ने मुख्यतया परस्पर विरोधी जस्ता देखिने २ वटा परम्परागत धारणाहरू छन् । पहिलो हो, वन भनेको एउटा नविकरणीय प्राकृतिक श्रोत हो । त्यसैले जति सक्दो बढी उत्पादकत्व लिने गरी वन व्यवस्थापन प्रणाली अवलम्बन गर्नु पर्दछ । समृद्ध र धनी बन्नलाई वन लगायतका श्रोतहरू उपयोग गर्नुपर्दछ । वन काटेर उपयोग गरे पश्चात फेरि पुनरुत्पादन हुने हुनाले बुढा रूख र पुरानो वन राख्नु भनेको घाटा बेहोर्नु हो । आर्थिक वृद्धिमा वन क्षेत्रको भूमिका देखिने हुनुपर्छ । विकास र आर्थिक वृद्धिमा जोड दिनेहरू यो अवधारणाबाट बढी प्रभावित भएको देखिन्छन् । वन सम्बन्धी अर्को अवधारणा अथवा वातावरणवादी र संरक्षणवादीहरूको अवधारणा अनुसार वन भनेको फगत रूखहरूको समष्टिगत रूप मात्र हैन, यो त लाखौं वर्ष लामो पर्यावरणीय प्रकृयाबाट वनेको एउटा जटिल प्रणाली हो । यो जटिल प्रणालीमा रुख बिरुवा, माटो, वन्यजन्तुको र सूक्ष्म जिवाणुहरुको जिवन्त अन्तर्क्रिया हुन्छ र त्यही अन्तर्क्रियाको परिणाम स्वरूप हामीले वनबाट देखिने र नदेखिने विभिन्न सेवा र वस्तुहरु प्राप्त गर्दछौं ।

यो प्रणालीले जलवायुदेखि भूक्ष्य नियन्त्रण र पानीको भण्डारणसम्ममा प्रत्यक्ष्य भूमिका खेल्छ । वन भनेको पृथ्वीलाई जीवन्त राख्ने फोक्सो जस्तै हो । एउटा रुख एउटा जीवित वस्तुमात्र नभएर सयौं अरु प्रजातिका वन्यजन्तु र वनस्पतिहरूको बासस्थान पनि हो । एउटै रुखमा हजारौं प्रजातिका खपटे किराहरु (बिटल) र माकुराका प्रजाति र दर्जनौं अन्य वन्यजन्तुका प्रजातिहरूले आश्रय पाउँछन् । तसर्थ, वन भनेको जैविक विविधताको भण्डार हो । वनको उचित संरक्षण नगर्दा हामीले हाम्रो आँखा अगाडि सयौं प्रजातिहरू यस धर्तीबाट सदाका लागि लोप भएर गएका छन् । यी लगायत वनले प्रदान गर्ने शीतलता र स्वच्छ वातावरण एवम मानव स्वास्थ्यमा पार्ने सकारात्मक प्रभावको मूल्यांकन गरेर साध्य नै छैन । तसर्थ वनलाई रुखको र काठको दृष्टिकोणबाट मात्र हेरिनु हुदैन र अलि फराकिलो दायरामा हेर्नु पर्दछ । वातावरणवादीहरुको तर्क छ, वनलाई आर्थिक श्रोतको रुपमा मात्र हेर्दा यसले वनमाथि उपभोगको दवाव बढाँउछ र दोहन निम्त्याउछ । त्यसैले वन लगायत प्राकृतिक श्रोतलाई समग्रता हेर्नु पर्दछ । आर्थिक वृद्धिमा मात्र जोड दिँदा र वन लगायत प्राकृतिक श्रोतको दोहनले गर्दा आज जलवायु परिवर्तन जस्तो ठूलो संकट हाम्रा सामु विद्यमान छ । विकासवादीहरुको तर्क छ, वन लगायत प्राकृतिक श्रोतलाई संरक्षण मात्र गर्दा हामीले आर्थिक लाभको अवसर गुमाउदै छौं । तसर्थ निश्चित क्षेत्र मात्र संरक्षणको लागि छुट्टाएर बाँकी भूभाग आर्थिक उपार्जनका लागि सघन रुपमा उपयोग गरिनु पर्दछ ।

विकास र संरक्षण एक अर्कामा परस्पर विरोधी जस्तो देखिए पनि एकले अर्कालाई निषेध गर्ने अवस्थामा छैनन् । किनकी यी दुईले एकअर्कालाई निषेध गर्न खोज्दा न त अहिलेको वातावरणीय समस्या हल हुन्छ, न त समाजको विकासप्रतिको आकांक्षा नै पूरा गर्न सकिन्छ । अहिलेको वन व्यवस्थापन सम्बन्धी बहसहरू वर्तमानको सामाजिक र आर्थिक अपेक्षाहरु समेट्दा कसरी प्रकृतिमा कम क्षति पुर्याउन सकिन्छ भन्ने बारेमा केन्द्रित छन् । विकास र संरक्षणलाई सँगै अगाडि बढाउने क्रममा सन् ७० को दशकपछि दिगो विकास सम्बन्धी अवधारणा विकास भएको पाइन्छ । यस अन्तर्गत प्राकृतिक श्रोतको दिगो उपयोग र वनको दिगो व्यवस्थापन सम्बन्धी नवीन अवधारणा विकास भएका छन् । वनको दिगो व्यवस्थापन सम्बन्धी अठारौं शताब्दीको सुरुआतमा पश्चिम युरोपमा विकास भएको परिभाषा तीन सय वर्षको अन्तरालमा निकै परिवर्तन भइसकेको छ । आजको वन व्यवस्थापन रुखहरुको सम्वर्द्धनको प्राविधिक विषय मात्र नभइ एक बहुआयामिक र बहु सरोकारवाला सामाजिक र वातावरणीय विषय समेत बन्न पुगेको छ ।

### संरक्षण र उत्पादनसँगै जान सक्दैन

वन्यजन्तु र वातावरण संरक्षण सम्बन्धी आधुनिक अवधारणाको पृष्ठभूमिमा विकास मुख्यगरी औद्योगिकरण र कृषि क्षेत्रको विस्तारले प्रकृतिमा कस्तो असर गर्यो भन्ने बुझ्न जरुरी छ । जनसंख्या वृद्धिसँगैका यी दुई प्रकृयाको क्रममा वन र जैविक विविधतामा प्रतिकूल असर परेको सर्वविधितै छ । उद्योगको लागि चाहिने काठ र दाउराको लागि विशेषगरी युरोप, अमेरिका र एसिया अनि अफ्रिकाका बृटिश एवम् फ्रेन्च उपनिवेशहरूमा व्यापक मात्रामा वन फडानी गरियो । मानव बस्ती, कृषि र चरन क्षेत्रको विस्तारका क्रममा उन्नाइसौं र बिसौं शताब्दीको मध्यसम्ममा प्राकृतिक वन विनाश र खण्डिकरणको प्रकृया निरन्तर चल्यो, वन क्षेत्र खुम्चियो, जनावर र वनस्पतिका धेरै प्रजातिहरू लोप हुने क्रम बढ्यो । प्राकृतिक वन मासेर एकल प्रजातीय वृक्षारोपण गरियो । त्यो पनि विशेषगरी जैविक विविधताले सम्पन्न भूमध्य क्षेत्र वरिपरि । यो पृष्ठभूमिमा वन र वन्यजन्तु संरक्षण गर्नुपर्ने आवश्यकता महसुस गर्दै संसारभरि नै संरक्षणका प्रयासहरू हुन थाले । यस क्रममा संरक्षण भनेको अलि ठूला वन्यजन्तु लक्षित गरी मानव प्रभाव बाहिरका क्षेत्रहरू गरिनुपर्छ भन्ने बुझाइको विकास भयो । कृषि उत्पादन र संरक्षण फरक फरक भूमिमा गर्नु पर्छ, मानव गतिविधि र संरक्षण एकै ठाउँमा हैन फरक फरक भूक्षेत्र छुटाएर गर्नु पर्छ भन्ने अवधारणा विकास हुने क्रममा वन्यजन्तु संरक्षण र पर्यापर्यटनको लागि उन्नाइसौं शताब्दीको अन्त्यतिर संरक्षण क्षेत्रहरू स्थापना हुने क्रम सुरु भयो र बिसौं शताब्दीको मध्य पश्चात यो क्रम तीव्र बन्यो र अहिले संसारको १५५ भूभाग संरक्षित क्षेत्रको रुपमा व्यवस्थित छ र संरक्षित क्षेत्रहरू स्थापना हुने क्रम अझै जारी छ ।

संरक्षण र उत्पादन सँगै जान सक्दैन, संरक्षणको लागि अलि वाइल्ड र मानव गतिविधिबाट टाढाको क्षेत्र हुनुपर्छ र त्यस्तो क्षेत्रमा मानव गतिविधि पूर्ण रुपमा निषेध हुन पर्दछ भन्ने बुझाइ थियो । अमेरिकामा १५० वर्ष अघि यल्लो स्टोन नेसलन पार्क बन्ने बेलातिरको यो धारणामा अहिले व्यापक परिवर्तन आएको छ । नयाँ अवधारणा अनुसार निकुञ्ज र संरक्षण क्षेत्रहरू प्रकृति संरक्षणका लागि महत्वपूर्ण छन् तर पर्याप्त छैनन् । संरक्षण क्षेत्र बाहिर कृषि क्षेत्र र व्यवस्थापन गरिएका वनहरुमा पनि संरक्षण गर्नुपर्ने प्रजातिहरू, बासस्थान र पारिस्थितिकीय प्रणालीहरू पनि छन् भन्ने कुरा धेरै अध्ययनहरूले देखाएका छन् । जस्तै झापा जिल्लास्थित जलथल जंगल तराईका संरक्षण क्षेत्रहरुको तुलनामा कम महत्वपूर्ण छैन । संरक्षण क्षेत्रका आफ्नै सीमितता देखिनु, संरक्षण क्षेत्र बाहिर पनि संरक्षणको आवश्यकता महसुस हुनु, संरक्षण र विकास सँगै लैजान सकिन्छ भन्ने कुरा स्थापित हुँदै गएको सन्दर्भमा वन व्यवस्थापनबाट आर्थिक वृदि सँगै जलवायु परिवर्तन र जैविक विविधताको विश्वव्यापी संकटलाई पनि सम्बोधन गर्नु पर्ने छ । यी संकटहरुसंग जुध्न वन क्षेत्रले महत्वपूर्ण भूमिका खेल्ने कुरा धेरै अध्ययनहरूले प्रमाणित गरीसकेका छन् । जस्तै वनले वायुमण्डलमा भएको कार्बनडाइअक्साइड ग्यासलाई प्रकाश संश्लेषण मार्फत जैविक पिण्डमा परिणत गरी वायुमण्डलमा भएको उक्त ग्यासलाइ नियन्त्रण गर्न सहयोग गर्छ । कस्तो वन जलवायु परिवर्तनमा बढी सहयोगी वन्न सक्छन् भन्ने बारेमा पनि केही स्थापित तथ्य र वैज्ञानिक मान्यताहरु छन् ।

जैविक विविधता धेरै भएको, पुरानो र प्राकृतिक वन कार्वन संचितिको दृष्टिकोणले बढी प्रभावकारी हुने अध्ययनहरूले देखाएका छन् र यस्तो खाले वन नै जलवायु परिवर्तनको अनिश्चिततासँग जुध्न बढी प्रभावकारी हुन्छन् । एकल प्रजातीयभन्दा बहुप्रजातीय वन पर्यावरणीय सेवाको लागि समेत राम्रो र बढी उपयोगी हुन्छन् ।

### वैज्ञानिक वनमा जैविक विविधताका सवालहरु

देशको २३ प्रतिशत भूभाग संरक्षित क्षेत्रको रुपमा छुट्टयाए पश्चात अब वैज्ञानिक वनमा जैविक विविधता किन चाहियो भन्ने तर्क पनि सुनिन्छ । सतही रुपमा हेर्दा यो तर्क आफैमा त्यति गलत हैन तर वन व्यवस्थापनका नवीन मान्यताहरू, दिगो वन व्यवस्थापनका सिद्धान्त, व्यवस्थापन गरिने वनको प्रकार, वनमा आश्रित समुदायको वनप्रतिको निर्भरता र विकसित हुँदै गरेका क्षेत्रीय र विश्वव्यापी वातावरणीय समस्याहरूको कसीमा वन व्यवस्थापनलाई हेर्न सकेमा मात्र यो तर्कको न्यायपूर्ण छलफल गर्न सकिन्छ । संरक्षण क्षेत्र बाहिर स्थापित हुँदै गरेको संरक्षणको आवश्यकता छुट्टै र विस्तृत बहसको विषय बन्न सक्छ । अहिले सघन रुपमा व्यवस्थापन गरिएको वनमा जैविक विविधता सम्बन्धी मुख्यगरी दुई थरि चासोहरू देखिन्छन् । पहिलो हो वन सम्वर्द्धन प्रणाली सम्बन्धी र दोश्रो हो, अहिले अपनाएको व्यवस्थापनले जैविक विविधतामा कस्तो असर पार्ला भन्ने । अहिले अपनाइएको वन सम्वर्द्धन प्रणाली स्थान विशेष अनुसार सबै ठाउँको लागि उपयुक्त छैन भन्ने बहस धेरै नै भैसकेको हुँदा यहाँ दोश्रो पक्षमा केही छलफल गर्ने प्रयत्न गरिएको छ । तराई, भित्री मधेस र चुरे क्षेत्र को वन प्राकृतिक, धेरै पुरानो र जैविक विविधताको दृष्टिकोणले महत्वपूर्ण भएको हुनाले उक्त क्षेत्रमा प्राथमिकताका साथ लागू गरिएका यो व्यवस्थापनमा जैविक विविधताको सवाल मिहिन ढंगले हेर्नुपर्छ । तराईमा पछिल्लो समयमा देखिएका वातावरणीय समस्याहरूसँग चुरे भावर र तराईको सालको वनको जैविक विविधताको सोझो सम्बन्ध भएको कारणले पनि जैविक विविधताको बारेमा चिन्ता स्वाभाविक हुन्छ । त्यसैगरी हाम्रो वन बहुपयोगी र धेरै वातावरणीय सेवाहरूको श्रोत भएको हुनाले यस्तो व्यवस्थापनले ती वातावरणीय सेवा र वनको बहुपयोगी चरित्रमा कस्तो असर पर्ला भन्ने चासो पनिदेखिन्छ । वैज्ञानिक वन व्यवस्थापनले जैविक विविधतामा कस्तो असर पार्छ त भनेर मूल्यांकन गर्न हामीसँग दीर्घकालीन अध्ययनको नतिजा त छैन तर केही आधारहरू भने पक्कै छन् । वैज्ञानिक वनको गाइडलाइन २०७१ र सो बमोजिमका कार्ययोजनाहरू, सामुदायिक वनको सर्वेक्षण सम्बन्धी मार्गदर्शन र वैज्ञानिक व्यवस्थापन गरिएका वनहरुमा सम्पन्न प्रारम्भिक अध्ययनहरूको आधारमा विश्लेषण गर्दा जैविक विविधतामा के कस्तो असर प्रभाव पर्ला भन्ने कुरालाई मुख्यगरी निम्न बुँदाहरुमा समेट्न सकिन्छ-

### पुनरुत्पादन सुधार तर लक्षित प्रजातिको अधिक बाहुल्यता र एकात्मकता

काठको उत्पादन वृद्धि सँगसँगै वनको अवस्था सुधार गर्ने लक्ष्य राखेको यो व्यवस्थापनले लक्षित प्रजातिको पुनरुत्पादन प्रवर्द्धन गर्न सफल भएको प्रारम्भिक अध्ययनहरुले देखाएका छन् र यसलाई यो कार्यक्रमको सफलताको रुपमा समेत अर्थ्याउने गरिएको छ । डढेलो र चरिचरण रोकेको खण्डमा सालको वनमा छत्रघनत्व खुला हुँदा सालको पुनरुत्पादन राम्रो हुन्छ । पुनरुत्पादन कम भएको वनमा लक्षित प्रजातिको पुनरुत्पादन सुधार हुनु सकारात्मक हो तर लक्षित प्रजाति बढ्दा अन्य प्रजातिको अवस्थामा पनि सुधार हुन्छ भन्ने कुनै सुनिश्चितता छैन । अमेरिकी वन विज्ञ जेरी फ्र्यांकलिनका अनुसार लक्षित प्रजातिको पुनरुत्पादन राम्रो देखाएर समग्र व्यवस्थापनको सफलता देखाउने कुरा नयाँ भने हैन । लक्षित प्रजातिको मात्र वृद्धि हुँदा कालान्तरमा वनमा एकल प्रजातिको अधिक बाहुल्यता बढ्ने, रुखहरुको प्रजाति समिश्रण र विविधता घट्दै जाने तर एकरुपता र एकात्मकता भने बढ्ने सम्भावना हुन्छ । प्राकृतिक वनमा रुखहरुमा एकात्मकता'होमोजेनाइजेसन' बढ्ने कुरालाई दिगो वन व्यवस्थापनको सिद्धान्त अनुसार राम्रो मानिदैन । लक्षित प्रजातिको पुनरुत्पादनको वृद्धि वनको अवस्था सुधारको एउटा सूचक हो नै तर अन्य सूचकहरु समेतलाई हेरेर मात्र समग्र वनको अवस्था सुधार हुने नहुने कुराको मूल्यांकन गर्दा उपयुक्त हुन्छ । के भयो भने वनको अवस्था सुधार हुन्छ भन्ने कुरा वनलाई हेर्ने व्यक्तिको समग्र दृष्टिकोण अनुसार फरक हुन्छ नै तर यस्तो मापन समग्रतामा गर्न सकियो भने राम्रो हुन्छ ।

### बहुउपयोगी वनमा काठ केन्द्रित व्यवस्थापन

नेपालको साल लगायत सबै वनहरु बहुप्रजातीय र बहुपयोगी छन् । बहुप्रजाति र बहुपयोगिता स्थानीय समुदायको संस्कृति र जीविकोपार्जनका महत्वपूर्ण अंगहरु हुन् । वनको प्रजातीय विविधता र स्थानीय समुदायको बहुपयोग बीचमा सोझो सम्बन्ध छ । वैज्ञानिक वन व्यवस्थापन काठको दृष्टिकोणले महत्वपूर्ण र आकर्षक मानिएको प्रजातिमा केन्द्रित छ र वनको बहुपयोगितालाई कायम राख्ने गरी व्यवस्थापन गर्ने स्पष्ट योजना र कार्यक्रमहरू देखिदैनन् । वन व्यवस्थापन दिगो बनाउनलाई बहुपयोगिता र बहुप्रजातीलाई अवलम्बन गर्नु पर्दछ ।

### प्रजातीय विविधतामा ह्रास

जैविक विविधता एक बृहत्तर अवधारणा हो । तर प्रजातीय विविधता मार्फत यसलाई व्यवहारिक र सहज रुपमा अभिव्यक्त गर्न सकिन्छ । वनस्पति र जीवजन्तुका मुख्य समूहहरुको आधारमा जैविक विविधताको अवस्था विश्लेषण गर्न सकिन्छ । व्यवस्थापन गरिने वनमा जैविक विविधताको नाममा एक एक प्रजातिको संरक्षण गर्नु पर्छ भन्ने छैन नै तर व्यवस्थापनले जैविक विविधताका मुख्य अवयव र सूचकहरुको संरक्षण गर्नु पर्दछ भन्ने मान्यता छ । हालको सघन व्यवस्थापन गरिएको वनमा दीर्घकालीन रुपमा प्रजातीय विविधतामा सकारात्मक प्रभाव पर्ने कुराको सुनिश्चितता देखिदैन । सीमित मात्रामा गरिएका प्रारम्भिक अध्ययनहरुले प्रजातीय विविधतामा प्रतिकूल असर पार्ने देखाएका छन् जुन कुरा दीर्घकालीन समेत हुन सक्छ । नेपालको तराईको वन शितोष्ण क्षेत्रको कोणधारी वन जस्तो सीमित प्रजातिका रुखहरु र भुइँमा केही झारहरू मात्र हुने वन हैन । सालको प्राकृतिक वनमा रुख बुट्यान र लतालहराहरु महत्वपूर्ण अवयवहरु हुन् जसमा व्यवस्थापनको प्रतिकूल प्रभाव परेको प्रस्टै देखिन्छ र त्यस्ता अवयवहरुको संरक्षणको सुनिश्चितता गरेको देखिदैन । स्थान विशेष अनुसार कतिपय सालको वनहरूमा दीर्घकालीन मानवीय प्रभाव स्वरूप वनको प्रजाति विविधता घटेको भएपनि त्यो अवस्थालाई सामान्यीकरण गरेर सालको वन प्रजातीय दृष्टिकोणले महत्वपूर्ण छैन भन्न मिल्दैन ।

### बासस्थान रुख र लघु बासस्थानहरुमा असर

तराईमा व्यवस्थापन गरिएको वन वृक्षारोपणमार्फत कुनै व्यवस्थापन अन्तर्गत विकास भएको नभइ हजारौं वर्षको इतिहास भएको प्राकृतिक वन हो र त्यहाँ सयौं वर्ष पुराना रुखहरु समेत छन् । पूरानो जंगलमा बुढा र भीमकाय रुखहरु केवल रुख मात्र हैनन्, ती आफैमा बासस्थान हुन् र तिनमा धेरै थरिका लघु बासस्थानहरु समेत हुन्छन् । त्यस्ता बासस्थान रुख र तिनमा विकास भएका लघु बासस्थानहरुले विभिन्न प्रजातिका सुनाखरी, उन्यु, खपटे किरा, सर्प भ्यागुता, गोहोरो, लोखर्के र चराहरूलाइ बासस्थान र शरण समेत प्रदान गर्दछ । यस्ता जीवजन्तुहरु प्राकृतिक वनका महत्वपूर्ण अंग हुन् । अहिले अपनाइएको सघन व्यवस्थापनमा त्यस्ता रुखहरुको संरक्षण गर्ने कुनै प्रस्ट उपायहरु अपनाएको देखिदैन । रुख काट्ने क्रममा छोडिएका केही माउ वा छहारी रुखहरुको थोरै सकारात्मक भूमिका हुने भए पनि तिनले मात्र बासस्थान रुखको भूमिका खेल्न र लघुबासस्थानको सुरक्षा सुनिश्चितता गर्न सक्दैनन् । बासस्थान रुख र लघु बासस्थानहरुमा हुने परिवर्तनसंगै तिनमा आश्रित हजारौ प्रजातिका जीव जन्तुहरुमा जोखिम बढ्ने कुरालाई कुनैपनि दिगो वन व्यवस्थापनले नजरअन्दाज गर्न मिल्दैन ।

### यसरी सुधार गर्न सकिन्छ जैविक विविधताको अवस्था

राजनीतिक परिवर्तन र स्थायित्वपछिको आर्थिक अपेक्षा पूरा गर्न वनको सक्रिय र दिगो व्यवस्थापन गर्नु पर्छ भन्ने कुरामा सायदै विमति होला । तर, मुख्य कुरा वनलाई समग्रमा कसरी हेर्ने र कसरी व्यवस्थापन गरियो भने दिगो वन व्यवस्थापन हुन्छ भन्ने हो । वनको वैज्ञानिक व्यवस्थापन भनेको कुनै खास सम्वर्द्धन प्रणाली वा तौर तरिकाबाट रूख काट्नु पर्छ, यति मात्रामा मात्र रूख काट्नु पर्छ र यस्तो विधिबाट मात्र व्यवस्थापन गर्नु पर्छ भन्ने अकाट्य कुरा र एकल सुत्र केही छैनन् । तर, व्यवस्थापनमा अपनाउन पर्ने केही सिद्धान्तहरू र मान्यताहरू पक्कै छन् । तिनै सिद्धान्त र मान्यता अवलम्बन गर्दै हाम्रा आफ्नै पनि सिकाइहरुको आधारमा हामीले आफ्नो आवश्यकता पूरा गर्ने हिसाबले सम्वर्द्धन प्रणाली र व्यवस्थापन योजना विकास गर्न सकिन्छ । पश्चिम युरोपमा ३०० वर्ष अगाडि सुरु भइ विकास भएको भएको आधुनिक वन व्यवस्थापन सम्बन्धी अनुभवको सिकाइको सार पनि यही हो । त्यसमाथि वन व्यवस्थापनले समाजको आर्थिक अपेक्षा सँगसँगै वातावरणीय चुनौती र सामाजिक चहानाहरुलाई पनि सम्बोधन गर्नुपर्ने दबाबलाई नकार्न सकिँदैन । औपनिवेशकालीन र युरोप र अमेरिकाको तत्कालीन आवश्यकताको पृष्ठभूमिमा विकास भइ र समयक्रममा परिमार्जन समेत गरिएका व्यवस्थापनका मोडेलहरू हाम्रोमा हुबहु उपयुक्त हुन्छन् भन्ने छैन तर तिनका अनुभव पक्कै काम लाग्छन् ।

हामीसँग उपलब्ध अनुभव र विज्ञानले भन्छ व्यवस्थापन गर्ने वनमा जैविक विविधता संरक्षण र काठ लगायतका वस्तु र सेवाहरूको उत्पादन संगसँगै लैजान सकिन्छ । त्यसको लागि वनबाट बृहत्तर फाइदा लिने र ती फाइदा लिने क्रममा वनको जैविक विविधतालाई कम क्षति गर्ने विधिहरू आफै तय गर्दै अगाडि बढ्न सकिन्छ । सबै वन जैविक विविधताको हिसाबले उत्तिकै महत्वका छैनन् र आर्थिक मूल्य राम्रो भएका वनको सघन व्यस्थापन गरी लाभ लिनुपर्ने हुन्छ । तर तत्कालीन आर्थिक फाइदालाई मात्र प्राथकिता दिइ व्यवस्थापन गर्दा वनको जैविक विविधतामा प्रतिकुल प्रभाव पर्नुका साथै दीर्घकालीन वातावरणीय जोखिम बढ्छ । वनको जैविक विविधताको सूक्ष्म विश्लेषण गर्दै स्थान अनुसारको व्यवस्थापन अवलम्बन गर्न सकिन्छ । हामीसँग वनको जैविक विविधताको सूक्ष्म विश्लेषण (व्यवस्थापनमा काम लाग्ने गरीको) गरिएको विश्वासनिय तथ्यांक छैन नै भन्दा हुन्छ । समग्र जैविक विविधताको तथ्यांक अहिले हाम्रो आर्थिक र प्राविधिक क्षमता बाहिर हुन सक्छ तर छोटो र कम खर्चिलो विधिहरू प्रयोग गरेर केही महत्वपूर्ण तथ्यांक र सूचकहरू सजिलै प्राप्त गर्न सकिन्छ जो निर्णय प्रकृयामा उपयोगी बन्न सक्छन् । उदाहरणको लागि कुनै वन क्षेत्र पानीको मुहान संरक्षण गर्न र दुर्लभ सुनाखरीको प्रजातिको लागि महत्वपूर्ण छ भने उक्त वनमा तुलनात्मक रुपमा (अहिले अभ्यास गरिएको ८० वर्षभन्दा) लामो बाली चक्र अवलम्बन गर्न सकिन्छ । व्यवस्थापन गरिने वनक्षेत्रमा कुनै रैथाने'इन्डेमिक' प्रजाति रहेछ भने व्यवस्थापनले उक्त प्रजातिलाइ नकारात्मक असर नपर्ने सुनिश्चितता गरिनु पर्दछ ।

संरक्षण क्षेत्र बाहिर राज धनेश लगाएत प्रचलित कानुन अनुसार संरक्षित र संकटापन्न प्रजाति पाइने पुरानो वनलाई कसरी व्यवस्थापन गर्ने भन्ने बारेमा वन विशेष र स्थान विशेष अनुसार छुट्टै योजना बनाउन सकिन्छ । जैविक विविधताको दृष्टिकोणले कम महत्वपूर्ण र पुनरुत्पादनमा समस्या भएको वनमा उत्पादनलाई बढी महत्व दिँदै सघन व्यवस्थापन प्रणाली अवलम्बन गर्न सकिन्छ । कुन वनक्षेत्रमा उत्पादन बढी महत्व र कुन क्षेत्रलाई संरक्षणमा बढी महत्व दिने भन्ने कुरा उपलब्ध तथ्यांक र विज्ञहरुको राय अनुसार गर्न सकिन्छ ।

अन्त्यमा, हामीले आजको आर्थिक फाइदालाई केन्द्रमा राख्दा त्यसको सम्भावित दीर्घकालीन असरहरु प्रति सचेत हुनै पर्छ र वनको प्रत्यक्ष आर्थिक महत्व जति छ, त्यतिकै अप्रत्यक्ष र दीर्घकालीन महत्व पनि छ भन्ने कुरा मनन मात्र गरियो भने पनि वन व्यवस्थापनलाई साँच्चिकै दिगो बनाउन सकिन्छ । अमेरिकी सिनेटर हबर्ट हम्फ्रेको शब्दमा भन्दा, वनलाई रूख र रुखलाई काठ मात्र भनेर बुझ्यौं भने वन व्यवस्थापनलाई दिगो बनाउन कदापि सकिदैन । समाजको आर्थिक वृद्धिको अपेक्षामा प्राकृतिक वनलाई केन्द्रमा राख्दै गर्दा हाम्रो अगाडिका वातावरणीय चुनौतीहरुलाई समेत हृदयंगम गर्दै वन व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने बारेमा सबै सरोकारवाला बीचमा बहस गर्दै अगाडि बढ्नु नै आजको आवश्यकता हो ।

*(लेखकद्वय फरेस्ट एक्सन नेपालमा कार्यरत छन् । )*

## काांग्रेसले मेलमिलाप....

मनाउँदै आएको हो ।

यसैबीच, बुधबारको बसेको कांग्रेसको बैठकले कोरोना संक्रमित भई हाल अस्पतालमा उपचाररत पूर्वमहामन्त्री एवं केन्द्रीय सदस्य कृष्णप्रसाद सिटौलाको शीघ्र स्वास्थ्यलाभको कामना पनि गरेको छ ।

## ओलीका....

हामफाली मन्त्री पद सुरक्षित गरेका छन् । दाहालका दाहिने हात मानिने हरिबोल गजुरेल र मणि थापा एवं प्रभु साहले पनि साथ छाडेपछि पुष्पमल दाहाललाई बज्रपात परेको जानकारहरुले बताएका छन् । यता रामबहादुर थापा 'बादल' को अहिले र विगतमा बाबुराम भट्टराईका खास मान्छे भनेर चिनिएका टोपबहादुर रायमाझी ओलीतिर लागेर मन्त्री बन्ने पक्का गरेका छन् । 'वल्लो घरको नरे पल्लो घर सरे' भन्ने नेपाली उखानलाई रघुवीर महासेठले पनि चरितार्थ गरेका छन् । भौतिक पूर्वाधार तथा यातायात मत्री हुँदा रेलको डिजी बनाउँदा र सडकका सुइ एवं डिइहरुलाई सरुवा गर्दा ब्रह्मलुट मच्चाउँदै आएका प्रधानमन्त्री केपी ओलीले हटाएपछि रुष्ट बनेका महासेठ दाहाल नेपाल गुटमा लागेका छन् भने श्रीमती जुली महतो ओली गुटमा लागेकी छिन् ।

## झापामै.....

पनि नेताहरूले शिक्षा नलिएको बताएका छन् । उनले फेसबुकमा लेखेका छन्, 'जनताले परिवारभन्दा बढी माया गरेको पार्टी फेरि विभाजित गरे । हामी यो बेला दुःख व्यक्त गर्न सिवाय के गर्न पो सक्ने रहेछौं र रमिताबाहेक । यो बेला नेकपाको दुईवटा केन्द्रीय कमिटी बनाएर एउटा कमिटीमा केन्द्रीय सदस्य मनोनित गरेको थाहा पाएँ तर मलाई विभाजित कम्युनिष्ट पार्टीको केन्द्रीय सदस्य मन्जुर छैन ।'

यसरी झापाकै मनोनीतहरुको धक्का पाएका ओलीलाई अन्य जिल्लाबाट पनि धक्का दिन थालिएको छ । ओलीले निर्वाचन आयोगमा दललाई आधिकारिकता दिलाउनका लागि यस्तो कदम चालेको अवस्थामा उनैद्वारा मनोनीतहरुले नै उनको मनोनयनलाई साथ नदिएको अवस्थामा ओली समस्यामा परेका छन् ।

## कुन....

दाहाल-नेपाल पक्ष ४६
ओली पक्ष ३४

**गण्डकी**
प्रदेशसभा सदस्य ६०
नेकपाको मात्र ४०
दाहाल-नेपाल पक्ष १३
ओली पक्ष २७

**लुम्बिनी**
प्रदेशसभा सदस्य ८७
नेकपाको मात्र ६१
दाहाल-नेपाल पक्ष २३
ओली पक्ष ३६
नखुलेको २

**कर्णाली**
प्रदेशसभा सदस्य ४०
नेकपाको मात्र ३३
दाहाल-नेपाल पक्ष २०
ओली पक्ष १३

**सुदूरपश्चिम**
प्रदेशसभा सदस्य ५३
नेकपाको मात्र ३९
दाहाल-नेपाल पक्ष ३१
ओली पक्ष ८

## अदालत....

फैसला गर्न समय लाग्ने देखिन्छ ।

अदालती प्रक्रिया चलिरहेको अवस्थामा सामान्यतः त्यस विषयको पक्ष-विपक्षमा बाहिर तर्क-कुतर्क गर्नु नहुने भन्ने मान्यता रहे पनि राजनीतिक मुद्दाका हकमा त्यस्तो नहुने गरेको पाइन्छ । त्यसैले पनि राजनीतिक दलहरु यस विषयलाई लिएर विभिन्न किसिमका गतिविधिमा संलग्न हुन थालेका छन् । दलहरुले आन्दोलनका कार्यक्रमहरु नै सार्वजनिक गरेका छन् भने प्रधानमन्त्रीसमेत रहेका ओली समूहले पनि आफ्नो पक्षको निर्णयको बचाउमा विभिन्न जिल्लाहरुमा नारा जुलुश गर्न थालेको छ । कोरोना भाइरसको सन्त्रास बढिरहेको हालको अवस्थालाई बेवास्ता गर्दै ओली पक्षले सातै प्रदेशस्तरीय भेला तथा प्रशिक्षण कार्यक्रमलाई अघि बढाएको छ । यसैगरी दाहाल-नेपाल समूहले पनि जिल्लास्तरसम्म नै आफ्नो पहुँच देखाउनका लागि स्थानीयस्तरसम्मका नेता कार्यकर्ताहरुलाई ओलीको कार्यशैलीको विरोध गर्दै ती स्थानमा पनि नेकपाको आधिकारिकता आफ्नो समूहको पक्षमा पार्न गतिविधि थालेका छन् ।

दाहाल-नेपाल समूहको केन्द्रीय समितिको बैठकमा ७० प्रतिशत बढी सदस्यको उपस्थिति र समर्थन रहेको कुरालाई प्रमाणित गरी उक्त समूहले निर्वाचन आयोगलाई पत्र बुझाएको छ । उक्त समूहको भेला हुनुभन्दा केही घंटाअघि ओली समूहले पनि केन्द्रीय समितिको बैठक बोलाएको थिए । त्यस समूहको बैठकमा करिब २५ प्रतिशत सदस्यहरुको मात्र सहभागिता तथा उपस्थिति रहेको अवस्थामा उक्त समूहले चलाखीपूर्ण तरिकाले अन्य केन्द्रीय सदस्यहरु थप्ने निर्णय गरेको थियो । ओली समूहले तत्कालका आगि अर्का अध्यक्ष दाहाललाई कारबाही गरेको तथा दलको प्रवक्ताबाट नारायणकाजी श्रेष्ठलाई हटाई उनको स्थानमा प्रदीप ज्ञवालीलाई नियुक्ति गर्ने निर्णय गरेको थियो । त्यसैगरी केन्द्रीय सदस्यहरुमा ठूलो संख्या थपी त्यसलाई एक हजार एक सय ९९ सदस्यीय बनाउने निर्णय गरिएको थियो । यस्तो गर्नुका पछाडि ओली समूहको चतुऱ्याइँ देखाउन खोजेको तर्क अधिवक्ता भुवन डोटेल गर्दछन् । अधिवक्ता डोटेलका अनुसार, 'त्यसरी नयाँ थपिएका सदस्यहरुसहितको केन्द्रीय समितिको आधारमा भोलिका दिनमा निर्वाचन आयोगमा ६० प्रतिशत पुऱ्याई दलको आधिकारिकता लिनका लागि सहयोग पुगोस् भन्ने मनसायका साथ यो खेल खेलिएको हो ।' केन्द्रीय कार्य समितिको बैठकलाई मापदण्ड पुऱ्याएर सदस्यहरुको संख्यामा फेरबदल गर्न सक्ने अधिकार रहेका कारण पनि त्यसैलाई टेकेर दाहाल-नेपाल समूहलाई अप्ठ्यारोमा पार्ने सोचका साथ ओली पक्ष अघि बढेको अधिवक्ता डोटेलको धारणा छ । उनका अनुसार निर्वाचन आयोगलाई ओली प्रधानमन्त्री समेत रहेका कारण अप्रत्यक्ष रुपमा दबाब पर्ने त हुन्छ नै तर पनि आयोग संवैधानिक निकाय भएकाले आफ्नो निर्णय आफैं गर्न सक्ने अधिकारसम्पन्न निकाय भएकाले आयोगले निष्पक्ष रुपमा निर्णय दिनुपर्ने हुन्छ । त्यसरी नयाँ थपिएकालाई आयोगले मान्ने भन्दा पनि विद्यमान कार्य समितिमा को को थिए र उनीहरु अहिले कुन पक्षमा उपस्थित छन् भन्ने कुरामा आयोग केन्द्रित हुन सक्ने र थपिएकालाई मान्यता नदिई पुरानै कार्य समितिका आधारमा आयोगले निर्णय दिन सक्ने तर्क अधिवक्ता डोटेलको छ । त्यसो त नयाँ थपिएका भनिएका कतिपय सदस्यहरुले आफू उक्त समूहमा नरहेको भनी विज्ञप्ती जारी गर्न थालेका छन् ।

उता, मूल समूह आफ्नो रहेको अवस्थामा पनि सत्ताको दबाबका कारण ओली समूहले दलको आधिकारिकता पाउने हो कि भन्ने मनोदशामा दाहाल-नेपाल समूह रहेको छ । उक्त समूहका नेताहरुले ओली वा ओली पक्ष घरबाट बाहिरिएको अवस्थामा उसले घरको दाबी गर्न नपाउने भन्ने तर्क गर्दै आएका छन् । उक्त समूहका नेता सुरेन्द्र पाण्डेले ओली पक्ष घरबाट बाहिरिएको बताउँदै उनीहरुलाई दलको आधिकारिकताको दाबी गर्न नमिल्ने तर्क गरेका छन् भने प्रधानमन्त्री ओलीले पनि दलको आधिकारिकतालाई लिएर आफ्नो पक्षले मान्यता पाउनुपर्ने जिकिर गरेका छन् । उनले आफ्नो तर्क राख्दै पूर्वमाओवादी समूहलाई पाउनाको संज्ञा दिंदै 'पाहुनाले घरवालालाई बाहिर जानु भनेजस्तो' भनी भनेका छन् ।

यसरी नेकपा भित्रको विवाद विभाजनसम्म आइपुग्दा पनि त्यसको आधिकारिकताका लागि भने माथपच्ची हुने स्थिति देखिएको छ । एकातिर ओली पक्ष सरकारमा रहेका कारण त्यसको मनोवैज्ञानिक दबाबमा अन्य निकाय रहने तथा केन्द्रीय कार्य समिति, स्थायी समिति, सचिवालय तथा विघटित संसदका बहुमतभन्दा बढी सदस्यहरु दाहाल-नेपाल पक्षमा रहेका कारण पनि आधिकारिकताको विषय झनै जटिल अवस्थामा पुगेको छ ।

## काँग्रेस सशक्त....

आरोप लागिसकेपछि वरिष्ठ नेता रामचन्द्र पौडेल दाहाल-नेपालसँग चोचोमोचो मिलाउनुको सट्टा सशक्तरुपमा जागेर आन्दोलन र चुनावमा जाँदा राम्रा हुने काँग्रेसवृत्तमा चर्चा चलेको छ । काँग्रेसलाई तीन वर्षमै चुनावमा भाग लिन पाउनु, कम्युनिस्टहरु फुटेको अवस्थामा कम्युनिस्ट सरकारको हर्कत लिएर जनतामाझ गएर दोधारमा नपरी त्यसको फाइदा काँग्रेसले लिन सक्नुपर्दछ । चुनाव भए आगामी निर्वाचनमा काँग्रेसले एक्लै सशक्त मुद्दासहित जनताका लागि नयाँ नारा लिएर जानुको विकल्प छैन । नत्र 'उही मुलाको सिन्की, उही मुलाको चाना' भन्दै जनताले तेस्रो विकल्प रोजे लोकतन्त्र धरापमा पर्ने छ ।

# प्रदीप नेपाल कता ?

काठमाडौं/ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) दुई धारमा विभाजित भएको अवस्थामा नेकपामा बौद्धिक नेता पदीप नेपाल कुन पक्षमा रहन पुगे भनी चासो राख्न थालिएको छ ।

पूर्वएमालेहरुलाई एकत्रित गर्नका लागि प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले समेत पत्याएका व्यक्ति नेपाल भएकाले उनको भूमिकालाई लिएर चासो राखिएको अवस्थामा उनले आफूलाई दाहाल-नेपालको कित्तामा देखाएका छन् । नेकपाभित्रका बौद्धिक र कुशल संगठकका रुपमा चिनिएका प्रदीप यसअघि खड्गप्रसाद शर्मा ओलीलाई खुलेर सहयोग गर्दै आएका थिए भने दलविभाजनका बारेमा मौन थिए । प्रदीप नेपालले दुई दिनअघि मात्र सामाजिक संजालमा 'जनताको बहुदलीय जनवाद मेरो दर्शन हो । म मार्क्सवादी हुँ, म मेरो स्वतन्त्रतालाई कसैको अधीन राख्न सक्दिन ।' भनेर आफ्नो धारणा राखेका उनले दाहाल-नेपाल पक्षलाई साथ दिन माइन्यूट नै मगाएर हस्ताक्षर गरिसकेको समाचार स्रोतले जानकारी दिएको छ । प्रदीप नेपालको समर्थन दाहाल-नेपाल पक्षले पाएको अवस्थामा उक्त समूह उत्साही बनेको छ भने ओली समूह रुष्ट बन्न पुगेको छ । धेरै पटक मन्त्री बनेका तथा लेखकका रुपमा समेत परिचित प्रदीप नेपालले 'ओलीले सत्ता टिकाउन विभिन्न किसिमका फण्डाहरु प्रयोग गरिरहने छन्' भनी पहिले नै सार्वजनिक अभिव्यक्ति दिएका थिए ।

# चीनले खेल्न नसकेकोमा चिन्ता

काठमाडौं/ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) अनौपचारिक रुपमा विभाजन भएकै दिन नेपालका लागि चिनियाँ राजदूत हाउ यान्छीले राष्ट्रपति विद्यादेवी भण्डारीसँग सुटुक्क भेट गरी बदलिंदो परिस्थितिप्रति चिन्ता व्यक्त गरेकी समाचार स्रोतले जानकारी दिएको छ ।

नेकपाभित्रको विवाद मिलाउन पटक-पटक चलखेल गर्दै आएकी भन्ने आरोप खेप्दै आएकी राजदूत यान्छीले भण्डारीसँगको भेटमा आफूले चाहेर पनि अहिलेको परिस्थितिलाई रोक्न नसकेको भनी चिन्ता व्यक्त गरेकी भनी समाचार स्रोतले जानकारी दिएको छ । उनको भेटलाई नियमित र पूर्वतालिकाअनुसार भनी राष्ट्रपति कार्यालयले दाबी गरेको पनि समाचार स्रोतले जानकारी दिएको छ ।

नेपालको आन्तरिक राजनीतिमा चीनले पछिल्लो समय हस्तक्षेप गर्दै आएको भनी त्यसको विरोध हुँदै आएको अवस्थामा राजदूतले देखिने गरी त्यस्तो खेलमा सामेल हुने गरेको भनी उनको भूमिकालाई लिएर विरोधका श्वरहरु सुनिने गरेका थिए । नेकपा विभाजित भएपछि सबैभन्दा ठूलो झड्का चीनलाई लागेको भनी राजनीतिक वृत्तमा चर्चा चल्न थालेको छ ।

## पाण्डे....

नेता गोपालमान श्रेष्ठले टिकट पाई पाण्डेको नाम समानुपातिक सूचीमा परेको थियो । काँग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेलको कित्तामा रहेका पाण्डेले पछि कित्ता परिवर्तन गरेका जानकारहरुले बताएका छन् । काँग्रेसको १४ औं महाधिवेशनमा स्याङ्जाबाट पार्टी सभापति बन्न पाण्डेले निकै कसरत गरेको समाचार स्रोतले बताएको छ ।

## सर्वोच्च....

इजलासको लागि तोक्ने पनि बताइएको छ ।

संवैधानिक इजलासले कस्तो फैसला गर्ने हो त्यसमा विघटित संसदको भविष्य निर्धारण हुने देखिएको छ । अदालतले उक्त विघटनलाई नरोकेका खण्डमा मुलुक आवधिक निर्वाचनको मितिभन्दा अगावै निर्वाचनतर्फ धकेलिने अवस्था आउने बताइएको छ । यस वर्षको बजेटमा निर्वाचनको कुनै कल्पना नगरिएको कारण निर्वाचनका लागि भनी बजेट नछुट्याइएको अवस्था छ । त्यसैले मुलुक निर्वाचनमा होमिनुपर्ने अवस्था आएका खण्डमा विभिन्न किसिमका राष्ट्रिय गौरवका आयोजनाहरुका बजेट कटौती हुने संभावना एकातिर छ भने निर्वाचनमा दल तथा उम्मेदवारहरुले गर्ने खर्च पनि बेहिसाब हुने खतरा देखिन्छ ।

## सूर्य....

प्राप्त हुने कानूनी मान्यता अनुरुप आफ्नो समूहले उक्त चिन्हको दाबी गरेको पाण्डेले जानकारी दिएका छन् ।

आफ्नो समूहमा केन्द्रीय समितिका चार सय ४१ मध्ये तीन सय १५ जना सदस्य रहेको दाबीसहित पाण्डे निर्वाचन आयोगमा पुगेका थिए । गत निर्वाचनमा तात्कालीन नेकपा (एमाले) ले सूर्यचिन्हमार्फत चुनाव लडेको थियो भने नेकपा (माओवादी केन्द्र) ले गोलाकार भित्र हँसिया र हथौडा चुनावचिन्ह लिएको थियो । निर्वाचनपछि दुवै दलका बीचमा एकीकरण भएको भनिएको अवस्थामा नेकपा नाम र चुनावचिन्ह सूर्य राख्ने सहमति भै सोही कुराको जानकारी आयोगलाई गराइएको थियो ।

यसैबीच दाहाल-नेपाल समूहले 'संसदीय दल' (हाल विघटित अवस्थामा रही अदालतमा मुद्दा विचाराधीन अवस्थामा रहेको) मा समेत आफ्नो समूहको बहुमत रहेको दाबी गरेको छ । संसदीय दलमा नेकपाका दुई सय २४ सांसद रहेको अवस्थामा उक्त समूहको पक्षमा बहुमत बढी 'सांसद' रहेको दाबी गरिएको छ ।

## पाण्डे....

पालना सिंगो मुलुकको प्रमुख कार्यभार हो', भनी उनले आफ्नो विज्ञप्तीमा भनेका छन् । उनले संविधानको रक्षार्थ पुनः एकपटक राजनीतिक दलका बीचमा उच्चस्तरीय समझदारीको आवश्यकता अझ बढेर गएको उल्लेख गर्दै संवैधानिक सर्वोच्चताका लागि माननीय सदस्यहरु, राजनैतिक दल, नागरिक समाज, कानून व्यवसायी, बुद्धिजीवी, सञ्चारजगत् तथा सम्बद्ध सबै पक्ष संवेदनशील र गम्भीर बन्नुपर्ने बेला आएको भनी भनेका छन् ।

विघटनको बारेमा सर्वोच्च अदालतमा विभिन्न रिटहरु परी उक्त मुद्दा विचाराधीन अवस्थामा रहेको बेलामा सभामुख सापकोटाका तर्फबाट यसरी विज्ञप्ती नआएको भए राम्रो मानिने भनी बौद्धिक जगतमा चर्चा चलेको छ ।

## खानेपानी....

मात्र चारजना प्राविधिक सहसचिवहरु रहेकोमा हाल सुनिलकुमार दास मात्र मन्त्रालयमा कार्यरत छन् । यसरी खानेपानी मन्त्रालयमा छपक्कै रहेका गोर्खाका प्रा. सहसचिवहरुमध्ये पिआइडीका आयोजना निर्देशक कमलराज श्रेष्ठले वार्षिक ६०-७० लाख घरभाडा वर्षौंदेखि तिर्दै आएको आयोजना कार्यान्वयन निर्देशनालयलाई ललितपुरको धोबिघाटमा आफ्नै बिल्डिङ बनाई वर्षको ६०-७० लाख तिर्ने झन्झटमुक्त बनाउने भएका छन् ।

# दाङमा पोखरेलभन्दा महरा हावी

दाङ/ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) दाङमा नेकपामा दुई प्रमुख नेताहरुको जुँगाको लडाइँ हुने गरेको अवस्थामा कसको पक्षमा जिल्ला कार्य समिति देखिने हो भन्ने लागि रहेको अवस्थामा कृष्ण बहादुर महरा हावी हुन पुगेका छन् । दाङबाटै सो प्रदेशको मुख्यमन्त्री रहेका शंकर पोखरेलले जिल्ला कार्य समितिलाई आफ्नो पक्षमा देखाउन चाहेको अवस्थामा दाङको जिल्ला कार्य समितिले पुष्पकमल दाहाल र माधवकुमार नेपालको समूहलाई साथ दिने भनी विज्ञप्ती प्रकाशन गरेपछि पोखरेलभन्दा महरा हावी भएका हुन् ।




नेकपा दाङका अध्यक्ष टीकाराम खड्काको अध्यक्षतामा मंगलबार बसेको बैठकले दाहाल-नेपाल समूहलाई सहयोग गर्ने निर्णय गरेको छ । महरा उक्त समूहमा छन् भने पोखरेल खड्गप्रसाद शर्मा ओलीको पक्षमा देखिएका छन् । उक्त बैठकले आफ्नो निर्णयलाई विज्ञप्तिमार्फत प्रकाशन गर्दै 'वर्षौंदेखिको राजनीतिक अस्थिरतालाई समाप्त गर्न नेपालको संविधान २०७२ मा जननिर्वाचित प्रतिनिधि सभा विघटनको कल्पना समेत गरिएको छैन ।' भन्दै अध्यक्ष खड्काले भनेका छन्, 'संविधानको मर्म र व्यवस्थाका विरुद्ध असंवैधानिक तरिकाले विघटन गरिएको प्रतिनिधि सभाको तत्कालन पुनर्वहालीको माग गर्दछ ।' यसैगरी विज्ञप्तीमा 'पार्टी अध्यक्ष केपी ओलीमा दक्षिणपन्थी विचलन आएको र प्रतिक्रियावादी शक्तिबाट परिचालित भई मुलुकको सिंगो कम्युनिष्ट आन्दोलनप्रति गरिएको गद्धारीका विरुद्ध हाम्रो पार्टीका सम्पूर्ण नेता कार्यकर्ताहरूमा एकजुट भई प्रतिवद गर्न अनुरोध गर्दछ', उल्लेख छ । उक्त संयुक्त विज्ञप्तिमा नेकपा दाङका ईञ्चार्ज जीवन गौतम, अध्यक्ष टीकाराम खड्का र सचिव तुलसीराम पुनले हस्ताक्षर गरेका छन् ।

# अख्तियार प्रमुखमा प्रेमकुमार राई

काठमाडौं । केपी ओलीले संवैधानिक परिषद्मार्फत् अख्तियार प्रमुखमा प्रेमकुमार राईसहित संवैधानिक निकायका ४५ वटै पदमा सिफारिस गरेका छन् । प्रधानमन्मी ओलीको अध्यक्षतामा बसेको संवैधानिक परिषद्को मंसिर ३० गतेको बैठकले अख्तियार प्रमुख राईसहित ४५ वटै पदमा सिफारिस गरेको हो । राई पूर्वगृहसचिव हुन् । मानवअधिकार आयोगको अध्यक्षमा मीनबहादुर रायमाझीको नाम सिफारिस गरिएको छ भने अख्तियार सदस्यमा जयबहादुर चन्दको नाम सिफारिस गरिएको छ ।

संसद् विघटन भइसकेको अवस्थामा संसदीय सुनुवाई समितिमा संवैधानिक निकायहरुमा नियुक्त भएकाहरुको सुनुवाई हुनसक्ने सम्भावना नभएकाले ४५ दिनपछि यिनीहरु सबैको नाम स्वतः अनुमोदन हुनेछ । संवैधानिक परिषद्ले सिफारिस गरेकोमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्तमा प्रेमकुमार राई, सदस्यहरुमा जयबहादुर चन्द, किशोरकुमार सिलवाल, निर्वाचन आयोगमा सदस्यहरु रामप्रसाद भण्डारी, डा. जानकी तुलाधर, मानवअधिकार आयोग अध्यक्षमा तपबहादुर मगर, सदस्यहरुमा मनोज दुवाडी, डा. सूर्य ढुङ्गेल, लिली बस्नेत थापा, मिही ठाकुर, राष्ट्रिय प्रकृति स्रोत तथा वित्त आयोगको सदस्यमा जुद्ध गुरुङ र अमरराज मिश्र रहेका छन् । महिला आयोगको अध्यक्षमा कमलाकुमारी पराजुली, सदस्यहरुमा कृष्णकुमारी पौडेल खतिवडा, विद्याकुमारी सिन्हा छन् । दलित आयोगको अध्यक्षमा देवराज विक (दाङ), सदस्यहरु मिना सोभ, परशुराम रम्तेल, कुञ्ज बराइली र मेहेले पार्कीलाई मनोनयन गरिएको छ ।

त्यस्तै, राष्ट्रिय समावेशी आयोगको अध्यक्षमा मनप्रसाद खत्री, सदस्यहरुमा रामचन्द्र जोशी, हरिभक्त जोशी र जितेन्द्र पासवान छन् भने आदिवासी आयोगको अध्यक्षमा रामबहादुर थापालाई मनोनयन गरिएको छ । सदस्यहरुमा मीनश्रीस मगर गुल्मी, मिनसिंह लामा नुवाकोटा, रिना राना स्याङ्जा, चरण राई मनोनयन भएका छन् । मधेशी आयोगको रिक्त पदहरुमा सदस्य-जिवछ साह, रेणुदेवी साह, विजय गुप्ता र थारु आयोगको सदस्यमा विकास चौधरी, बबिता चौधरी, सुवोधसिंह थारु, भोलाराम चौधरी रहेका छन् । त्यस्तै, मुस्लिम आयोगको रिक्त सदस्यमा महमुद्दिम अलि, मिर्जाअर्सद बेग छन् । स्रोतका अनुसार प्रधानमन्त्री ओली, प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा र राष्ट्रिय सभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिना तीनजनाको संवैधानिक परिषद्ले संवैधानिक निकायका सबै खाली पदमा सिफारिस गरेको छ ।

**फर्निचर चाहिएमा हामीलाई सम्झनुहोस्**

- काठमाडौं उपत्यकाका कुनै पनि ठाउँमा काठका फर्निचर चाहिएमा हामीलाई सम्झिनुहोस् । हामी ग्यारेन्टीका साथ तपाईलाई सेवा दिन तयार छौं ।
- कार्यालय होस् वा घर जहाँ पनि फर्निचर चाहिएमा हामीलाई सम्झिनु भएमा हुन्छ ।
- सोफा सेट, टेबल, कुर्सी, पलङ आदि जुनसुकै खालका काठका फर्निचरहरु हामीसँग छन् । उचित मूल्यमा हामी सेवाका लागि हाजिर छौं ।

**त्रिपुरा ट्रेड लिंक**

अनामनगर, काठमाडौं, सम्पर्क : गणेशजी (९८५११३७१८७)

Chief-Editor/Publisher : **Koushal K. Bhattarai,** Editor : **Krishna Lamsal,** Executive Editor : **Piamani Bhattarai,** Legal Advisor : **Advocate Hari Sharan Jamakatel**
Main Office : **Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu,** Phone :- 977-1-4267064, Email : **nayabimarsha@gmail.com,** Press :- Dhimle Offset Press, Kathmandu .